# खाँडादेवी गाउँपालिकाको
# पाँच वर्षे गाउँ शिक्षा योजना
# (२०८१-२०८५)




## खाँडादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## माकादुम, रामेछाप

**पुस्तकः** खाँडादेवी गाउँपालिकाको ५ वर्षे गाउँ शिक्षा योजना
**प्रकाशकः** खाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप
**प्रमुख संरक्षकः**
अध्यक्षः श्री ज्ञान कुमार श्रेष्ठ
**संरक्षकः**
उपाध्यक्षः श्री रमा घिसिङ
**सल्लाहकारः**
श्री प्रेम बहादुर खड्का
श्री प्रेम बहादुर तामाङ
श्री मखमली श्रेष्ठ
श्री तेजबहादुर बोहोरा
श्री इन्द्र बहादुर तामाङ
श्री राम बहादुर श्रेष्ठ
श्री ध्रुव तामाङ
**प्राविधिक सल्लाहकारः** श्री धनसिंह धामी
**खाँडादेवी गाउँपालिकाको ५ वर्षे गाउँ शिक्षा योजना निर्माण समिति**
१. श्री ज्ञान कुमार श्रेष्ठ - संयोजक
२. श्री रमा घिसिङ - सदस्य
३. श्री केशव कुमार प्रधान - सदस्य
४. श्री नारायणकृष्ण श्रेष्ठ - सदस्य
५. श्री रामकृष्ण श्रेष्ठ - सदस्य
६. श्री गणेश श्रेष्ठ - सदस्य
७. श्री चक्रलाल श्रेष्ठ - सदस्य
८. श्री मिन बहादुर थापा - सदस्य सचिव
**सर्वाधिकारः** प्रकाशकमा निहित
२०८० साल जेठ २३ गतेको गाउँ कार्यपालिकाबाट स्वीकृत
**मुद्रणः** १००० प्रति
**प्रथम संस्करणः** वि.सं. २०८१

खाँडादेवी गाउँपालिकाको लिखित स्वीकृतिविना यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन, कुनै विद्युतीय वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन।

# हाम्रो भनाई

शिक्षा प्रणाली सिङ्गो सामाजिक प्रणालीको एक उप-प्रणाली हो। व्यक्तिको सर्वाङ्गीण विकास गरी समाज रूपान्तरणमा शिक्षाको अहम् भूमिका हुन्छ। रोजगारमूलक, गुणस्तरीय, व्यावहारिक एवम् जीवनोपयोगी शिक्षाको माध्यमबाट सिपयुक्त, दक्ष र सिर्जनशील मानव संसाधनको विकास गरी परिवार, समाज र राष्ट्रको आर्थिक समृद्धिमा योगदान पुर्‍याइएको हुन्छ। अतः शिक्षा प्रणाली स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशअनुकूल आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने राष्ट्रले अँगालेको एक शैक्षिक पद्धति हो। उल्लेखित शिक्षा प्रणालीलाई व्यवस्थित गरी गाउँपालिकाको शैक्षिक उन्ययनको लागि गाउँ शिक्षा योजनाको आवश्यकता महशुस भएको हो।

खाँडादेवी गाउँपालिका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, जातजाति, आदि दृष्टिकोणबाट विशिष्ट पहिचान र विशेषतासहितको प्रचुर सम्भावनाहरू बोकेको एक अनुपम स्थल हो। गाउँपालिकाको भूगोल, हावापानी, प्रकृतिक स्रोत र सम्पदा, सामाजिक, साँस्कृतिक, आर्थिक, ऐतिहासिक र वातावरणीय पक्षको पहिचान, संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र पूर्ण उपयोग गर्ने नीति गाउँपालिकाले अवलम्बन गरेको छ। शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग र बजारलाई आर्थिक उन्नतिसँग जोडी सुन्दर, सभ्य र समृद्ध खाँडादेवी निर्माणका लागि टेवा पुर्‍याउने उद्देश्यसहित पाँच वर्षे गाउँ शिक्षा योजना निर्माण गरिएको छ।

राष्ट्रियस्तरमा निर्माण भएको योजनाले स्थानीय आवश्यकता, चासो र सरोकार लगायत भौगोलिक, सामाजिक, सांस्कृतिक र प्राकृतिक विशिष्टतालाई पूर्ण रूपमा समेट्न सकेको हुँदैन। त्यसैले स्थानीयस्तरका परम्परागत ज्ञान, सिप, पेशा, व्यवसाय र प्रविधिलाई संरक्षण र संवर्धन गर्न, स्थानीय सम्पदा, वातावरण, पर्यटकीय स्थल र जैविक विविधताप्रति जागरूक हुन, स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्न र स्थानीय संस्कृति तथा कलाकौशलप्रति सम्मान गर्दै शिक्षा प्रणालीलाई थप व्यवस्थित बनाई सिकाइ अनुकुल वातावरण निर्माणसँगै विद्यार्थीलाई न्यूनतम शिकाइ उपलब्धी हासिल गराउने ध्येयका साथ यस पालिकाले गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

योजनाको प्रभावकारी कार्यन्वयन भयो भने मात्र अपेक्षित सक्षमता/उद्देश्यहरू हासिल हुन सक्दछ। तसर्थ यो योजनाको प्रभावकारी कार्यन्वयनमा सम्बद्ध सरोकारवाला सबै पक्षको सक्रिय सहभागिता हुनु जरुरी छ। यसका लागि शिक्षकले शिक्षण सिकाइ क्रियाकलापका क्रममा नवीनतम शैलीहरूको अवलम्बन गरी विद्यार्थीहरूको सक्रिय सहभागिता सुनिश्चित हुने गरी सिकाइ सहजीकरण गर्नु पर्दछ। बालमैत्री सिकाइ वातावरण निर्माणको लागि आवश्यक वित्तिय व्यवस्थापन,विपद् उत्थानशील भौतिक संरचना निर्माण,सिकाइ अनुकुल वातावरण निर्माणसँगै मानव पूँजिको निर्माण गर्न यो योजना उपयोगी हुनेछ भन्ने कुरामा गाउँपालिका पूर्ण विश्वस्त छ।

योजना निर्माण समिति र उपसमिति गठन, विज्ञहरूसँगको परामर्श, स्थानीय सरोकारवालाहरूसँग सुझाव सङ्कलन एवम् समिति, उपसमिति, प्रधानाध्यापक, शिक्षक, बुद्धिजीवी, समाजसेवी र संघ/संस्थाका प्रतिनिधिहरूसँग अन्तरक्रिया गोष्ठी लगायत गाउँ शिक्षा योजना निर्माणका निर्धारित चरणहरू पूरा गरी यो पाँच वर्षे योजना निर्माण गरिएको हो। यस प्रक्रियामा सक्रिय सहभागी भई योगदान पुऱ्याउनु हुने योजना निर्माण समिति तथा उपसमितिका सदस्यहरू, जनप्रतिनिधिहरू, शिक्षाप्रेमी, समाजसेवी, राजनीतिक, आर्थिक र सामाजिक जीवनका प्रबुद्ध व्यक्तित्वहरूप्रति गाउँपालिका हार्दिक आभारसहित विशेष धन्यवाद ज्ञापन गर्दछ। यो योजनालाई पुनरावलोकन गरी प्राविधिक तथा व्यावहारिक दृष्टिकोणबाट अमूल्य सल्लाह सुझाव प्रदान गरी यस स्वरूपमा ल्याउन महत्त्वपूर्ण योगदान दिनु हुने धनसिंह धामी प्रति विशेष धन्यवाद प्रकट गर्दछौँ।

अन्त्यमा, यो गाउँ शिक्षा योजनालाई खाँडादेवी गाउँपालिकामा प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षक समुदाय लगायत सम्बद्ध सरोकारवाला पक्ष सबैको अहम् भूमिका रहने हुँदा गाउँ शिक्षा योजनाको निरन्तर सुधारका लागि सबैसँग रचनात्मक राय, सल्लाह र सुझावको अपेक्षा राख्दछौँ।

५ वर्षे गाउँ शिक्षा योजना निर्माण समिति
खाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप

# विषय सूची

**परिच्छेद १ हाम्रो भनाई** **१**
परिचय १
१.१ पृष्ठभूमि १
१.२ गाउँपालिकाको परिचय १
१.३ मुद्दा, समस्था, चुनौती र अवसर ८
**परिच्छेद २ लक्ष्य निर्धारण** **१०**
२.१ दूरदृष्टि (Vision) १०
२.२ ध्येय (Mission) १०
२.३ लक्ष्य (Goal) १०
२.४ उद्देश्य (Objective) १०
२.५ रणनीति : १०
२.६ कार्यनीति ११
२.७ अपेक्षित मुख्य उपलब्धि १५
२.८ मुख्य कार्यसम्पादन सूचाङ्क र लक्ष्य निर्धारण १५
**परिच्छेद ३** **१८**
**३.१ प्रारम्भिक बालविकास र शिक्षा** **१८**
३.१.१ परिचय १८
३.१.२ वर्तमान अवस्था १८
३.१.३ मुद्दा, समस्था, चुनौती र अवसर १८
३.१.४ उद्देश्य, रणनीति र कार्यनीति १९
३.१.५ उपलब्धि र नतिजा २०
३.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य २१
३.१.७ बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट २२
**३.२ आधारभूत शिक्षा** **२२**
३.२.१ परिचय २२
३.२.२ वर्तमान अवस्था २३
३.२.३ मुद्दा, समस्या, चुनौती र अवसर २३
३.२.४ उद्देश्य, रणनीति र कार्यनीति २४
३.२.५ उपलब्धि र नतिजा २६
३.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य २७
३.२.७. आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट २८
**३.३ माध्यमिक शिक्षा** **२९**
३.३.१ परिचय २९
३.३.२ वर्तमान अवस्था ३०
३.३.३ मुद्दा, समस्या, चुनौती र अवसर ३०
३.३.४ उद्देश्य, रणनीति र कार्यनीति ३२
३.३.५ उपलब्धि र नतिजा ३३
३.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य ३४
३.३.७. माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट ३५
**३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** **३६**
३.४.१ परिचय ३६
३.४.२ वर्तमान अवस्था ३७
३.४.३ मुद्दा, समस्या, चुनौती र अवसर ३७
३.४.४ उद्देश्य, रणनीति र कार्यनीति ३८
३.४.५ उपलब्धि र नतिजा ४०
३.४.६ प्रमुख क्रियाकलाप र लक्ष्य ४०
३.४.७ अनौपचारिक तथा आजीवन शिक्षाका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट ४०
**३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम** **४१**
३.५.१ परिचय ४१
३.५.२ वर्तमान अवस्था ४२

३.५.३ मुद्दा, समस्या, चुनौती र अवसर ४२
३.५.४ उद्देश्य, रणनीति र कार्यनीति ४३
३.५.५ उपलब्धि र नतिजा ४४
३.५.६ प्रमुख क्रियाकलाप र लक्ष्य ४५
३.५.७ प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट ४५
**३.६ उच्च शिक्षा ४६**
३.६.१ परिचय ४६
३.६.२ वर्तमान अवस्था ४६
३.६.३ मुद्दा, समस्या, चुनौती र अवसर ४६
३.६.४ उद्देश्य, रणनीति र कार्यनीति ४७
३.६.५ उपलब्धि र नतिजा ४८
३.६.६ प्रमुख क्रियाकलापहरू र लक्ष्य ४९
३.६.७ उच्च शिक्षाका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट ४९
**परिच्छेद ४ ५०**
**४.१ पाठ्यक्रम र मूल्याङ्कन ५०**
४.१.१ परिचय ५०
४.१.२ वर्तमान अवस्था ५०
४.१.३ मुद्दा, समस्या,चुनौती र अवसर ५०
४.१.४ उद्देश्य, रणनीति र कार्यनीति ५१
४.१.५ उपलब्धि र नतिजा ५२
४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य ५३
४.१.७ पाठ्यक्रम र मूल्याङ्कनसँग सम्बन्धित क्रियाकलाप कार्यान्वयनको लागि अनुमानित बजेट ५३
**४.२ शिक्षक व्यवस्थापन र विकास ५३**
४.२.१ परिचय ५३
४.२.२ वर्तमान अवस्था ५४
४.२.३ मुद्दा, समस्या, चुनौती र अवसर ५४
४.२.४ उद्देश्य, रणनीति र कार्यनीति ५५
४.२.५ उपलब्धि र नतिजा ५५
४.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य ५६
४.२.७ शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट ५६
**४.३ शैक्षिक समता र समावेशीकरण ५७**
४.३.१ परिचय ५७
४.३.२ वर्तमान अवस्था ५७
४.३.३ मुद्दा, समस्या, चुनौती र अवसर ५७
४.३.४ उद्देश्य, रणनीति र कार्यनीति ५८
४.३.५ उपलब्धि र नतिजा ५९
४.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य ६०
४.३.७ शैक्षिक समता र समावेशीकरण शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट ६०
**४.४ दिवाखाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम ६१**
४.४.१ परिचय ६१
४.४.२ वर्तमान अवस्था ६१
४.४.३ मुद्दा, समस्या, चुनौती र अवसर ६२
४.४.४ उद्देश्य, रणनीति र कार्यनीति ६२
४.४.५ उपलब्धि र नतिजा ६४
४.४.६ प्रमुख क्रियाकलाप र लक्ष्यः ६४
४.४.७ दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट ६५
**४.५ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा ६५**
४.५.१ परिचयः ६५
४.५.२ वर्तमान अवस्था ६५
४.५.३ मुद्दा, समस्या,चुनौती र अवसर ६६
४.५.४ उद्देश्य, रणनीति र कार्यनीति ६६
४.५.५ उपलब्धि र नतिजा ६७

४.५.६ प्रमुख क्रियाकलाप र लक्ष्य ६७
४.५.७ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट ६८
**४.६ विद्यालय भौतिक पूर्वाधार विकास ६८**
४.६.१ परिचय ६८
४.६.२ वर्तमान अवस्थाः ६९
४.६.३ मुद्दा, समस्या, चुनौती र अवसर ६९
४.६.४ उद्देश्य,रणनीति र कार्यनीति ७०
४.६.५ उपलब्धि र नतिजा ७०
४.६.६ प्रमुख क्रियाकलाप र लक्ष्य ७१
४.६.७ विद्यालयको भौतिक पूर्वाधारको विकासका क्रियाकलाप कार्यान्वयनको लागि अनुमानित बजेट ७१
**४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ७२**
४.७.१ परिचय ७२
४.७.२ वर्तमान अवस्था ७२
४.७.३ मुद्दा, समस्या,चुनौती र अवसर ७२
४.७.४ उद्देश्य,रणनीति र कार्यनीति ७३
४.७.५ उपलब्धि र नतिजा ७४
४.६.६ प्रमुख क्रियाकलाप र लक्ष्य ७४
४.६.७ शिक्षामा सूचना प्रविधिका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट ७४
**परिच्छेद ५**
**५.१ सुशासन तथा व्यवस्थापन ७५**
५.१.१ परिचय ७५
५.१.२ वर्तमान अवस्था ७५
५.१.३ मुद्दा, समस्या, चुनौती र अवसर ७५
५.१.४ उद्देश्य, रणनीति र कार्यनीति ७६
५.१.५ उपलब्धि र नतिजा ७६
५.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य ७७
५.१.७ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासका क्रियाकलाप सञ्चालनको लागि अनुमानित बजेट ७७
**५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ७७**
५.२.१ परिचय ७७
५.२.२ वर्तमान अवस्था ७८
५.२.३ मुद्दा, समस्या, चुनौती र अवसर ७८
५.२.४ उद्देश्य, रणनीति र कार्यनीति ७९
५.२.५ उपलब्धि र नतिजा ७९
५.२.६ मुख्य क्रियाकलाप र लक्ष्य ८०
५.२.७ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध गर्न आवश्यक अनुमानित बजेट ८०
**५.३ अनुगमन तथा मूल्याङ्कन ८१**
५.३.१ परिचय ८१
५.३.२ वर्तमान अवस्था ८१
५.३.३ मुद्दा, समस्या, चुनौति र अवसर ८१
५.३.४ उद्देश्य, रणनीति र कार्यनीति ८२
५.३.५ प्रमुख उपलब्धि तथा नतिजा ८२
५.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य ८३
५.३.७ अनुगमन तथा मूल्याङ्कनको क्रियाकलाप सञ्चालनको लागि आवश्यक बजेट ८३
**५.४ समन्वय र सहजीकरण ८४**
**खण्डः ६ लगानी र स्रोत व्यवस्थापन ८५**
६.१ परिचय ८५
६.२ वर्तमान अवस्था ८५
६.३ मुद्दा, समस्या, चुनौति र अवसर ८५
६. ४ उद्देश्य, रणनीति र कार्यनीति ८६
६.४ प्रमुख उपलब्धि ८७
६.५ स्रोतको अनुमान र विश्लेषण ८७
६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान ८७

# परिच्छेद १

## परिचय

## १.१ पृष्ठभूमि

विना योजना गन्तव्य हासिल गर्न सकिँदैन। गन्तव्यमा पुग्नका लागि योजना अपरिहार्य हुन्छ। योजनाले हिजोको स्थिति, वर्तमानको यथार्थ र भविष्यको सपनालाई बोध गराएको हुन्छ। जसको अध्ययनबाट हिजोका दिनको ज्ञान, सीप र अनुभवलाई आत्मसाथ गर्दै वर्तमानमा भविष्यको आशाका लागि काम गर्न सघाउँछ।

केन्द्रबाट तयार गरेको शिक्षा योजनाले स्थानीय शैक्षिक रुपान्तरणमा सक्षमताहरू प्रदान गर्न सक्दैन भन्ने अभिप्राय सहित स्थानीय गाउँ शिक्षा योजनाको अवधारणा आएको हो। भौगोलिक, सामाजिक, जातीय, भाषिक, आर्थिक, सांस्कृतिक, धार्मिक र प्राकृतिक विविधतालाई सम्बोधन गर्न, परम्परागत ज्ञान, सिप, प्रविधिलाई उजागर गर्न, स्थानीय सम्पदा, वातावरण, पर्यटकीय स्थल र जैविक विविधताप्रति अभिमुखीकरण हुँदै स्थानीय स्तरकै पहलमा संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन  गर्न, हालको शैक्षिक स्थिति विश्लेषण गरी ५ वर्षभित्र कस्तो अवस्थामा पालिकालाई पुर्‍याउने दृष्टिकोणसहित रैथाने ज्ञान, सिप, पेसा, व्यवसाय, संस्कृति र कला कौशलप्रति जानकारी लिई यसमा रहेका मौलिकताको संरक्षण, सम्वर्द्धन गर्न, मौलिक जीवनशैली, संस्कार  र स्वास्थ्य बानीप्रति सचेतना वृद्धि गरी निश्चित योजना निर्माण गरी पालिकालाई सुन्दर, सभ्य र समृद्ध बनाउन स्थानीय गाउँ शिक्षा योजनाको आवश्यकता बोध भएको हो।

संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गरेको छ। यी संवैधानिक हक तथा प्राथमिकताहरू सुनिश्चित गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५, शिक्षा नीति २०७६, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५), १५ वर्षे दिगो विकास लक्ष्य, शिक्षाको सोचपत्र, २०७९ र  १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (वि.सं. २०७८ देखि २०८८ सम्म) को निर्माण गरी  कार्यान्वयनमा ल्याइएको छ। बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा लगायत बालबालिकाहरूको हक र अधिकारलाई थप प्रत्याभूत गरेको छ। नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ। सङ्घीय स्वरूपको राज्य व्यवस्थामा राज्यका तीनै तहका सरकारबिचको आपसी समन्वय, सहयोग र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य हासिल गर्न सकिन्छ। मुलुकको मानव संसाधनलाई प्रतिस्पर्धी, दक्ष, स्वावलम्वी बनाई मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन गरी नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुर्‍याउन सकिन्छ। यही वृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरू बीच तादाम्यता सहित शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु अति जरूरी देखिन्छ। यस सन्दर्भमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे (वि.सं. २०७८ देखि २०८८सम्म) विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। सङ्घ तथा प्रदेश सरकारद्वारा जारी राष्ट्रिय तथा प्रादेशिक नीति, योजना तथा कार्यक्रम, अन्तर्राष्ट्रिय प्रतिबद्धता, आवधिक योजना र दीर्घकालीन सोचको परिधिभित्र रही खाँडादेवी गाउँपालिकाले पनि पालिकाको शिक्षा क्षेत्रको समग्र विकासका लागि ५ वर्षे गाउँ शिक्षा योजना निर्माण गरेको छ।

## १.२ गाउँपालिकाको परिचय

रामेछाप जिल्लाका ८ स्थानीय तहहरू मध्ये खाँडादेवी गाउँपालिका एक हो। यो गाउँपालिका  जिल्ला सदरमुकाम मन्थलीसगँ जोडिएको र पालिका मुकाम मन्थली देखि करिव १९ कि.मि. उत्तर पश्चिममा पर्दछ। साविकका राकाथुम,

मझुवा, भिरपानी, पकरवास, माकादुम, खाँडादेवी, गागल भदौरे र पिङखुरी गाउँ विकास समितिहरूलाई एकिकृत गरी नेपालको संविधान २०७२ अनुसार वि.सं. २०७३ सालका सङ्घीय संरचनाअनुसार यो गाउँपालिका निर्माण भएको हो। यस पालिकालाई उल्लेखित ८ ओटा गा.वि.स.हरूमध्ये पकरवास गा.वि.स.लाई दुईओटा वडा र बाँकि हरेक गा.वि.स.लाई एउटा वडा कायम हुने गरी कुल ९ वटा वडामा विभाजन गरिएको छ।

### १.२.१ गाउँपालिकाको भौगोलिक अवस्थिति र सिमाना

खाँडादेवी गाउँपालिका समुद्री सतहदेखि करिब ४०० मीटरदेखि २४०० मिटर सम्मको उचाइमा अवस्थित रहेको छ। जिल्लाको कुल १,५४६ वर्ग कि.मी. क्षेत्रफलमध्ये यस गाउँपालिकाले करिब १५०.७ वर्ग कि.मी. (अर्थात ९.७५%) क्षेत्रफल ओगटेको छ। यस गाउँपालिकाको पूर्वमा मन्थली नगरपालिका, पश्चिममा सुनापति गाउँपालिका, उत्तरमा दोरम्बा गाउँपालिका तथा दक्षिणमा सुनकोशी नदीपारि सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका पर्दछन्। **१.२.२ सामाजिक र साँस्कृतिक**

यस गाउँपालिकामा मुख्यतया तामाङ जातिको बाहुल्यता रहेको छ भने दोश्रो ठूलो सङ्ख्या नेवार जातिको रहेको छ। पालिकामा बसोवास गर्ने विभिन्न जातजातिहरूको आ-आफ्नै मौलिक परम्परा, भाषा, भेषभूषा, धर्म, संस्कृति, चाडपर्व, रीतिरिवाज, चालचलन रहेको पाइन्छ। यहाँका मानिसहरू मुख्य रुपमा दशैं, तिहार,ल्होसार आदि मनाउने गर्दछन्। यस पालिकाभित्र विद्यमान धार्मिक, सामाजिक र सांस्कृतिक विविधता भए तापनि एक आपासमा घुलमिल भएर बस्ने गरेका छन्।

### १.२.३ जनसङ्ख्या सम्बन्धी विवरण

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस गाउँपालिकाको जम्मा जनसङ्ख्या १९,३१२ छ। उक्त जनसङ्ख्यामा महिलाको सङ्ख्या १०,३२७ र पुरुषको ८,९८५ सङ्ख्या छ। कूल जनसङ्ख्यामा महिलाको प्रतिशत ५३.४ र पुरुषको प्रतिशत ४६.६ छ। गाउँपालिकाको जम्मा घरधुरी सङ्ख्या ५,५०१ र औसत परिवार सङ्ख्या ३.५१ रहेको छ। औसत जनघनत्वलाई हेर्दा प्रति वर्ग कि.मी. १२८ जना रहेको छ।

**वडागत जनसङ्ख्या**

| वडा नं. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | १२२५ | १३७७ | २६०२ |
| २ | ६६६ | ८१० | १४७६ |
| ३ | १०८९ | १२९६ | २३८५ |
| ४ | १५०३ | १६२५ | ३१२८ |
| ५ | ९१२ | १०३७ | १९४९ |
| ६ | ७४३ | ८५८ | १६०१ |
| ७ | १४०५ | १५९८ | ३००३ |
| ८ | ७९५ | ९२७ | १७२२ |
| ९ | ६५५ | ७९९ | १४५४ |
| कुल | ८९८५ | १०३२७ | १९३१२ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

### १.२.४ आर्थिक अवस्था

खाँडादेवी गाउँपालिकाभित्रको आर्थिक गतिविधिहरू जीविकोपार्जनमुखी छन्। यहाँ कृषि, पशुपालन, व्यापार, नोकरी, वैदेशिक रोजगारी तथा ज्याला मजदुरीमार्फत आर्थिक गतिविधिहरू सञ्चालित छन्। प्राविधिक तथा व्यावसायिक शिक्षामा स्थानीयको पहुँच पुग्न नसक्दा शिक्षाले रोजगारीका अवसरहरू सिर्जना हुन सकेको छैन।

तथापि कृषि, जडिबुटी खेतीपाती, पशुपालन, फलफूल खेती, पर्यटन क्षेत्रलाई व्यावसायीकरण गरी अन्य आय आर्जनमा जोड्न सकिने प्रचूर सम्भावना देखिन्छ । यसका लागि स्थानीय ज्ञान, सिप, अभ्यास र प्रविधिलाई आधुनिक उन्नत प्रविधिसँग आबद्ध गराई विद्यालय तहबाटै व्यावहारिक र जीवनोपयोगी शिक्षाको विकास र विस्तार गरी योग्य, दक्ष, सक्षम, र स्वावलम्बी नागरिक तयार गर्नका लागि शैक्षिक संस्थाहरूलाई आर्थिक उपार्जनको केन्द्रको रुपमा समेत विकास गर्न जरुरी देखिन्छ ।

यस गाउँपालिकाका आहुसङ्ख्यक मानिसहरू कृषि पेशामा संलग्न रहेको तथ्याङ्कले देखाएको छ। कृषि अन्तर्गत अन्नबाली, तरकारी बाली, नगदेबाली, पशुपालन आदि पर्दछन्। यहाँ उत्पादन हुने प्रमुख बालीमा धान, मकै, कोदो, गहुँ, फापर आदि अन्नवाली हुन्। यस गाउँपालिकाको कुल आम्दानीमा कृषिको योगदान सबैभन्दा बढी देखिन्छ।

## १.२.८ शैक्षिक अवस्था

### क) सञ्चालित शैक्षिक संस्थाहरू

यस गाउँपालिकाकमा जम्मा ४८ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन्। जसमध्ये ४७ ओटा सामुदायिक र १ ओटा संस्थागत विद्यालय रहेका छन्। विद्यालय र समुदायमा आधारित गरी जम्मा ६५ ओटा बालविकास केन्द्रहरू सञ्चालनमा छन्। उच्च शिक्षा अन्तर्गत एउटा मात्र प्रयागेश्वर बहुमुखी क्याम्पस रहेको छ जहाँ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तर्गतको TECS कार्यक्रम अन्तर्गत डिप्लोमा इन इन्जिनियरिङ र प्रि-डिप्लोमा इन इन्जिनियरिङ अध्यापन हुँदै आएको छ। अनौपचारिक तथा निरन्तर शिक्षातर्फ ६ ओटा सामुदायिक सिकाइ केन्द्र रहेका छन्। गाउँपालिकाको अनुमति तथा गाँउपालिकाको आन्तरिक स्रोतबाट बालिविज्ञान विषयको प्राविधिकधार सञ्चालित एकओटा विद्यालय (श्री विष्णु जनज्योती माध्यमिक विद्यालय) रहेको छ। शैक्षिक संस्थाको विवरण निम्नअनुसार रहेको छ।

शैक्षिक संस्थाको विवरण

| | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| बाल विकास केन्द्र | ६५ | | ६५ |
| आधारभूत तह १-३ सञ्चालित | १० | ० | १० |
| आधारभूत तह १-५ सञ्चालित | १७ | ० | १७ |
| आधारभूत तह १-८ सञ्चालित | ८ | १ | ९ |
| माध्यमिक तह १-१० सञ्चालित | १ | | १ |
| माध्यमिक तह १-१२ सञ्चालित | ११ | ० | ११ |
| क्याम्पस | १ | ० | १ |
| सामुदायिक सिकाइ केन्द्र | ६ | ० | ६ |

वडागत विद्यालय विवरण

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | १ | १ | ३ | १ | ० | १ | |
| २ | २ | १ | ० | १ | १ | ० | १ | |
| ३ | ५ | १ | ० | ३ | २ | ० | १ | |
| ४ | ५ | १ | १ | ३ | १ | ० | १ | |
| ५ | १ | १ | ० | १ | ० | ० | १ | १ |
| ६ | २ | २ | १ | ० | १ | ० | २ | १ |

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ८ | ३ | ५ | ३ | ० | ० | ३ | |
| ८ | ५ | १ | १ | २ | २ | ० | १ | |
| ९ | ३ | १ | १ | १ | १ | १ | | |
| जम्मा | ३६ | १२ | १० | १७ | ९ | १ | ११ | २ |

जातजाति र तह अनुसार विद्यालय गइरहेका बालबालिकाहरूको सङ्ख्या २०८०

| | ECD | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा ११-१२ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| दलित | ६१ | ६४ | १२५ | ५० | ४६ | ९६ | २४ | २३ | ४७ | ५ | १० | १५ | १८ | २३ | ४१ | १७८ | १८१ | ३६८ |
| जनजाति | ४२५ | ३९८ | ८२३ | ३०२ | २८३ | ५८५ | २१९ | १५२ | ३७१ | ७६ | ५६ | १३२ | १७० | १२३ | २९३ | १३१८ | ११५८ | २४७६ |
| बाह्मण/क्षेत्री | १६८ | १७१ | ३३९ | १२१ | १२२ | २४३ | ७७ | ६४ | १४१ | ४३ | २२ | ६५ | ८१ | ५६ | १३७ | ५०६ | ५०२ | १००८ |
| अन्य | १८ | ३७ | ५५ | ३ | ३ | ६ | ३ | २ | ५ | १ | १ | २ | २ | १ | ३ | ३४ | ४५ | ७९ |
| जम्मा | ६७२ | ६७० | १३४२ | ४७६ | ४५४ | ९३० | ३२३ | २४१ | ५६४ | १२५ | ८९ | २१४ | | | | | | |

स्रोतः IEMIS २०८०

तहगत शिक्षक दरबन्दी विवरण

| दरबन्दी | | | | | राहत अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| क्र सं | तह | अस्थायी | स्थायी | जम्मा | | |
| १ | वालविकास तथा शिक्षा | ० | ० | ० | ६५ | ६५ |
| २ | प्राथमिक तह (कक्षा १-५) | ३७ | १०६ | १४३ | ४७ | १९० |
| ३ | निम्न माध्यमिक (कक्षा ६-८) | १३ | ३ | १६ | ३० | ४६ |
| ४ | माध्यमिक (कक्षा ९-१०) | १ | १२ | १३ | १८ | ३१ |
| ५ | साविक उमा तह (कक्षा ११-१२) | २ | ० | २ | ६ | ८ |
| ६ | सङ्घीय अनुदान | | | | २ | २ |
| ७ | प्रदेश अनुदान | | | | १ | १ |
| ८ | गा.पा. अनुदान | | | | ६ | ६ |
| ९ | विद्यालय कर्मचारी | | | | १२ | १२ |
| १० | कार्यालय सहयोगी | | | | ५० | ५० |
| | कुल जम्मा | | | १७४ | २३७ | ४११ |

### ख) साक्षरताको अवस्था

२०७८ सालमा गरिएको जनगणनाअनुसार खाँडादेवी गाउँपालिकाको कुल जनसङ्ख्यामध्ये ५ वर्षभन्दा माथिको साक्षरता दर ६२.२ प्रतिशत रहेको छ। पुरुष र महिलाबिचको साक्षरतादरमा भने धेरै अन्तर देखिन्छ। पुरुष साक्षरता ७२.२ प्रतिशत रहेको छ भने महिला साक्षरता दर ५३.५ प्रतिशत मात्र रहेको छ।

### ग) खाँडादेवी गाउँपालिकाको शैक्षिक सूचकगत उपलब्धि

रामेछाप जिल्लाका ८ स्थानीय तहहरू मध्ये सबैभन्दा दोस्रो सानो स्थानीय तह खाँडादेवी गाउँपालिका हो। गाउँपालिकाको भौतिक पूर्वाधार जस्तै शैक्षिक अवस्था समेत अन्य पालिकाको तुलनामा सन्तोषजनक नै देखिन्छ। भौतिक पूर्वाधारका साथै शैक्षिक गतिविधिहरूमा समेत दिनानु दिन परिवर्तनका सङ्केतहरू भने देखिन थालेका

छन। माथि उल्लेखित तथ्याङ्क र तल उल्लेखित सूचाङ्कको आधारमा खाँडादेवी गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण गरिएको छ।

प्रमुख शैक्षिक सूचकहरू

| क्र.सं. | सूचक | आधार वर्ष २०८० |
|---|---|---|
| १ | **बालबिकास** | |
| १.१ | बालबिकासको कुल भर्नादर | ११६.६७ |
| १.२ | बालबिकासको खुद भर्नादर | ९३.४ |
| १.३ | प्रारम्भिक बालबिकासको अनुभव सहित कक्षा १ भर्नाहुने बालबालिका प्रतिशत | ९५.६ |
| २ | **आधारभूत तह** | |
| २.१ | कक्षा १ को नयाँ भर्ना दर | १.६ |
| २.२ | कक्षा १ को कुल भर्नादर | १०२.३ |
| २.३ | कक्षा १को कक्षा दोहोऱ्याउने दर | ११.४ |
| २.४ | कक्षा १ को कक्षा छाड्ने दर | १.६ |
| २.५ | कक्ष १ को खुद भर्नादर (Net Intake Rate/NIR) | ९६.४ |
| २.६ | कक्षा १-५मा खुद भर्ना दर | ९६.१ |
| २.७ | कक्षा १-५ मा कूल भर्ना दर | १०६.४ |
| २.८ | कक्षा १-५ को कक्षा दोहोऱ्याउने दर | १०.६ |
| २.९ | कक्षा १-५ को कक्षा छाड्ने दर | ३.३ |
| २.१० | कक्षा १-५ को नयाँ भर्ना दर | २.९ |
| २.११ | कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.०३ |
| २.१२ | कक्षा ६-८ मा खुद भर्ना दर | ९५.२ |
| २.१३ | कक्षा ६-८ मा कूल भर्ना दर | १०३.४ |
| २.१४ | कक्षा ६-८को कक्षा दोहोर्याउने दर | ५.४ |
| २.१५ | कक्षा ६ - ८ कक्षा छाड्ने दर | २.२ |
| २.१६ | कक्षा ६-८ को नयाँ भर्ना दर | २.७ |
| २.१७ | कक्षा ६-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.९८ |
| २.१८ | कक्षा १-८ मा खुद भर्ना दर | ९५.२ |
| २.१९ | कक्षा १-८ मा कूल भर्ना दर | १०५.२ |
| २.२० | कक्षा ८ सम्मको टिकाउ दर | ८७.७ |
| २.२२ | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता सूचाङ्क | ०.९९ |
| २.२३ | आधारभूत तहमा महिला शिक्षकको प्रतिशत | ४५.५ |
| ३ | **माध्यमिक तह** | |
| ३.१ | कक्षा ९-१० मा कूल भर्ना दर | ८६.३ |
| ३.२ | कक्षा ९-१० मा खुद भर्ना दर | ७३.५ |
| ३.३ | कक्षा ९- १०को कक्षा छाड्ने दर | २.१ |
| ३.४ | कक्षा ९-१०को कक्षा दोहोऱ्याउने दर | ४.९ |

| क्र.सं. | सूचक | आधार वर्ष २०८० |
|---|---|---|
| ३.५ | कक्षा ९-१० को नयाँ भर्ना दर | २.२ |
| ३.६ | कक्षा ९-१० मा खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.१ |
| ३.७ | कक्षा ११-१२ मा कूल भर्ना दर | ५४.७ |
| ३.८ | कक्षा ११-१२ मा खुद भर्ना दर | २९.५ |
| ३.९ | कक्षा ११-१२ को कक्षा छाड्ने दर | १.७ |
| ३.१० | कक्षा ११-१२ को कक्षा दोहोऱ्याउने दर | २.६ |
| ३.११ | कक्षा ११-१२ को नयाँ भर्ना दर | ६.५ |
| ३.१२ | कक्षा ११-१२ मा खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.०१ |
| ३.१३ | कक्षा ९-१२ को कुल भर्नादर | ६९.५ |
| ३.१४ | कक्षा ९-१२ मा खुद भर्ना दर | ५० |
| 3.१५ | कक्षा ११-१२ को कक्षा छाड्ने दर | १.७ |
| ३.१७ | कक्षा ९-१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | १२.५ |
| ४ | **प्राविधिक शिक्षा** | |
| ४.१ | प्राविधिक तथा व्यावसायिक शिक्षा विद्यार्थी भर्ना प्रतिशत | १.०७ |
| ५ | **अनुपात** | |
| ५.१ | कक्षा १-५ मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ७.०४ |
| ५.२ | कक्षा ६-८ मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | १७.१५ |
| ५.३ | कक्षा १-८ मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | ९.२० |
| ५.४ | कक्षा ९-१० मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | १९.५४ |
| ५.५ | कक्षा ९-१२ मा विद्यार्थीः शिक्षक अनुपात | २८.६९ |
| ६. | **शिक्षामा लगानी** | |
| ६.१ | कुल बजेटमध्ये शिक्षा क्षेत्रका लागि विनियोजित बजेटको प्रतिशत | ३८.४८ |
| ६.२ | सङ्घीय तहबाट वविनियोजित बजेट | ३०.५१ |
| ६.३ | प्रदेशबाट विनियोजित बजेट | २.८९ |
| ६.४ | स्थानीय तहबाट विनियोजित बजेट | ५.०८ |

**कुल भर्नादर र खुद भर्नादर विचको तुलना आधार वर्ष २०८०**

| क्र.स. | कुल भर्नादर | खुद भर्नादर |
|---|---|---|
| नेपाल | ९९.९ | ७०.६ |
| बागमती | १०९.९ | ७८ |
| रामेछाप | ७९.३ | ८६.४ |
| खाँडादेवी गाउँपालिका | ८४.४ | ६६.४ |
| (कक्षा १) | | |
| नेपाल | ११५.९ | ९५.७ |
| बागमती | १२२.८ | ९५.१ |
| रामेछाप | १०३.३ | ९५.९ |

| क्र.स. | कुल भर्नादर | खुद भर्नादर |
|---|---|---|
| खाँडादेवी गाउँपालिका | १०२.३ | ९६.४ |
| कक्षा (१-५) | | |
| नेपाल | १२४.८ | ९५.६ |
| बागमती | १०३.६ | ९६.१ |
| रामेछाप | १०५.१ | ९६.४ |
| खाँडादेवी गाउँपालिका | १०६.४ | ९६.१ |
| कक्षा (६-८) | | |
| नेपाल | ११६.१ | ९४.४ |
| बागमती | १२४.६ | ९५.६ |
| रामेछाप | १०९ | ९५.२ |
| खाँडादेवी गाउँपालिका | १०३.४ | ९५.२ |
| कक्षा (१-८) | | |
| नेपाल | १२१.६ | ९५.२ |
| बागमती | १२८.३ | ९५.५ |
| रामेछाप | १०६.६ | ९५.९ |
| खाँडादेवी गाउँपालिका | १०५.२ | ९५.७ |
| कक्षा (९-१०) | | |
| नेपाल | ८७.८ | ७६.५ |
| बागमती | १०८.८ | ७६.६ |
| रामेछाप | ९८.१ | ७३.५ |
| खाँडादेवी गाउँपालिका | ८६.३ | ७३.५ |
| कक्षा (११-१२) | | |
| नेपाल | ६७.७ | ३७.१ |
| बागमती | ९२.२ | ४६.९ |
| रामेछाप | ५४.९ | ३२.६ |
| खाँडादेवी गाउँपालिका कक्षा | ५४.७ | २९.५ |
| नेपाल कक्षा (९-१२) | ८३.२ | ५६.८ |
| बागमती | १००.२ | ६१.२ |
| रामेछाप | ७१.६ | ५२.६ |
| खाँडादेवी गाउँपालिका | ६९.५ | ५० |

प्रारम्भिक बालविकास तथा शिक्षातर्फ बालबालिकाको खुद भर्नादर ९३.३ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ९५.६ रहेको छ। देशको कुल भर्नादरमा ९९.९ रहदा पालिकाको ८४.४ रहेको छ भने नेपालको खुद भर्नादर ७०.६ रहँदा पालिकाको ६६.४ रहेको छ। त्यसैगरी कक्षा १ को देशको कुल भर्नादर ११५.९ हुँदा पालिकाको १०२.३ रहेको छ। पालिकाको कक्षा १-५ मा खुद भर्ना दर ९६.१ रहँदा नेपालको ९५.६ रहेको छ। कक्षा ५ सम्म टिकाउ दर ९७.१ प्रतिशत रहेको छ भने कक्षा ५ पूरा गर्ने विद्यार्थीहरूको प्रतिशत ९१ रहेको छ। कक्षा १-५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क राष्ट्रियस्तरमा १.०६ रहेको छ। कक्षा ६-८ को खुद भर्ना दर ९५.२ रहेको छ। कक्षा ८ सम्म टिकाउ दर यस गाउँपालिकामा ९१प्रतिशत रहेको छ। कक्षा १-८ को खुद भर्ना मा लैंगिक समता सूचक ०.९० रहेको छ। त्यसैगरी माध्यमिक तहको शिक्षाको विश्लेषण गर्दा कक्षा ९-१०

मा अध्ययन गर्ने बालबालिकाहरूको कुल भर्नादर ८६.३ रहेको छ भने खुद भर्ना दर ७३.५ प्रतिशत रहेको छ। कक्षा ११-१२ मा खुद भर्नादर २९.५ रहेको छ भने कुल भर्ना दर ५४.७ रहेको छ। माध्यमिक तह ९-१२ को कुल भर्नादर ६९.५ र खुद भर्नादर ५० रहेको छ।

## १.३ मुद्दा, समस्था, चुनौती र अवसर

### मुद्दा :

१. मातृभाषा, शिक्षणको माध्यम भाषा,
२. आवासीय विद्यालय सञ्चालन,
३. विद्यालय समायोजन,
४. एकल पथीय पाठ्यक्रम कि बहुलपथीय।

**समस्या :**

खाँडादेवी गाउँपालिकाको माथि विश्लेषण गरिएको शैक्षिक अवस्था र गाउँपालिकाले अनुभूति गरेका र भोगेका समस्याहरू निम्न अनुसार रहेका छन्:-

१. विद्यार्थी सिकाइ उपलब्धि न्यून हुनु,
२. अति सिमान्तकृत/सिमान्तकृत समुदायका बालबालिका एवम् अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ उपलब्धिको स्तर न्यून रहनु,
३. प्रविधिमैत्री शिक्षण सिकाइ वातावरणको निर्माणमा कमी हुनु,
४. शिक्षक दरबन्दी मिलान हुन नसक्नु,
५. अपेक्षित शैक्षिक गुणस्तर सुधार गर्न नसक्नु,
६. शिक्षकको पेशागत क्षमताको विकासका अवसरहरूको कमी,
७. शिक्षाप्रति सरोकारवालहरूको चासो र सहभागितामा कमी,
८. विद्यार्थीको सिकाइप्रति अभिभावक सचेत नहुनु,
९. विद्यालय विद्यार्थीको सिकाइप्रति सचेत नहुनु,
१०. शैक्षिक संस्थाको नक्शाङ्कनको हुन नसक्नु,
११. शैक्षिक विकासको लागि आवश्यक वित्तीय स्रोतको कमी,
१२. बालमैत्री, अपाङ्ता मैत्री, सिकाइ वातावरणको निर्माणमा कमी,
१३. आवश्यक जनशक्तिको व्यवस्थापन,
१४. विद्यार्थीहरूलाई स्वास्थ्य, पोषण र दिवाखाजाको व्यवस्थापनमा कमी,
१५. विद्यार्थीको कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने प्रवृत्ति कायमै रहनु,
१६. शैक्षिक सुशासन पद्धति कमजोर हुनु।

### चुनौती :

१. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउन,
२. विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुन:वितरण गर्न ,
३. विद्यालय भौतिक पूर्वाधार विकास,
४. रोजगारीका लागि मौसमी बसाइँसराई,
५. छरिएर रहेको वस्ति,
६. अभिभावकको कमजोर आर्थिक अवस्था,

७. घट्दो विद्यार्थी भर्ना प्रवृत्ति,
८. बहुभाषिक कक्षामा हरेक विद्यार्थीको सिकाइ सुनिश्चितता हुने गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न,
९. बाह्य बसाइँसराइ,
१०. भौगोलिक विकटता,
११. शैक्षिक योजना कार्यान्वयनका लागि आर्थिक स्रोतको सुनिश्चितता,
१२. प्राविधिक धारका विद्यालयको व्यवस्थापन,
१३. शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक बालमैत्री एवम् प्रविधिमा आधारित बनाउन,
१४. सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्न,
१५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क एवम् माध्यमिक तहको शिक्षालाई निःशुल्क र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न,
१६. प्रकोप, सङ्कट तथा महामारी लगायतका विपद्प्रति उत्थानशील विद्यालय भौतिक पूर्वाधारको विकास तथा शिक्षा क्षेत्रमा आबद्ध मानव संसाधनको क्षमता विकास गर्न,
१७. गरिब तथा सुविधाविहीन बालबालिकाहरूलाई छात्रवृत्ति लगायत अन्य सहायतासहित सिकाइमा सहभागी बनाउन,
१८. विद्यालयका समग्र प्रणालीमा समतामूलक र समावेशी वातावरण निर्माण गर्न,
१९. शिक्षाको अवसरबाट बञ्चित वर्गलाई अनौपचारिक, आजीवन तथा वैकल्पिक सिकाइको अवसरहरू विस्तार गर्न।

**अवसर :**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. संरचनागत व्यवस्था,
३. सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु,
४. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरूको संलग्नता र क्रियाशीलता,
५. माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भएतापनि प्रादेशिक र सङ्घीय सरकारबाट समेत शिक्षामा लगानी अभिवृद्धि हुँदै जानु,
६. शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था रहन,
७. शैक्षिक विकासका लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन ।

## परिच्छेद २

# लक्ष्य निर्धारण

मानव संसाधनको विकास गरी समाजको आर्थिक, सामाजिक रुपान्तरण गर्नका लागि शिक्षा क्षेत्रको समुच्च विकास हुन जरूरी छ। शैक्षिक क्षेत्रलाई पूर्वाधारको पनि पूर्वाधार मानिने भएको हुँदा यसलाई व्यवस्थित गर्न यस पालिकाले ५ वर्ष अवधिका लागि स्थानीय शिक्षा योजना तर्जुमा गरेको छ। यस योजनाले ५ वर्ष अवधिमा हासिल गर्न देहाय बमोजिमका दुरदृष्टि, ध्येय, लक्ष्य र उद्देश्यहरु निर्धारण गरेको छ।

## २.१ दूरदृष्टि (Vision)

"शिक्षित, सभ्य, स्वस्थ, सक्षम र स्वावलम्बी जनशक्ति : सामाजिक न्याय, रूपान्तरण र समृद्धि"

## २.२ ध्येय (Mission)

सामाजिक, आर्थिक, भौतिक पूर्वाधार सहितको समृद्ध समाज निर्माण गर्न नेपाली मूल्य, मान्यताप्रति सचेत, सक्षम र स्वावलम्बी मानव पूँजीको विकास गर्ने।

## २.३ लक्ष्य (Goal)

गुणस्तरयुक्त शिक्षामा हरेक बालबालिकाको समतामूलक र सहज पहुँचको सुनिश्चित गर्ने।

## २.४ उद्देश्य (Objective)

यस खाँडादेवी गाउँपालकिाको ५ वर्षे शिक्षा योजनाका निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्।

१. शिक्षाका सबै तहमा हरेक बालबालिका विशेष गरी, अतिसीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक र सहज पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

२. प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत तह, माध्यमिक तह, अनौपचारिक तथा आजीवन सिकाइ, प्राविधिक तथा व्यावसायिक तालिम र शिक्षा एवम् उच्च शिक्षामा गुणस्तर र सान्दर्भिकता सुनिश्चित गर्नु,

३. सबै बालबालिकाहरूलाई सुरक्षित तथा बालमैत्री सिकाइ वातावरण निर्माण गर्नु,

४. हरेक शैक्षिक संस्थामा आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूको सिकाइ निरन्तरता दिने अवसर सिर्जना गर्नु,

५. शैक्षिक सेवा प्रवाहमा सुशासन र व्यवस्थापन प्रणालीलाई सुदृढ गर्नु,

## २.५ रणनीति

उल्लेखित उद्देश्यहरू प्राप्त गर्नका लागि निम्न लिखित रणनितिहरु तय गरीएको छ।

१. विद्यालय शिक्षाको अवसरबाट बञ्चित विद्यालय उमेरका सीमान्तकृत, अतिसीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गर्ने , (उद्देश्य१)

२. सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा भर्ना गराई अध्ययनको निरन्तरताका लागि प्रोत्साहित गर्ने, (उद्देश्य १)

३. अति विपन्न, सीमान्तकृत, दलित, समुदाय लक्षित प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको अवसर विस्तार गर्ने, (उद्देश्य १)

४. अभिभावकहरूको आय आर्जनमा टेवा पुर्‍याउन तालिम प्रदायक सङ्घ/संस्था, सार्वजनिक तथा निजी रोजागार प्रदाय सङ्घ/संस्थाहरूसँग सहकार्य, साझेदारी तथा सञ्जालीकरणमा जोड दिने, (उद्देश्य १)

५. गाउँ, टोल र वस्तीहरूको अवस्थिति र जनघनत्वलाई मध्यनजर राखी विद्यालय नक्शाङ्कनका आधारमा

विद्यालय समायोजन र पुनर्वितरण गर्ने, (उद्देश्य १)

६. हरेक तहको शिक्षामा न्यूनतम गुणस्तर मापदण्ड (Minimum Quality Benchmark) को निर्माण र प्रयोगलाई अनिवार्य गर्ने, (उद्देश्य २)

७. हरेक तहको पाठ्यक्रम र पाठ्यसामग्रीको पुनरावलोकन गरी समयसापेक्ष सुधार, अद्यावधिक तथा परिमार्जन गर्ने, (उद्देश्य २)

८. हरेक तहका शिक्षकको कार्यसम्पादन आवश्यकताको पहिचान गरी शिक्षकको निरन्तर पेसागत क्षमता विकासमा जोड दिने, (उद्देश्य २)

९. निरन्तर एवम् निर्माणात्मक मूल्याङ्न पद्धतिको अवलम्बन मार्फत विद्यार्थी सिकाइ उपलब्धिको वस्तुनिष्ठ तथा विश्वसनीय मापन तथा मूल्याङ्कन प्रणालीको विकासलाई प्राथमिकतामा राख्ने , (उद्देश्य २)

१०. प्रारम्भिक कक्षाहरू (आधारभूत तह कक्षा १-५ सम्म) मा बहुकक्षा बहुस्तरको अवधारणा अनुरूप कक्षा सञ्चालन गर्ने, (उद्देश्य २)

११. प्रारम्भिक कक्षाहरू (आधारभूत तह कक्षा १-३ सम्म) प्रारम्भिक कक्षा सिकाइ पद्धतिको अवलम्बन गर्ने , (उद्देश्य २)

१२. सूचना तथा सञ्चार प्रविधिलाई हरेक तहको कक्षा शिक्षणको अभिन्न अङ्गको रूपमा उपयोग गर्ने , (उद्देश्य २)

१३. हरेक तह र कक्षामा अध्ययनरत विद्यार्थीहरूको सिकाइ कठिनाइस्तरको पहिचान गरी सुधारात्मक शिक्षण गर्ने, (उद्देश्य २)

१४. विद्यार्थीहरूले हासिल गरेका सैद्धान्तिक ज्ञान, सिप र अभिवृत्तिलाई दैनिक व्यावहारिक जीवनमा प्रयोग गरी सिकाइलाई दिगो र जीवन्त बनाउन प्रोत्सहित गर्ने, (उद्देश्य २)

१५. बालमैत्री सिकाइ वातावरणको निर्माण गर्ने, (उद्देश्य ३)

१६. विपद्उत्थानशील शैक्षिक व्यवस्थापन गर्ने, (उद्देश्य ४)

१७. विद्यालयको व्यवस्थापन प्रणालीलाई चुस्त र व्यवस्थित बनाउने, (उद्देश्य ५)

१८. शैक्षिक गतिविधिहरुलाई नियमित रुपमा सरोकारवालाहरुलाई जानकारी गराई शैक्षिक सेवाप्रवाहलाई पारदर्शि बनाउने। (उद्देश्य ६)

## २.६ कार्यनीति

१. घरधूरी सर्वेक्षणका आधारमा विद्यालय जाने उमेरका बालबालिकाहरूको तथ्याङ्क अद्यावधिक गरिने छ। (रणनीति १)

२. विद्यालय बाहिर रहेका बालबालिका (विद्यालय भर्ना नभएका तथा बिचमा विद्यालय छाडेका) हरुको तथ्याङ्क सङ्कलन, विश्लेषण र अद्यावधिक गरिने छ। (रणनीति १)

३. खुला विद्यालय तथा वैकल्पिक सिकाइको माध्यमबाट सिकाइ परिपूरण गरिने छ। (रणनीति १)

४. वैकल्पिक शिक्षा प्रणाली सहजीकरण गर्न सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सबलीकरण गरिने छ। (रणनीति १)

५. विद्यालय छड्ने विद्यार्थीको कारण पहिचान गरी उपचारात्मक कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १)

६. विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालयमा भर्ना र नियमित उपस्थतिका लागि घर दैलो अभियान सञ्चालन गरिने छ। (रणनीति २)

७. गरीब, जेहेन्दार, अपाङ्गता भएका बालबालिका, दलित तथा अतिसीमान्तकृत समुदायका बालबालिकाहरूलाई छात्रवृत्तिको प्रबन्ध गरिने छ। (रणनीति २)

८. सडक बालबालिका, बालश्रमिकको लागि आवश्यक व्यवस्था गरिने छ। (रणनीति २)

९. विद्यालय पोषण तथा दिवा खाजाको प्रबन्धलाई माध्यमिक तहसम्म क्रमशः विस्तार गरिने छ। (रणनीति २)

१०. पालिकामा आवश्यकता अनुसार आवासीय विद्यालय सञ्चालन गरिने छ। (रणनीति २)
११. विद्यालय भर्ना भएका हरेक विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक शैक्षिक सत्र सुरु भएको २ हप्ताभित्र उपलब्ध गराइने छ। (रणनीति २)
१२. आधारभूत तहका विद्यार्थीहरूका लागि दिवा आवासीय सुविधा उपलब्ध गराइने छ। (रणनीति २)
१३. विद्यालय समायोजनसँग आबद्ध गरी एक वडामा बढिमा एकओटा माध्यमिक तहको विद्यालय सञ्चालन गर्ने र दूरीको आधारमा यातायात सेवाको व्यवस्थाद्वारा माध्यमिक तहमा दिवा आवासीय विद्यालय सञ्चालन गरिने छ। (रणनीति २)
१४. अग्रज अभिभावकहरूको परिचालनद्वारा अन्य अभिभावकहरूलाई मेन्टरिङ तथा अभिभावक शिक्षा प्रदान गरी सचेतना अभिवृद्धिमा जोड दिइने छ। (रणनीति २)
१५. अपाङ्गता भएका बालबालिको शिक्षामा सहज पहुँचका लागि गाउँपालिका क्षेत्रभित्र कम्तीमा एक ओटा स्रोत कक्षा सञ्चालन र व्यवस्थापनको लागि आवश्यक प्रबन्ध गरिने छ। (रणनीति २)
१६. शिक्षाको मुलप्रवाहीकरण बाहिर रहेका बालबालिकालाई विद्यालय शिक्षाको मुलधारमा समाहित गर्ने वातावरण तयार गरिने छ। (रणनीति २)
१७. बजार मागमा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको अवसरका लागि बजारमागको अध्ययन गरिने छ। (रणनीति ३)
१८. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमका लागि आवश्यक आन्तरिक तथा बाह्य स्रोतको पहिचान र परिचालन गरिने छ। (रणनीति ३)
१९. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सञ्चालनको लागि आवश्यक दक्ष जनशक्ति व्यवस्थापन र विकास गरिने छ। (रणनीति ३)
२०. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको प्रभावकारिता, दक्षता बढाउन र कार्यक्रम सञ्चालनमा दोहोरोपन हटाउन सम्बन्धित निकाय, सङ्घ/संस्थाहरूसँग समन्वयन र सहकार्य गरिने छ। (रणनीति ३)
२१. पालिकाभित्र वा बाहिरका बजारको मागमा आधारित छोटो अवधिको तालिम तथा रोजगार प्रदायक सङ्घ संस्थाहरूको पहिचान गरी तथ्याङ्कीय आधार निर्माण गरिने छ। (रणनीति ४)
२२. सम्भावित सङ्घ/संस्थाहरूको पहिचानपश्चान ती सङ्घ/संस्थाहरूसँग नियमित सम्पर्क र सञ्चार स्थापित गरिने छ। (रणनीति ४)
२३. लक्षित वर्गका लागि सिप विकास तालिम तथा रोजगारीको अवसर सिर्जानका लागि पहिचान गरिएका सङ्घ/संस्थाहरूसँग समन्वय र सहकार्य गरिने छ। (रणनीति ४)
२४. लक्षित वर्गका लागि सिप विकास तालिम तथा रोजगारीको अवसर सिर्जनाका लागि लागत साझेदारी गरिने छ। (रणनीति ४)
२५. शिक्षामा सहजपहुँच स्थापना गर्न अभिभावकहरूको आय आर्जन तथा अनौपचारिक र आजीवन शिक्षाको उपलब्धता गरी दिगो सामुदायिक विकासको प्रवर्द्धन गरिने छ। (रणनीति ४)
२६. वैज्ञानिक र व्यावहारिक मापदण्डका आधारमा विद्यालय सेवा क्षेत्रको नक्शाङ्कन गरिने छ। (रणनीति ५)
२७. अद्यावधिक नक्साङ्कनका आधारमा गा.पा.ले आवश्यकताअनुसार विद्यालय स्थापना, पुनर्वितरण, तह थप-घट तथा समायोजन गरिने छ। (रणनीति ५)
२८. विद्यालय शिक्षाको न्यूनतम मापदण्ड निर्माण गरी कार्यान्वयन गरिने छ। (रणनीति ६)
२९. न्युनतम गुणस्तर मापदण्डका आधारमा पाठ्यसामग्रीको विकास विकास र प्रयोग गरिने छ। (रणनीति ६)
३०. गुणस्तर मापदण्डका आधारमा शिक्षणसिकाइ क्रियाकलापहरूको सञ्चालन गरिने छ। (रणनीति ६)

३१. नवनिर्मित वा परिमार्जित राष्ट्रिय एवम् स्थानीय पाठ्यक्रमको प्रबोधीकरण तथा आवधिक रूपमा शिक्षकहरूलाई पुनर्ताजगी तालिम उपलब्ध गराइने छ। (रणनीति ७)

३२. पाठ्यक्रमका आधारमा पाठ्यसामग्री तथा सन्दर्भ स्रोत सामग्रीहरूको निर्माण र प्रयोग गरिने छ। (रणनीति ७)

३३. हरेक शिक्षकको तालिम आवश्यकता पहिचान (Training Need Idendification/TNA), आवधिक रूपमा गरिनेछ र सोको आधारमा शिक्षकहरूलाई उनीहरूको पेसागत विकास, उन्नयन तथा पेसागत सहयोगका लागि वर्गीकरण तथा प्राथमिकीकरण गरिने छ। (रणनीति ८)

३४. हरेक शिक्षकका लागि आवश्यकतामा आधारित शिक्षण सिप विकास तथा पुनर्ताजगी तालिममा सहभागी हुनका लागि प्रोत्साहित गरिने छ।(रणनीति ८)

३५. विषयत र तहगत विज्ञ शिक्षकहरूको रोस्टर निर्माण गरी शिक्षकलाई कार्यस्थलमा आधारित पेसागत सहयोग प्रणाली (Teacher Professional Support) को विकास र परिचालन गरिने छ। (रणनीति ८)

३६. हरेक शिक्षकका लागि शिक्षण सिकाइ क्रियाकलापमा आधारित कार्यमूलक अनुसन्धानलाई उसको पेसागत विकासको अभिन्न अङ्गको रूपमा विकास गरिने छ। (रणनीति ८)

३७. गाँउपालिका र प्रधानाध्यपकबिच, प्रधानाध्यापन र शिक्षकबिच विद्यार्थीको सिकाइ उपलब्धी अभिवृद्धिका लागि कार्यसम्पादन सम्झौता अनिवार्य गरिने छ। (रणनीति ८)

३८. शिक्षकले अध्यापन गर्ने विषयमा विद्यार्थीले हासिल गर्ने औषत सिकाइ उपलब्धिलाई निजको कार्यसम्पादन मूल्याङ्कन पद्धतिसँग आवद्ध गरिने छ। (रणनीति ८)

३९. शिक्षक कार्यसम्पादनको स्तरका आधारमा शिक्षकहरूलाई प्रोत्साहित गरिने पद्धतिको अवलम्बन गरिने छ। (रणनीति ८)

४०. हरेक विद्यालयमा तहगत इन्चार्जको व्यवस्थापन गरिने छ। (रणनीति ८)

४१. निरन्तर मूल्याङ्कनको अभिन्न अङ्गको रुपमा हरेक विद्यालयमा विद्यार्थी कार्यसञ्चयिकाको व्यवस्थापन र अद्यावधिक गरिने छ। (रणनीति ९)

४२. निरन्तर मूल्याङ्कनमार्फत विद्यार्थीको सिकाइस्तरमा सुधार ल्याउनको लागि नियमित पृष्ठपोषण प्रदान गरिने छ। (रणनीति ९)

४३. कक्षा ५ सम्म सञ्चालित आधारभूत विद्यालयमा बहुकक्षा बहुस्तर कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १०)

४४. सिकाइकार्ड र माईलस्टोनका आधारमा विद्यार्थीको सिकाइ सुधारमा टेवा पुर्‍याइने छ। (रणनीति १०)

४५. बहुकक्षा बहुस्तर शिक्षण विधिका असल अभ्यासहरु अन्य विद्यालयहरुमा कार्यान्वयन गर्न असल अभ्यास आदानप्रदान कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १०)

४६. प्ररम्भिक कक्षा सिकाइ पद्धति सबै विद्यालयमा कार्यन्वयन गरिने छ। (रणनीति ११)

४७. उमेर र स्तर अनुसार क्षमता कमजोर रहेका बालबालिकाको लागि उपचारात्मक शिक्षणको व्यवस्था गरिने छ। (रणनीति ११)

४८. शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा प्रविधिको उपयोगको लागि आवश्यक पूर्वाधार (उर्जा व्यवस्थापन, उपकरण, इन्टरनेट, फर्निचर आदि) को विकास क्रमशः गरिने छ। (रणनीति १२)

४९. शिक्षकहरुलाई सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सिप विकास गराइने छ। (रणनीति १२)

५०. स्तरीकृत प्रश्नहरुको माध्यमबाट विद्यार्थीहरुको सिकाइ कठिनाइस्तर पहिचान गरिने छ। (रणनीति १३)

५१. विद्यार्थीको सिकाइ कठिनाइ सम्बोधन गर्न सुधारात्मक शिक्षण गरिने छ। (रणनीति १३)

५२. विद्यार्थीले हासिल गरेका सैद्धान्तिक ज्ञान, सिप र अभिवृत्तिलाई दैनिक व्यावहारिक जीवनमा प्रयोग गर्नका लागि प्रोत्साहित गरिने छ। (रणनीति १४)

५३. विद्यार्थीहरुमा श्रमप्रति सम्मान गर्ने भावनाको विकासका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १४)

५४. परियोजना कार्यलाई अनिवार्य गरी विद्यार्थीहरुमा प्रयोगात्मक विधिबाट पेशा,व्यवसाय र प्रविधिको जानकारी र उपयोगको वातावरण निर्माण गरिने छ। (रणनीति १४)

५५. माध्यमिक तहमा एक विद्यालय एक उद्यम कार्यक्रमलाई विस्तार गरिने छ। (रणनीति १४)

५६. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरिने छ। (रणनीति १५)

५७. विद्यालय भौतिक पूर्वाधार विकासलाई विपद् उत्थानशील बनाइने छ। (रणनीति १५)

५८. समतामूलक र समावेशी पद्धतिमा आधारित कक्षाकोठा व्यवस्थापन गरिने छ। (रणनीति १५)

५९.पानीको प्रबन्धसहित छात्रा, छात्र अपाङ्गता भएका विद्यार्थीहरूका लागि छुट्टाछुट्टै शौचालयको प्रबन्ध गरिने छ। (रणनीति १५)

६०. भय एवम्, दण्ड र हिंसारहित विद्यालय वातावरण निर्माण गरिने छ। (रणनीति १५)

६१. सबै प्रकारका विभेद अन्त्यका लागि सचेतनामूलक कार्यक्रमको सञ्चालन गरिने छ। (रणनीति १५)

६२. प्रदेश र संघीय सरकारसँग शैक्षिक गुणस्तर सुधारमा समन्वय सहकार्य गरी लागत साझेदारीका कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १५)

६३. सङ्घ/संस्था र निजि क्षेत्रहरुसँगको सझेदारीलाई प्रोत्साहित गरिने छ। (रणनीति १५)

६४. शिक्षकको कक्षाकोठामा विताउने समयको अभिलेखीकरण गरी आवश्यक कार्ययोजना निर्माण गरिने छ। (रणनीति १५)

६५. सामाजिक परिक्षण, लेखापरीक्षण, नागरिक वडापत्र आदि सामिजिक उत्तरदायित्वका औजारहरुको प्रयोग गरी विद्यालयहरुका आर्थिक गतिविधिहरुमा पारदर्शीता कायम गरिने छ। (रणनीति १५)

६६. विपद् जोखिमको मूल्याङ्कन गरी सोको न्यूनीकरणका लागि योजना र नक्साङ्कन तयार गरी कार्यान्वयन गरिने छ। (रणनीति १६)

६७. आपतकालिन तथा संकट सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।(रणनीति १६)

६८. आपतकालिन कोष ,प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्थापन गरिने छ। (रणनीति १६)

६९. हरेक विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १६)

७०. योग, ध्यान, प्रणायमक, चिकित्सक र मनोपरामर्श सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १६)

७१. Real Plan बमोजिम आपतकालिन अवस्थामा बालबालिकाको सिकाइलाई निरन्तरता दिन बैकल्पिक विधिको प्रयोग गरिने छ। (रणनीति १६)

७२. हरित विद्यालयको अवधारणा अनुरुप हरेक विद्यालयमा एक विद्यालय एक उद्यान निर्माण र संरक्षणमा जोड दिइने छ। (रणनीति १६)

७३. अनुगमन, निरिक्षण र सुपरिवेक्षणलाई सुचककमा आधारित नतिजामूलक र सहभागितामूलक बनाईने छ। (रणनीति १७)

७४. शैक्षिक सुशासन प्रवर्धन कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १७)

७५. शैक्षिक व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरिने छ। (रणनीति १७)

७६. शिक्षा युवा तथा खेलकुद शाखा र प्र.अ. बिच ,प्र.अ. र शिक्षक बिच कार्यसम्पादन सम्झौता गरी नतीजाप्रति जिम्मेवार बनाइने छ। (रणनीति १७)

७७. आवधिक समीक्षामार्फत नतिजा विश्लेषण गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त पारिने छ। (रणनीति १८)

७८. जेन्डर फोकल पर्सन र गुनासो सुन्ने अधिकारिको व्यवस्था गरिने छ। (रणनीति १८)

७९. सूचना अधिकारीको व्यवस्था गरी सरोकारपक्षहरुलाई सत्य तथ्य जानकारी लिने दिने व्यवस्था गरिने छ। (रणनीति १८)

८०. जे.सि.नीति अनुसार लैङ्गिक उत्तरदायी बजेट निर्माण गरिने छ। (रणनीति १८)

## २.७ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य वि.स. २०८५ सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१. ४ वर्ष उमेरका बालबालिकाहरूमध्ये प्रारम्भिक बालविकास र शिक्षामा भर्ना हुने दर ९६ प्रतिशत पुगेको हुने छ।

२. बालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने विद्यार्थी ९७ प्रतिशत पुगेको हुने छ।

३. आधारभूत तहको ५ देखि १२ बर्ष उमेर समूहका बालबालिकहरूको खुद भर्नादर ९७ प्रतिशत पुगेको हुने छ।

४. माध्यमिक तहमा १३ देखि १६ वर्ष उमेर समूहका बालबालिकाहरूको खुद भर्नादर ६० प्रतिशत पुगेको हुने छ।

५. उच्च शिक्षा सञ्चालित हालको क्याम्पसको व्यवस्थापनलाई व्यवस्थित बनाइ सबैको पहुँच विस्तार भएको हुने छ।

६. माध्यमिक तहको प्राविधिक धारको शिक्षामा विशेष गरी अतिसिमान्तकृत, दलित, विपन्न समुदायका विद्यार्थीहरूका लागि पहुँच विस्तार भएको हुने छ।

७. सबै तहको शिक्षाको गुणस्तर मापदण्ड निर्माण भएको हुने छ।

८. सबै तहको शिक्षाका लागि न्यूनतम मापदण्ड सहितको बालमैत्री र प्रविधिमैत्री सिकाइ वातावरण निर्माण भएको हुने छ।

९. हरेक तहको शिक्षामा विद्यार्थीहरूको न्यूनतम सिकाइ उपलब्धि हासिल भएको हुने छ।

१०. शिक्षाको अवसरबाट बञ्चित रहेका बालबालिकाहरूका लागि सामुदायिक सिकाइकेन्द्रमार्फत अनौपचारिक तथा आजीवन सिकाइको अवसर विस्तार भएको हुने छ।

११. राष्ट्रिय योग्यता प्रारुप अनुसार अतिरिक, अनौपचारिक तथा औपचारिक शिक्षाबिच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्ड विकास भई कार्यान्वयन भएको हुने छ।

१२. स्थानीय पाठ्यक्रम र स्रोतसामग्रीहरूको समयसापेक्ष पुनरावलोकन एवम् परिमार्जन भएको हुने छ।

१३. विद्यालयमा विपद् उत्थानशील भौतिक संरचना निर्माण भएको हुने छ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

यस योजनाका मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरिएको छ।

| क्र. सं. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | **बालबिकास** | | | | | | |
| १.१ | प्रारम्भिक बालबिकासको अनुभव सहित कक्षा १ भर्नाहुने बालबालिका प्रतिशत | ९५.६ | ९५.७ | ९५.८ | ९५.९ | ९६ | ९७ |
| १.१ | बालबिकासको भर्नादर | ९३.४ | ९४ | ९४.५ | ९५ | ९५.५ | ९६ |
| २ | **आधारभूत तह** | | | | | | |
| २.१ | कक्ष १ को खुद भर्नादर | ९६.४ | ९६.५ | ९६.७ | ९६.८ | ९६.८ | ९७ |
| २.२ | कक्षा १ को कुल भर्नादर | १०२.३ | १०२ | १०१.५ | १०१ | १००.५ | १०० |

| क्र. सं. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| २.३ | कक्षा १ को कक्षा दोहोऱ्याउने दर | ११.४ | ११ | १०.५ | १० | ९.५ | ९ |
| २.४ | कक्षा १ को कक्षा छाड्ने दर | १.६ | १.५ | १.४ | १.३ | १.२ | १ |
| २.५ | कक्षा १को नयाँ भर्ना दर | १.६ | १.५ | १.४ | १.३ | १.२ | १ |
| २.६ | कक्षा १-५मा खुद भर्ना दर | ९६.१ | ९६ | ९६.२५ | ९६.५० | ९६.७५ | ९७ |
| २.७ | कक्षा १-५ मा कूल भर्ना दर | १०६.४ | १०६ | १०५.५ | १०५ | १०४.५ | १०४ |
| २.८ | कक्षा १-५को कक्षा दोहोऱ्याउने दर | १०.६ | १० | ९.५ | ९ | ८.५ | ८ |
| २.९ | कक्षा १-५ को कक्षा छाड्ने दर | ३.३ | ३ | २.५ | २ | १.५ | १ |
| २.१० | कक्षा १-५को नयाँ भर्ना दर | २.९ | ३ | ३.२५ | ३.५ | ३.७५ | ४ |
| २.११ | कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.०३ | १.०२ | १.०१ | १ | ०.९९ | ०.९८ |
| २.१२ | कक्षा ६-८ मा खुद भर्ना दर | ९५.२ | ९५ | ९५.२५ | ९५.५० | ९५.७५ | ९६ |
| २.१३ | कक्षा ६-८ मा कूल भर्ना दर | १०३.४ | १०३ | १०२.७५ | १०२.५० | १०२.२५ | १०२ |
| २.१४ | कक्षा ६-८को कक्षा दोहोऱ्याउने दर | ५.४ | ५.२ | ५ | ४.७५ | ४.५ | ४ |
| २.१५ | कक्षा ६-८ कक्षा छाड्ने दर | २.२ | २ | १.७५ | १.५ | १.२५ | १ |
| २.१६ | कक्षा ६-८ को नयाँ भर्ना दर | २.७ | २.५ | २.७५ | ३ | ३.५ | ४ |
| २.१७ | कक्षा ६-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.९८ | ०.९७ | ०.९६ | ०.९५ | ०.९४ | ०.९३ |
| २.१८ | कक्षा १-८ मा खुद भर्ना दर | ९५.२ | ९५.५ | ९५.७५ | ९६ | ९६.५ | ९७ |
| २.१९ | कक्षा १-८ मा कूल भर्ना दर | १०५.२ | १०५ | १०४.५ | १०४ | १०३.५ | १०३ |
| २.२० | कक्षा ८ सम्मको टिकाउ दर | ८७.७ | ८८ | ८९ | ९० | ९१ | ९२ |
| २.२२ | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता सूचाङ्क | ०.९९ | ०.९८ | ०.९७ | ०.९६ | ०.९५ | ०.९४ |
| २.२३ | आधारभूत तहमा महिला शिक्षकको प्रतिशत | ४५.५ | ४६ | ४७ | ४८ | ४९ | ५० |
| ३ | **माध्यमिक तह** | | | | | | |
| ३.१ | कक्षा ९-१० मा कूल भर्ना दर | ८६.३ | ८७ | ८८ | ८९ | ९० | ९२ |
| ३.२ | कक्षा ९-१० मा खुद भर्ना दर | ७३.५ | ७५ | ७७ | ७८ | ७९ | ८० |
| ३.३ | कक्षा ९- १० को कक्षा छाड्ने दर | २.१ | २ | १.७५ | १.५० | १.२५ | १ |
| ३.४ | कक्षा ९-१० को कक्षा दोहोऱ्याउने दर | ४.९ | ४.५ | ४ | ३.५ | ३ | २ |
| ३.५ | कक्षा ९-१० को नयाँ भर्ना दर | २.२ | ३ | ३.५ | ४ | ४.२५ | ४.५ |
| ३.६ | कक्षा ९-१० मा खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.१ | १ | ०.९९ | ०.९८ | ०.९६ | ०.९५ |
| ३.७ | कक्षा ११-१२ मा कूल भर्ना दर | ५४.७ | ५६ | ५७ | ५८ | ५९ | ६० |
| ३.८ | कक्षा ११-१२ मा खुद भर्ना दर | २९.५ | ३१ | ३३ | ३६ | ३८ | ४० |
| ३.९ | कक्षा ११-१२ को कक्षा छाड्ने दर | १.७ | १.६ | १.५ | १.४ | १.३ | १ |
| ३.१० | कक्षा ११-१२को कक्षा दोहोऱ्याउने दर | २.६ | २ | १.५ | १.२५ | १.२ | १ |

| क्र. सं. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| ३.११ | कक्षा ११-१२ को नयाँ भर्ना दर | ६.५ | ६.६ | ६.७ | ६.८ | ६.९ | ७ |
| ३.१२ | कक्षा ११-१२ मा खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १ | ०.९९ | ०.९८ | ०.९७ | ०.९६ | ०.९५ |
| ३.१३ | कक्षा ९-१२ को कुल भर्ना दर | ६९.५ | ७० | ७१ | ७२ | ७३ | ७४ |
| ३.१४ | कक्षा ९-१२ मा खुद भर्ना दर | ५० | ५३ | ५५ | ५७ | ५९ | ६० |
| ३.१५ | कूल भर्ना दरमा लैङ्गिक समता सूचक कक्षा (११-१२) | १.१ | १ | ०.९९ | ०.९८ | ०.९७ | ०.९६ |
| ३.१६ | कक्षा ९-१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | १२.५ | १३ | १४ | १५ | १६ | १७ |
| **४** | **प्राविधिक शिक्षा** | | | | | | |
| ४.१ | प्राविधिक तथा व्यावसायिक शिक्षा विद्यार्थी भर्ना प्रतिशत | १.०७ | २ | ३ | ३.५ | ४ | ५ |
| **५** | **अनुपात** | | | | | | |
| ५.१ | कक्षा १-५ मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ७.०४ | ८ | ९ | १० | ११ | १२ |
| ५.२ | कक्षा६-८ मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १७.१५ | १८ | १९ | २० | २१ | २२ |
| ५.३ | कक्षा१-८ मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ९.२० | १० | १०.५ | ११ | १२ | १२.६ |
| ५.४ | कक्षा ९-१० मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | १९.५४ | २० | २१ | २२ | २३ | २४ |
| ५.५ | कक्षा ९-१२ मा विद्यार्थीःशिक्षक अनुपात | २८.६९ | २८.९ | २९ | ३० | ३१ | ३२ |
| **६.** | **शिक्षामा लगानी** | | | | | | |
| ६.१ | संघबाट विनियोजित बजेट प्रतिशत | ३०.५१ | ३३.५६ | ३६.९१ | ४०.६१ | ४४.६७ | ४९.१४ |
| ६.२ | प्रदेशबाट विनियोजित बजेट प्रतिशत | २.८९ | ३.१८ | ३.५ | ३.८ | ४.२३ | ४.६५ |
| ६.३ | स्थानीय तहबाट विनियोजित बजेट प्रतिशत | ५.०८ | ५.५९ | ६.१४ | ६.७६ | ७.४३ | ८.१८ |

# परिच्छेद ३

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास तथा शिक्षा बालबालिकाहरूलाई आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो। यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक जस्ता सर्वाङ्गीण विकासमा सहयोग गर्दछ। नेपालको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एकवर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख गरिएकोछ। नेपालको पन्ध्रौँ योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिइएको सन्दर्भमा खाँडादेवी गाउँपालिकाको पाँचवर्षे गाउँ शिक्षा योजनामा पनि सो कार्यक्रमलाई उच्च प्राथमिकताका साथ समावेश गरिएको छ। यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुऱ्याउनका लागि सरकारी तथा गैर सरकारी संस्था, स्थानीय सरकार, समुदाय, विद्यालयहरू तथा आम सरोकारवालाहरूको हातेमालो वा सहयोग हुन आवश्यक छ।

### ३.१.२ वर्तमान अवस्था

खाँडादेवी गाउँपालिका अन्तर्गत कुल ६५ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। यी मध्ये २ बालविकास केन्द्र (३.०८ प्रतिशत) समुदायमा आधारित रहेर सञ्चालित छन् भने ६३ बालविकास केन्द्रहरू (९६.९२ प्रतिशत) विद्यालयमा सञ्चालित छन्। गाउँपालिकाभित्र २६३ छात्रा र २७५ छात्र गरी कुल ५७४ जना बालवालिकाहरू रहेका छन्। यस पालिकामा रहेका चार वर्ष उमेर समूहका कुल बालबालिकाहरूमध्ये ९३.४ प्रतिशत बालबालिकाहरू प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुने गरेका छन् भने कक्षा १ मा बालविकास केन्द्रको अनुभवसहित भर्ना हुने प्रवृति (९५.६ प्रतिशत) पनि बढ्दो क्रममा रहेको तथ्य २०८० सालको IEMIS बाट उजागर भएको छ। बालविकास विद्यालयमा सञ्चालित बालविकास केन्द्रको अवस्था सन्तोषजनक देखिन्छ। तर समुदायमा आधारित बालविकास केन्द्रहरूको व्यवस्थापन कमजोर रहेको पाइन्छ। बालविकास केन्द्रका बालशिक्षकहरूको सेवा, सुविधा समेत स्पष्ट गर्नु पर्ने अवस्था रहेको छ।

### ३.१.३ मुद्दा, समस्था, चुनौती र अवसर

**मुद्दाः**

१. विद्यालयमा आधारित कि समुदायमा आधारित,
२. सञ्चारको माध्यम भाषा नेपाली वा मातृभाषा,
३. प्रारम्भिक बालविकास कक्षाको अनुभव सहित कि विना अनुभव कक्षा १ मा भर्ना,
४. प्रारम्भिक बालविकास केन्द्रको अवधि एक वर्ष नै कायम राख्ने कि २ वर्ष वा ३ वर्ष बनाउने। निजी विद्यालयहरूद्वारा हाल सञ्चालन गरिरहेको प्रारम्भिक बालविकास कक्षाहरू तीन वर्षको हुने गरेका छन्। यस अतिरिक्त कतिपय सामुदायिक विद्यालयहरूले मसेत ३ वर्षको प्रारम्भिक बालविकास केन्द्रको रूपमा कक्षाहरू सञ्चालन गर्ने प्रयास गरिरहेका छन्।

**समस्याः**

१. बालविकास केन्द्रको नक्शाङ्कन हुन नसक्नु,
२. प्रारम्भिक उमेरका बालबालिकाहरूको उमेर र स्तर अनुकुल प्रविधि मैत्री र बालमैत्री सिकाइ वातावरणको

निर्माणमा नहुनु,

३. सिकाइ मापदण्डहरूको पूर्ण कार्यान्वयन हुन नसक्नु,
४. बालबालिकाहरूको चौतर्फी विकासमा टेवा पुर्‍याउन सिकाइकुना अनुसारको सिकाइ सामग्रीको अपर्याप्तता,
५. प्रारम्भिक बाल शिक्षकको पेसागत क्षमताको विकासका अवसरहरूको कमी,
६. प्रारम्भिक बालविकास तथा शिक्षाको व्यस्थापनप्रति सरोकारवालहरूको चासो र न्यून सहभागिता,
७. प्रारम्भिक बालबालिकाहरूको विकास र सिकाइप्रति अभिभावकहरूको सचेतनाको कमी हुनु,
८. आवश्यक वित्तीय स्रोत व्यवस्था नहुनु,
९. विद्यार्थीहरूलाई स्वास्थ्य, पोषण र दिवाखाजाको व्यवस्थापनमा कठिनाइ हुनु।

**चुनौतीः**

१. विद्यार्थी सङ्ख्याको अनुपातमा बालशिक्षकको दरबन्दी मिलान गर्न,
२. प्रारम्भिक बालकक्षाको भौतिक पूर्वाधार विकास,
३. रोजगारीका लागि मौसमी बसाइँसराई,
४. भौगोलिक विकटता एवम् छरिएर रहेको वस्ति हुँदा साना बालबालिकाहरूका लागि घर र विद्यालयसम्मको दूरी टाढा हुने,
५. अभिभावकको कमजोर आर्थिक अवस्था,
६. चारवर्ष उमेरका सबै बालबालिकालाई विद्यालयमा ल्याउने,
७. घट्दो विद्यार्थी भर्ना प्रवृत्ति,
८. प्रारम्भिक बालबालिककाको विकास र सिकाइ व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउन।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरूको संलग्नता र क्रियाशीलता,
३. शैक्षिक विकास र न्यूनतम पारिश्रमिकको लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन।

### ३.१.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्यः**

१. चार वर्ष उमेरका सबै बालबालिकाहरूलाई बालविकास तथा शिक्षामा पहुँचको विस्तार गर्नु,
२. प्रारम्भिक बालविकास तथा शिक्षाका गुणस्तर सुनिश्चित गर्नु,
३. प्रारम्भिक बालविकास कक्षा/केन्द्रमा सुरक्षित, भयरहित, बालमैत्री, प्रविधिमैत्री सिकाइ वातावरणको निर्माण गर्नु।

**रणनीतिः**

१. चारवर्ष उमेरका सबै बालबालिका विशेष गरी अवसरबाट बञ्चित अति सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गर्ने , (उद्देश्य १)
२. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षामा भर्ना तथा निरन्तरताका लागि प्रोत्साहित गर्ने , (उद्देश्य १)
३. बालबालिकाको उचित संरक्षण, स्याहार, पोषण तथा विकासका लागि अभिभावक शिक्षालाई अभियानको रुपामा सञ्चालन गर्ने, (उद्देश्य १,२)
४. प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा क्रियाशील सङ्घ/संस्थाहरूसँग सहकार्य, साझेदारी तथा

सञ्चालीकरणमा जोड दिने ,(उद्देश्य १)

५. गाउँ, टोल र वस्तीहरूको अवस्थिति र जनघनत्वलाई मध्यनजर राखी नक्शाङ्कनका आधारमा कक्षा/केन्द्र समायोजन र पुन:वितरण गर्ने , (उद्देश्य १)

६. प्रारम्भिक बालसिकाइ मापदण्डको निर्माण र कार्यान्वयन गर्ने, (उद्देश्य २)

७. बाल सिकाइ क्षेत्रअनुसारको आवश्यक सामग्री सहित सिकाइ कुनाको व्यवस्थापन गर्ने , (उद्देश्य २)

८. हरेक बालविकास कक्षा/केन्द्रमा बालउद्यानको निर्माण र व्यवस्थापन गर्ने ,(उद्देश्य २)

९. बाल विकास शिक्षकको निरन्तर पेसागत क्षमता विकासमा जोड दिने , (उद्देश्य २)

१०. सूचना तथा सञ्चार प्रविधिलाई विकास र सिकाइको अभिन्न अङ्गको रूपमा उपयोग गर्ने, (उद्देश्य २)

११. विपद्उत्थानशील भौतिक पूर्वाधारको विकास र व्यवस्थापनमा जोड दिने, (उद्देश्य ३)

१२. बालविकास कक्षामा कार्यरत बाल विकास शिक्षक तथा कर्मचारीहरूद्वारा गरिने व्यवहार बालमैत्री बनाउने। (उद्देश्य ३)

**कार्यनीति:**

१. घरधूरी सर्वेक्षणका आधारमा चार बर्ष उमेरका बालबालिकाहरूको तथ्याङ्क आवधिक गरिने छ। (रणनीति १)

२. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गराउन भर्ना अभियानलाइ थप व्यवस्थित गरिने छ। (रणनीति २)

३. गरीब, जेहेन्दार, अपाङ्गता भएका बालबालिका, दलित तथा अति सीमान्तकृत समुदायका बालबालिको पोषण तथा खाजालाई व्यवस्थित गरिने छ। (रणनीति ३)

४. बालकक्षा व्यवस्थापन र सिकाइ सहजीकरणका लागि विभिन्न संस्थाहरूसँग लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति ४)

५. बालविकास केन्द्रको नक्साङ्कनका आधारमा वस्ति र विद्यालयबिचको दूरीलाई मध्यनजर गरी बालविकास कक्षाहरूको पुन:वितरण तथा समायोजन गरिने छ। (रणनीति ५)

६. बालविकासको न्यूनतम सिकाइ उपलब्धी सुनिश्चित गर्नको लागि सिकाइ मापदण्ड निर्माण गरी कार्यान्वयन गरिने छ। (रणनीति ६)

७. सिकाइ क्षेत्र अनुसार सिकाइ कुना र बालउद्यान निर्माणका लागि अनुदानको व्यवस्था गरिने छ। (रणनीति ६,७)

८. गाउँपालिकाद्वारा विभिन्न क्षमता विकास तालिम (मन्टेश्वरी,न्यूनतम मापदण्ड प्रबोधीकरण आदि) प्रदान गरिने छ। (उद्देश्य ८)

९. सङ्घ/संस्थाहरू, विभिन्न क्लव, निजिक्षेत्रसगँ समन्वय तथा सहकार्यद्वारा बालउद्यान,खेल सामग्री र सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापन गरिने छ। (उद्देश्य ७,९)

१०. भवन निर्माण आचारसंहिताको आधारमा बालविकास कक्षाहरूका विद्यमान भौतिक पूर्वाधारहरूको परीक्षण गरिने छ। (उद्देश्य १०)

११.सूचना प्रविधिको पहुँचका लागि निःशुल्क इन्टनेटको व्यवस्थापन गरिने छ।(उद्देश्य १०)

१२. बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित बालकक्षाकोठाको निर्माण गर्न स्रोत व्यवस्थापन गरिने छ। (उद्देश्य ११)

१३. समतामूलक र समावेशी पद्धतिमा आधारित बालविकास केन्द्रहरूको सञ्चालन र व्यवस्थापन गरिने छ। (उद्देश्य ११)

## ३.१.५ उपलब्धि र नतिजा

**उपलब्धि:**

१. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूले न्यूनतम मापदण्ड पुरा गरेका हुने छन्।

२. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ।

## नतिजा

| क्र.स. | सूचक | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास केन्द्र | ५० | ५० | ५० | ५० | ५० |
| २ | प्रारम्भिक बालबिकासको अनुभव सहित कक्षा १ भर्नाहुने बालबालिका प्रतिशत | ९५.७ | ९५.८ | ९५.९ | ९६ | ९७ |
| ३ | बालबिकासको भर्नादर | ९४ | ९४.५ | ९५ | ९५.५ | ९६ |

## ३.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाको न्यूनतम मापदण्डको निर्माण | पटक | १ | - | - | - | - | १ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको न्यूनतम मापदण्ड प्रबोधीकरण गर्ने | जना | | ६५ | - | ६५ | | १३० | |
| ३ | प्रारम्भिक बालविकासको वडागत नक्शाङ्कन | वडा सङ्ख्या | | ९ | | | | ९ | |
| ४ | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालयको व्यवस्था | सङ्ख्या | | १४ | १६ | १७ | २ | ४९ | |
| ५ | सबै बालविकास केन्द्रहरूमा बालमैत्री तथा सुविधाजनक सिकाइ कक्ष व्यवस्था | वटा | | १० | १२ | १८ | ९ | ४९ | |
| ६ | वालउद्यान निर्माण | बाबिके | | १० | १२ | १८ | ९ | ४९ | |
| ७ | खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था | बाबिके | | १० | १२ | १८ | ९ | ४९ | |
| ८ | अभिभावक शिक्षा | सङ्ख्या | | ६५ | | ६५ | | १३० | |
| ९ | सहजकर्तालाई मन्टेश्वरी तालिम | जना | | | ६५ | | ६५ | १३० | |
| १० | व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण | जना | | ६५ | | ६५ | | १३० | |
| ११ | बालविकास केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउने | केन्द्र | ९ | ९ | ९ | ९ | ९ | ४५ | |
| १२ | अनुगमन, सपरीवेक्षण सहयोग तथा सहजीकरण | केन्द्र | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ | |
| १३ | न्यूनतम पारिश्रमिकको व्यवस्था | सङ्ख्या | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ | |
| १४ | आमा समूह गठन तथा आमा दिवा खाजा कार्यक्रम | सङ्ख्या | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ | |
| १५ | क्लष्टर बैठक | सङख्या | १ | २ | २ | २ | २ | ९ | |
| १६ | हरेक क्लष्टरमा उत्कृष्ट बालशिक्षक सम्मान कार्यक्रम | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ४५ | |
| १७ | नमूना बालविकास केन्द्र अवलोकन भ्रमण | सङ्ख्या | | १ | | १ | १ | ३ | |

### ३.१.७ बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्ने अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाको न्यूनतम मापदण्डको निर्माण | | ५० | - | - | - | ५० | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको न्यूनतम मापदण्ड प्रवोधीकरण गर्ने | | १०० | - | १०० | | २०० | |
| ३ | प्रारम्भिक बालविकासको वडागत नक्शाङ्कन | | १०० | | | | १०० | |
| ४ | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालयको व्यवस्था | | १४० | १६० | १७० | २० | ४९० | |
| ५ | सबै बालविकास केन्द्रहरूमा बालमैत्री तथा सुविधाजनक सिकाइ कक्ष व्यवस्था | | १०० | १२० | १८० | ९० | ४९० | |
| ६ | वालउद्यान | | ५० | १०० | १५० | २०० | ५०० | |
| ७ | खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था | | १०० | १२० | १८० | ९० | ४९० | |
| ८ | अभिभावक शिक्षा | | ५० | १०० | १५० | २०० | ५०० | |
| ९ | सहजकर्तालाई मन्टेश्वरी तालिम | | | ३०० | | ३०० | ६०० | |
| १० | व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण | | १०० | | १०० | | २०० | |
| ११ | बालविकास केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउने | ९० | ९० | ९० | ९० | ९० | ४५० | |
| १२ | अनुगमन, सपरीवेक्षण सहयोग तथा सहजीकरण | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| १३ | न्यूनतम पारिश्रमिकको व्यवस्था | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | |
| १४ | आमा समूह गठन तथा आमा दिवा खाजा कार्यक्रम | | ५० | | १०० | | १५० | |
| १५ | क्लष्टर बैठक | | ३० | ७० | १०० | १०० | ३०० | |
| १६ | हरेक क्लष्टरमा उत्कृष्ट बालशिक्षक सम्मान कार्यक्रम | २७ | ३६ | ४५ | ५४ | ५४ | २१६ | |
| १७ | नमूना बालविकास केन्द्र अवलोकन भ्रमण | | ५० | | १०० | १०० | २५० | |
| | जम्मा | १०१६७ | ११०९६ | १११५५ | ११५२४ | ११२९४ | ५५२३६ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

मानव जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान, सिप आर्जन गर्ने गरी घर परिवार तथा समुदायमा आफ्ना विचारहरू अभिव्यक्त गर्न र समाजमा घुलमिल तथा आफूलाई सामाजिक परिवेशमा समायोजन गरी सामाजिकीकरणमा सहज बनाउने प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा भनिन्छ। नेपालको संविधान २०७२ को धारा ३१ मा र शिक्षा ऐन, २०२८ ले समेत आधारभूत शिक्षा निःशुल्क र अनिवार्य हुनेछ भन्ने व्यवस्था मौलिक हक अन्तर्गत राखेको छ। हाल आधारभूत शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरिएको छ। शिक्षामा सबैको पहुँचका लागि राजनैतिक प्रतिबद्धताको कमी रहेको र गरिएका प्रतिबद्धताहरू पनि कार्यान्वयनमा आएको पाइँदैन।

एकातर्फ निर्दिष्ट सिकाइलाई मात्र स्तरीयता मान्ने र अर्कोतर्फ कागजी काम कार्वाहीलाई मात्र आफ्नो जिम्मेवारी र दायित्व सम्झने स्थिति देखिरहेको विद्यमान अवस्थामा व्यावहारिक परिवर्तन, श्रमको सम्मान, जीवनोपयोगी खोज, अनुसन्धान, संस्कार र संस्कृतिप्रति लगाव, नैतिक आचरण र जिम्मेवारी, विज्ञान र प्रविधिको उपयोग गर्न सक्ने गुणस्तरीय आधारभूत शिक्षा प्रदान गर्ने उद्देश्यमा केन्द्रित रही यस खण्डमा आधारभूत शिक्षाको कक्षा १ देखि ८ सम्म आगामी ५ वर्षभित्रका विभिन्न क्रियाकलापहरू यस योजनामा समावेश गरिएको छ।

### ३.२.२ वर्तमान अवस्था

गाउँपालिकामा शैक्षिक सत्र २०८० सम्ममा कक्षा १-८ सम्म सञ्चालन भएका जम्मा ३५ ओटा (जसमा कक्षा १-३ सञ्चालित १० ओटा, कक्षा १-५ सञ्चालित १७ ओटा, र कक्षा १-८ सञ्चालित ८ ओटा) र एकओटा संस्थागत विद्यालय (कक्षा १-८) समेत गरी जम्मा ३६ वटा आधारभूत विद्यालयहरू रहेका छन। कक्षा १ देखि ८ सम्म कुल विद्यार्थी सङ्ख्या २,२३८ जना अध्ययनरत छन् भने कक्षा १-५ मा १,३४६ रहेका छन्। यस गाउँपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा आधारभूत तह, कक्षा १-८ मा खुद भर्ना दर ९५.७ प्रतिशत, कुल भर्ना दर १०५.२ प्रतिशत, प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको ९५.६ प्रतिशत रहेको छ भने कक्षा ८ को टीकाउदर ८७.७ प्रतिशत रहेको छ। जर्मन नेपालसँगको लागत साझेदारी, शैक्षिक सशक्तीकरण केन्द्रको समन्वय र सङ्घीय सशर्त अनदानबाट बहुकक्षा बहुस्तर शिक्षण बिधिबाट १४ ओटा विद्यालय सञ्चालनमा रहेका छन्। त्यसैगरि १४ ओटा विद्यालयमा साहस नेपालको सहकार्यमा सिकाइ क्षति आपूरणका लागि learning camp सञ्चालन, हनुमान अनुलुससँगको लागत साझेदारीमा टुहुरा बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन, ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठीसँगको सहयोगमा विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था र डेबोडर्स सञ्चालनले विद्यालयमा नियमित रुपमा सञ्चालन हुने सिकाइ क्रियाकलापमा थप प्रोत्साहन गरी सिकाइ उपलब्धि सुधारमा सहयोग पुऱ्याएको छ।

### ३.२.३ मुद्दा, समस्या, चुनौती र अवसर

**मुद्दाः**

१. आधारभूत तहमा नेपाली बाहेक अन्य मातृभाषा हुने बालबालिकाहरूका लागि शिक्षणसिकाइको माध्यम भाषा मातृभाषा छनोट गर्ने कि नेपाली गर्ने ? बहुभाषिक कक्षामा कुनै एक भाषालाई शिक्षण सिकाइको मातृभाषा बनाउँदा हरेक बालबालिकाका लागि सिकाइमा सहज हुने अवस्था कसरी सुनिश्चित गर्ने ?
२. आवासीय विद्यालय सञ्चालनः- कुन तहका लागि आवासीय गर्ने ? आवासीय विद्यालयको सञ्चालन र व्यवस्थापन प्रणाली कस्तो बनाउने ? आवासीय विद्यालय सञ्चालनका लागि आवश्यक वित्तीय व्यववस्थाको दिगो स्रोत के हुने? अभिभावकबाट लागत साझेदारी गर्ने की नगर्ने ?
३. डे बोडर्स सञ्चालनः सञ्चालन अवधि, सञ्चालन, व्यवस्थापन, दिगो वित्तीय स्रोतको सुनिश्चितता,
४. विद्यालय समायोजनः- विद्यालय र समुदायबिचको दूरी, समुदायको स्वीकारीयता, बालबालिकाहरूको उमेरको अवस्था, विद्यालय समायोजनको मापदण्ड र कार्यबिधि जस्ता विषयमा गहन अध्ययन जरुरी हुन्छ।

**समस्याः**

१. अपेक्षित शैक्षिक गुणस्तर सुधार गर्न नसक्नु,
२. विद्यालयमा तहगत र विषयगत शिक्षक दरबन्दीको उचित व्यवस्थापन गर्न नसकिनु,
३. शिक्षकको पेसागत क्षमताको विकासका अवसरहरूको कमी,
४. विद्यालयमा शिक्षण सिकाइ अनुकुल वातावरणको निर्माणको कमी,
५. शिक्षण प्रविधिमैत्री हुन नसक्नु,

६. शैक्षिक संस्थाको नक्साङ्कनका आधारमा विद्यालयहरूको समायोजन र पुनर्वितरण हुन नसक्नु,
७. विद्यार्थीहरूको सिकाइ सहजीकरणका लागि हरेक विद्यालयमा पर्याप्त सन्दर्भ/स्रोतसामग्रीहरूसहितको पुस्तकालयको सञ्चालन र व्यवस्थापन गर्न नसकिनु,
८. विद्यार्थीको सिकाइप्रति अभिभावक सचेत नहुनु,
९. शैक्षिक विकासका लागि आवश्यक वित्तीय स्रोतको कमी,
१०. विद्यार्थीहरूलाई स्वास्थ्य,पोषण र दिवाखाजाको व्यवस्थापनमा कमी,
११ . हरेक तह र कक्षामा विद्यार्थीको कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दर कायमै रहनु।

**चुनौती:**

१. कक्षागत र विषयगत शिक्षक दरबन्दी व्यवस्थापन गर्न,
२. अपाङ्गतामैत्री, बालमैत्री, विपद/प्रकोप उत्थानशील विद्यालय भौतिक पूर्वाधार विकास गर्न,
३. रोजगारीका लागि मौसमि बसाइँसराइले गर्दा बालबालिकाहरू विद्यालयमा नियमित गराउन,
४. बाह्य बसाइँसराइ,
५. घट्दो दरमा रहेको विद्यार्थी,
६. भौगोलिक विकटता,
७. अभिभावकको कमजोर आर्थिक अवस्था,
८. विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा ल्याउने,
९. घट्दो विद्यार्थी भर्ना प्रवृत्ति,
१०. शैक्षिक योजना कार्यान्वयनमा आर्थिक अभाव,
११. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क गराउनु,
१२. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका विपद्प्रति उत्थानशील बनाउनु,
१३. विद्यालयमा समतामूलक र समावेशी वातावरण सिर्जना गर्न,
१४. अपाङ्गता भएका र अति सीमान्तकृत समुदायका बालबालिकाहरूको शिक्षामा समतामूलक पहुँच विस्तार गर्नु र निरन्तरता दिनु।

**अवसर:**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. सार्वजनिक शिक्षाप्रति जनअपेक्षा र चासो बढ्दै जानु,
३. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरूको संलग्नता र क्रियाशीलता,
४. आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भएतापनि प्रादेशिक र सङ्घीय सरकारबाट समेत शिक्षामा लगानी अभिवृद्धि हुँदै जानु,
५. शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु,
६. शैक्षिक गुणस्तर सुधारको कार्यमा स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन हुनु,

## ३.२.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्य:**

१. आधारभूत तहको शिक्षामा यस तहको उमेर समूहका सबै बालबालिकाको समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

२. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइउपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु।
३. आधारभूत विद्यालय उमेरका सबै बालबालिकालाई निर्धारित समयावधिमा आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्नु,

**रणनीति:**

१. सामुदायिक सचेनताका लागि अभियानमूलक कार्यक्रम सञ्चालनमा जोड दिने, (उद्देश्य १)
२. विद्यालय नक्शाङ्कनको विद्यालय समायोजन/पुनर्वितरण गर्ने, (उद्देश्य १)
३. मातृभाषा/स्थानीय पाठ्यक्रमको कार्यान्वयनको वातावरणको निर्माण गर्ने,(उद्देश्य १)
४. विद्यालय स्वास्थ्य र पोषण, दिवा खाजा, छात्रवृत्ति, सिकाइ सामग्री वितरण जस्ता प्रोत्सहनमूलक कार्यक्रम सञ्चालनमा विशेष जोड दिने, (उद्देश्य १)
५. अतिसीमान्तकृत, विपन्न, अपाङ्गता भएका बालबालिकाहरूको अवस्था पहिचान गरी सम्बन्धित वर्गलक्षित कार्यक्रमहरू सञ्चालन गर्ने (उद्देश्य १)
६. आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षाभित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्ने, (उद्देश्य १)
७. विद्यालयहरूमा भयरहित, प्रविधिमैत्री, सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी समता मूलक र समावेशी सिकाइ वातावरण निर्माण गर्ने, (उद्देश्य १, २, ३)
८. कक्षा (१-३) सम्मका बालबालिकाको पढाइ सिपको विकास गर्न सघन कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने, (उद्देश्य २, ३)
९. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पदन मूल्याङ्कनको अभिन्न अङ्गको रूपमा विकास गरी शिक्षकलाई विद्यार्थीको सिकाइप्रति जवाफदेही बनाउने प्रणालीको विकास गर्ने, (उद्देश्य २, ३)
१०. शिक्षकहरूलाई शिक्षण विधि र प्रविधिमा अद्यावधिक गर्न शिक्षकको निरन्तर पेसागत क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने, (उद्देश्य २, ३)
११. शिक्षकलाई पेसागत निरन्तर सहयोग पुर्‍याउनका लागि विषयगत विज्ञ एवम् अनुभवी पूर्व शिक्षक कर्मचारीहरूको सहभागितामा शिक्षक पेसागत सहयोग समूह (Roster) निर्माण र परिचालन गर्ने, (उद्देश्य २, ३)
१२. विद्यार्थीहरूलाई कम्तिमा हप्तामा एक दिन कक्षामा सिकेका सैद्धान्तिक ज्ञान, सिप तथा अभिवृत्तिलाई व्यवहारमा प्रयोग गर्ने वातावरण सिर्जना गर्ने। (उद्देश्य २, ३)

**कार्यनीति:**

१. शैक्षिक सत्रको सुरुमा अभिभावक शिक्षा, सामुदायिक सचेतना, घरदैलो कार्यक्रम, जस्ता सचेतना कार्यक्रमहरूको सञ्चालन गरिने छ। (रणनीति १)
२. भौगोलिक अवस्था, जनघनत्व, सामुदायिक आवश्यकता, विद्यालय-विद्यालयबिचको दूरीसमेतका आधारमा विद्यालयको नक्शाङ्कन गरी विद्यमान विद्यालय तह घटाउने वा बढाउने, गाभ्ने, पुन: वितरण गर्ने गरी विद्यालय समायोजन गरिने छ। (रणनीति २)
३. कारण र प्रभावको विश्लेषण गरी विद्यालय समायोजन गरिने छ। विषयत गाउँ अनुदान शिक्षकको व्यवस्था गरी सिकाइ उपलब्धि वृद्धि गरिने छ। (रणनीति २)
४. विद्यालय समायोज गर्दा विषयगत दरबन्दी नभएका विद्यालयमा प्रतिस्पार्धाका आधारमा गाउँपालिका अनुदान शिक्षकको छनोट तथा परिचालन गर्ने, (रणनीति २)
५. विद्यालय नजिक सञ्चालित स्वास्थ्य संस्थासँगको समन्वय र सहकार्यमा आवधिक रुपमा विद्यार्थीहरूको स्वास्थ्य परीक्षणको व्यवस्थमा मिलाइने छ, (रणनीति ३)
६. हाल व्यवस्थापन हुँदै आएको दिवाखाजालाई थप व्यवस्थित गर्दै कक्षा ८ सम्म दिवा खाजाको व्यवस्था गरिने

छ। (रणनीति ३)

७. विद्यालय बाहिर रहेका बालबालिका (विद्यालय भर्ना नभएका ,कक्षा छाड्ने तथा बिचमा विद्यालय छाडेका) हरूको तथ्याङ्क सङ्कलन, विश्लेषण र अद्यावधिक गरिने छ। (रणनीति ४)

८. विद्यालय छाड्ने र दोहोऱ्याउने विद्यार्थीको कारण पहिचान गरी उपचारात्मक कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति ५)

९. स्थानीय तहको लागत साझेदारीमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको विद्यालय व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति ६)

१०. औपचारिक शिक्षाबाट बञ्चित बालबालिकालाइ अनौपचारिक तथा आजिवन सिकाइमा जोड्ने अनुकुल वातावरण निर्माण गरिने छ। (रणनीति ६)

११. निर्माण भइसकेका भौतिक संरचानहरूलाई व्यस्थित बनाउने र बन्ने भौतिक संरचनाहरू विपद् उत्थानशील तथा विपद कार्ययोजना अनुरुप निर्माण गरिने छ।(रणनीति ६)

१२. EGLP लाई थप व्यवस्थित रुपमा कार्यान्वयन गरिने छ।(रणनीति ७)

१३. सिकाइ क्षति परिपूरणका कार्यक्रम सञ्चालन गरिनेछ साथै कक्षा ६-८ मा डे बिडर्सको व्यवस्था गरिने छ। (रणनीति ८,९)

१४. विद्यालयमा तहगत इन्चार्जको व्यवस्था गरी वडा वा क्लस्टर तहमा शिक्षकहरूबिच शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी असल अभ्यासहरूको आदान-प्रदान गर्ने प्रचलनको थालनी गरिने छ। (रणनीति ९)

१५. विद्यार्थीहरूको आवधिक परीक्षा तथा मूल्याङ्कनबाट हासिल भएको, नतिजा विश्लेषण गरी सुधारका कार्ययोजना निर्माण कार्यान्वयन गरिने छ। (रणनीति ९)

१६. विद्यार्थीको सिकाइ उपलब्धिको आधारमा विद्यार्थी, शिक्षक र विद्यालयलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति ९)

१७. निरन्तर मूल्याङ्कनको सहजीकरणका लागि विद्यार्थी कार्यसञ्चयिका, एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टोमाइज्ड तालिम, विद्यालयमा कार्यान्वयनको अवस्थाको पहिचान आदिमार्फत विद्यार्थीको निरन्तर मूल्याङ्कनको वातावरण सृजना गरिने छ। (रणनीति १०)

१८. कक्षा शिक्षण, विषयवस्तुको एकीकृत सिकाइ, व्यवहार कुसल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक सक्षमता विकास गरिने छ। (रणनीति ११)

१९. शिक्षकहरूलाई मागमा आधारित पुनर्ताजगी र शिक्षकको पेसागत विकास तालिम प्रदान गरिने छ। (रणनीति ११)

२०. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोगका लागि शिक्षकहरूका लागि न्यूनतम अवधिको तालिम प्रदान गरिने छ। (रणनीति ११)

२१. प्रत्येक बालबालिकालाई आत्म सम्मानपूर्वक स्वतन्त्र रुपमा सिक्ने वातावरण निर्माण गरिने छ। यसका लागि सम्बन्धित विद्यालयका शिक्षक, शिक्षक अभिभावक सङ्घ तथा विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाइने छ। (रणनीति १२)

२२. हरेक विद्यालयमा हप्तामा एक दिन कक्षा शिक्षणभन्दा बाहिर, सामुदायिक गतिबिधि वा रचनात्मक कार्यकलापमा सहभागी हुने अवसरको सिर्जना गरिने छ। (रणनीति १२)

### ३.२.५ उपलब्धि र नतिजा

**उपलब्धि :**

१. निवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको तथा गुणस्तर अभिवृद्धि भएको हुने छ।

२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाले निर्धारित समयावधिमा आधारभूत तहको शिक्षा पूरा गरेका हुने छन्।

**नतिजा :**

| क्र.स. | सूचक | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | १० | २ | २ | २ | ४ |
| २ | आधारभूत तह (कक्षा १-५)खुद भर्नादर | ९६ | ९६.२५ | ९६.५० | ९६.७५ | ९७ |
| ३ | कक्षा १-५ को कक्षा छाड्ने दर | ३ | २.५ | २ | १.५ | १ |
| ४ | कक्षा १-८ मा खुद भर्ना दर | ९५.५ | ९५.७५ | ९६ | ९६.५ | ९७ |
| ५ | कक्षा ८ सम्मको टिकाउ दर | ८८ | ८९ | ९० | ९१ | ९२ |
| ६ | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता सूचाङ्क | ०.९८ | ०.९७ | ०.९६ | ०.९५ | ०.९४ |

### ३.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | आधारभूत तहका सबै बाल बालिकाहरूलाई विद्यालयमा भर्ना गराउन सचेतनामुलक कार्यक्रमसँगै भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालय नक्साङ्कन पुन: वितरण तथा समायोजन | पटक | | १ | | | | १ | |
| ३ | गाउँ अनुदान शिक्षकको व्यवस्था | निरन्तर | ६ | ६ | ६ | ६ | ६ | ६ | |
| ४ | स्वास्थ्य सिविरमार्फत अपाङ्गताको पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | कक्षा ८ सम्म पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजा प्रवन्ध। | दिन | २०५ | २०५ | २०५ | २०५ | २०५ | १०२५ | |
| ६ | विद्यालयमा विद्यार्थीको सिकाइ निरन्तरता सम्बन्धी छलफल तथा अन्तर्किया कार्यक्रम | ओटा | ९ | ९ | ९ | ९ | ९ | ४५ | |
| ७ | प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिबाट बाँच्न सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ४५ | |
| ८ | टुहुरा बालबालिकको लागि आवसिय विद्यालय सञ्चालन | विद्यालय | १ | | | | | १ | |
| ९ | डे बोडर्स सञ्चालन | विद्यालय | २० | २० | २० | २० | २० | २० | |
| १० | सिकाइ क्षति परिपूरण कार्यक्रम | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | |
| ११ | सामुदायिक सिकाइ केन्द्रको सक्रियतामा बैकल्पिक सिकाइ सहजीकरण कार्यक्रम | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ४५ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १२ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास | विद्यालय | | १० | १५ | ५ | ५ | ३५ | |
| १३ | प्रारम्भिक कक्षाहरुमा पढाइ लेखाइको क्षमता विकास कार्यक्रम | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| १४ | तहगत इन्चार्जहरुको क्लष्टर बैठक | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| १५ | विद्यार्थीको सिकाइ उपलब्धि परिक्षण | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० | |
| १६ | आधारभूत तहमा स्तरिकृत परीक्षा सञ्चालन र व्यवस्थापन सङ्ख्या | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| १७ | उत्कृष्ट शिक्षक तथा विद्यार्थी सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| १९ | सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र क्षमता विकास | विद्यालय | ३ | ४ | ४ | ४ | ५ | २० | |
| २० | शैक्षिक प्रदर्शनी | विद्यालय | १४ | १४ | १४ | १४ | १४ | १४ | |
| २१ | विभिन्न सङ्घ संस्थाहरुसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | |

### ३.२.७ आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्ने अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | आधारभूत तहका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउन सचेतनामुलक कार्यक्रमसँगै भर्ना अभियान सञ्चालन गर्ने | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| २ | विद्यालय नक्साङ्कन पुन: वितरण तथा समायोजन | | १०० | | | | १०० | |
| ३ | गाउँ अनुदान शिक्षकको व्यवस्था | २७०९ | २७०९ | २७०९ | २७०९ | २७०९ | १३५४५ | सङ्घीय सरकार, प्रदेश सरकारसगँ माग गर्ने |
| ४ | स्वास्थ्य सिविरमार्फत अपाङ्गताको पहिचान | | ५० | ५० | ५० | ५० | २०० | स्वास्थ्य शाखाको समन्वयमा सञ्चालन गर्ने। |
| ५ | कक्षा ८ सम्म पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजा प्रवन्ध। | | | | | | | प्रति विद्यार्थी रु २० को दरले हुन आउने रकम |
| ६ | विद्यालयमा विद्यार्थीको सिकाइ निरन्तरता सम्बन्धी छलफल तथा अन्तर्किया कार्यक्रम | ९० | ९० | ९० | ९० | ९० | ४५० | |

| क्र.स. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| ७ | प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिबाट बाँच्न सचेतनामूलक कार्यक्रम सञ्चालन | | ९० | | ९० | | १८० | |
| ८ | टुहुरा बालबालिकको लागि आवासिय विद्यालय सञ्चालन | ५०० | ७०० | ७०० | ७०० | ७०० | ३३०० | |
| ९ | डे बोडर्स सञ्चालन | १०९३ | १०९३ | १०९३ | १०९३ | १०९३ | ५४६५ | |
| १० | सिकाइ क्षति परिपूरण कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ११ | सामुदायिक सिकाइ केन्द्रको सक्रियतामा बैकल्पिक सिकाइ सहजीकरण कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| १२ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास | | २०० | ३०० | ४०० | ५०० | १४०० | |
| १३ | प्रारम्भिक कक्षाहरुमा पढाइ लेखाइको क्षमता विकास कार्यक्रम | | १०० | १०० | १०० | १०० | ४०० | लागत साझेदारीमा कार्यक्रम सञ्चालन |
| १४ | तहगत इन्चार्जहरुको क्लष्टर बैठक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | |
| १५ | विद्यार्थीको सिकाइ उपलब्धि परिक्षण | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| १६ | आधारभूत तहमा स्तरिकृत परीक्षा सञ्चालन र व्यवस्थापन | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| १७ | उत्कृष्ट शिक्षक तथा विद्यार्थी सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सञ्चालन | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| १८ | सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र क्षमता विकास | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| १९ | शैक्षिक प्रदर्शनी | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| २० | विभिन्न सङ्घ/संस्थाहरुसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| | जम्मा | ५९९२ | ६७३२ | ६६४२ | ६८३२ | ६८४२ | ३३०४० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको विद्यालय शिक्षाको संरचनामा कक्षा ९ देखि १२ सम्मको चार वर्षको शिक्षालाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरिएको छ। नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने व्यवस्था गरेको छ। माध्यमिक शिक्षाका धारहरू साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक धार हुन। यस तहमा एकलपथीय पाठ्यक्रमको नीति अबलम्बन गर्ने गरिएको छ। कक्षा ९ र १० मा वार्षिक ३२ घण्टा र कक्षा ११ र १२ मा वार्षिक कम्तीमा २७ देखि ३२ पाठ्यघण्टाको विषयवस्तु राखिएको छ। मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्वन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्द्धनका लागि सचेत नागरिकको जिम्मेवारी बहन गर्न सक्ने, विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह गर्न सक्ने, दैनिक जीवनमा भाषिक एवम् सञ्चारका साथै गणितीय सिपको

प्रयोग गर्न सक्ने, श्रमप्रति सम्मान गर्दै कामको संसारमा प्रवेश गर्न सक्ने, प्राकृतिक एवम् सामाजिक घटनाको विश्लेषण गर्दै सकारात्मक व्यवहार प्रदर्शन गर्ने जस्ता सक्षमताहरू यस तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तोकिएका छन। साथै विद्यार्थीहरूको मूल्याङ्कन एवम् स्तर निर्धारणका लागि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा १० को अन्तिम परीक्षा प्रदेश स्तरबाट र कक्षा १२ को अन्तमा लिईने परीक्षा संघबाट सञ्चालन हुने व्यवस्था छ।

### ३.३.२ वर्तमान अवस्था

गाउँपालिकामा शैक्षिक सत्र २०८० सम्ममा कक्षा १-१२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरू १२ ओटा (कक्षा १-१० का १, कक्षा १-१२ का ११) रहेका छन। माध्यमिक तहको लैङ्गिक समता सुचकाङ्क ०.९० रहेको छ। यस तह (कक्षा ९-१२) मा शैक्षिक सत्र २०८० मा जम्मा १,११९ विद्यार्थीहरू अध्ययनरत रहेका छन। गाउँपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा माध्यमिक तह कक्षा ९-१२ को खुद भर्ना दर ५० प्रतिशत, कुल भर्ना दर ६९.५ प्रतिशत रहेको छ। सामुदायिक माध्यमिक विद्यालयको माध्यमिक तह कक्षा (९-१२) मा जम्मा ३९ शिक्षकहरू (दरबन्दी, अनुदान र राहत समेत) रहेका छन्। एउटा पालिकाबाट अनुमति प्रदान गरिएको प्राविधिक धारको माध्यमिक विद्यालय सञ्चालनमा रहेको र एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) को TECS कार्यक्रम अन्तर्गत सञ्चालन भएको विद्यालय छ। शैक्षिक सुधारका लागि नियमित कार्यक्रमको साथसाथै डे बोडर्सको कार्यक्रम सञ्चालन गरिएको छ। भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक प्रयास गरिएको छ। शिक्षकको क्षमता विकासका लागि विभिन्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएको छ।

### ३.३.३ मुद्दा, समस्या, चुनौती र अवसर

**मुद्दाः**

१. आधारभूत तहमा नेपाली बाहेक अन्य मातृभाषी हुने बालबालिकाहरूका लागि शिक्षणसिकाइको माध्यम भाषा मातृभाषा छनोट गर्ने कि नेपाली गर्ने ? बहुभाषिक कक्षामा कुनै एक भाषालाई शिक्षण सिकाइको मातृभाषा बनाउँदा हरेक बालबालिकाका लागि सिकाइमा सहज हुने अवस्था कसरी सुनिश्चित गर्ने ?
२. आवासीय विद्यालय सञ्चालनः- कुन तहका लागि आवासीय गर्ने ? आवासीय विद्यालयको सञ्चालन र व्यवस्थापन प्रणाली कस्तो बनाउने ? आवासीय विद्यालय सञ्चालनका लागि आवश्यक वित्तीय व्यववस्थाको दिगो स्रोत के हुने ? अभिभावकबाट लागत साझेदारी गर्ने की नगर्ने ?
३. डे बोडर्स सञ्चालनः सञ्चालन अवधि, सञ्चालन, व्यवस्थापन, दिगो वित्तीय स्रोतको सुनिश्चतता,
४. विद्यालय समायोजनः- विद्यालय र समुदायबिचको दूरी, समुदायको स्वीकार्यता, बालबालिकाहरूको उमेरको अवस्था, विद्यालय समायोजनको मापदण्ड र कार्यविधि जस्ता विषयमा गहन अध्ययन जरुरी हुन्छ।
५. स्थानीय तहमा साधारणधार कि प्राविधिकधारको विद्यालयको आवश्यकता छ ? अनुमति, स्वीकृति, जनशक्ति व्यवस्थापन, भौतिक व्यवस्थापन र वित्तिय व्यवस्थापन र दिगोपन स्पष्ट हुन जरुरी हुन्छ।

**समस्या :**

१. विद्यार्थी सिकाइ उपलब्धि न्यून हुनु,
२. शिक्षण प्रविधिमैत्री हुन नसक्नु,
३. शिक्षक व्यवस्थापन हुन नसक्नु,
४. अपेक्षित शैक्षिक गुणस्तर सुधार गर्न नसक्नु,
५. विद्यार्थीको सिकाइप्रति अभिभावक सचेत नसक्नु,
६. विद्यालय विद्यार्थीको सिकाइप्रति सचेत नसक्नु,

७. शैक्षिक संस्थाको नक्शाङ्कनको हुन नसक्नु,
८. शैक्षिक विकासका लागि आवश्यक वित्तीय स्रोतको कमी,
९. सिकाइ अनुकुल वातावरणको निर्माणको कमी,
१०. आवश्यक जनशक्तिको व्यवस्थापन गर्न नसक्नु,
११. विद्यार्थीहरूलाई स्वास्थ्य,पोषण र दिवाखाजाको व्यवस्थापनमा कमी,
१२. विद्यार्थीको कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दर शून्यमा झार्न नसक्नु ।

**चुनौतीः**

१. संवैधानिक प्रावधानअनुरूप माध्यमिक तहको शिक्षालाई नि:शुल्क गर्न,
२. माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेका बालबालिकाहरू विशेष गरी छात्रा, दलित, अपाङ्गता भएका अति सीमान्तकृत वर्ग र लोपोन्मुख समुदायका बालबालिकाहरू, कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न,
३. सबै माध्यमिक विद्यालयमा न्यूनतम सक्षमताका अवस्था पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन,
४. विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुर्न:वितरण र विषयगत शिक्षकको व्यवस्थापन गर्न,
५. सतप्रतिशत न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक विद्यालय व्यवस्थापन गर्न,
६. रोजगारिका लागि मौसमि बसाइँसराई तथा बाह्य बसाइँसराइ,
७. अभिभावकको कमजोर आर्थिक अवस्था,
८. घट्दो विद्यार्थी सङ्ख्या,
९. भौगोलिक विकटता,
१०. प्राविधिक धारका विद्यालयको व्यवस्थापन,
११. शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक बालमैत्री एवम् प्रविधिमा आधारित बनाउन,
१२. सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्न,
१३. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका विपद्प्रति उत्थानशील बनाउन,
१४. विद्यालयमा समावेशी र समतामूलक वातावरण सिर्जना गर्न,
१५. अनौपचारिक तथा आजीवन सिकाइको अवसरमा वृद्धि गर्न,
१६. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तारमा विस्तार गर्न।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. संरचनागत व्यवस्था,
३. सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु,
४. शैक्षिक सुधारमा सामाजिक सङ्घसंस्थाहरूको संलग्नता र क्रियाशीलता,
५. माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भएता पनि प्रादेशिक र सङ्घीय सरकारको समेतबाट शिक्षामा लगानी अभिवृद्धि हुँदै जानु,
६. शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु,
७. शैक्षिक विकासका लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन, शैक्षिक व्यवस्थापन र सुधारमा

तीनै तहका सरकारबाट शैक्षिक सेवा प्रवाह हुने अवसर प्राप्त हुनु,

८. शैक्षिक व्यवस्थापन, योजना, निर्माण कार्यान्वयन, अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु,

९. शैक्षिक गुणस्तर सुधारका लागि गाउँपालिकाको आन्तरिक स्रोतको परिचालन हुनु ।

### ३.३.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्यः**

१. माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्नु,

२. माध्यमिक तहमा सबै बालबालिकाको सिकाइ उपलब्धिस्तरमा सुधार गर्नु,

३. माध्यमिक शिक्षामा कक्षोन्नति र टिकाउ दर बढाउनु,

४. विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु,

५. प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसरलाई सहज बनाउनु ।

**रणनीतिः**

१. माध्यमिक शिक्षा उमेरसमूहका विद्यालय बाहिर रहेका बालबालिकाहरूको पहिचान गर्ने, (उद्देश्य १)

२. निर्धारित मापदण्डअनुसार सङ्घ र प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा विद्यालय नक्साङ्कनमार्फत् आवश्यकताअनुसार विद्यालयहरूलाई समायोजन तथा स्थापना गर्ने, (उद्देश्य १)

३. विद्यालयहरूलाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने, (उद्देश्य १)

४. तहगत र विषयगत आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन गर्ने, (उद्देश्य २)

५. माध्यमिक विद्यालयहरूमा गुणस्तर सुधारका लागि विद्यार्थी केन्द्रित रचनात्मक तथा नवप्रवर्तनात्मक कार्यक्रमहरू सञ्चालनमा जोड दिने, (उद्देश्य २,३)

६. सम्पूर्ण माध्यमिक विद्यालयमा इ-पुस्तकालय विज्ञान प्रयोगशाला, पस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्थागतका साथै विपद् उत्थानशील भवन निर्माण गर्ने, (उद्देश्य २, ३)

७. अति सीमान्तकृत विपन्न, छात्रा, अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गरी उचित छात्रवृत्ति,आवसिय विद्यालय आदिको माध्यमबाट माध्यमिक तहको शिक्षाको निरन्तरताका लागि प्रोत्साहित गर्ने, (उद्देश्य २,३)

८. माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय व्यवस्थापन तथा विकासप्रति प्र. अ. लाई उत्तरदायी बनाउने, (उद्देश्य ४)

९. विद्यालयको कार्यसम्पादन परीक्षण गरी जवाफदेहिता, जिम्मेवारी, उत्तरदायित्व सुनिश्चित गर्ने, (उद्देश्य ४)

१०. सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारीमा माध्यमिक तहमा प्राविधिक धारको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने । (उद्देश्य ५)

**कार्यनीतिः**

१. घरधूरी सर्वेक्षणद्वारा विद्यालय बाहिर रहेका बालबालिकाहरूको पहिचान गरी विद्यालय भर्ना गराइने छ,(रणनीति १)

२. जनघनत्व, भौगोलिक अवस्था, विद्यालय-विद्यालयबिचको दूरीसमेतका आधारमा विद्यालय नक्शाङ्कन गरी विद्यालयको समायोजन र पुन: वितरण गरिने छ । (रणनीति २)

३. सङ्घीय र प्रदेश सरकार एवम् सङ्घ/संस्थाहरूसँगको सहकार्यमा माध्यमिक शिक्षालाई निःशुल्क बनाउनका लागि आवश्यक स्रोतको आकलन गरिने छ र दिगो स्रोत व्यवस्थापनका वैकल्पिक उपायहरू अवलम्बन गरिने छ । (रणनीति ३)

४. आवश्यकतामा आधारित छात्रवृत्ति प्रदान गरी न्यून आर्थिक, सामाजिक पृष्ठभूमि भएका विद्यार्थीहरुको माध्यमिक शिक्षामा पहुँच अभिबृद्धि गरिने छ। (रणनीति ३)
५. आनौपचारिक तथा आजीवन सिकाइको माध्ययमबाट औपचारिक शिक्षाबाट वञ्चित बालबालिकाको सिकाइ निरन्तरताको वातावरण सृजना गरिने छ। (रणनीति ३)
६. अपाङ्गता भएका र अनाथ बालबालिकाहरुको पहिचान र सिकाइ निरन्तरताको लागि सहायता कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति ३)
७. आवासीय विद्यालय, छात्रवृत्ति, दिवाखाजा विस्तार,अभिभावकको आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिने छ। (रणनीति ३)
८. सिकाइप्रति उत्प्रेरणा जगाउने मनोपरामर्श, योग, ध्यानको व्यवस्था गरिने छ।(रणनीति ४,५)
९. विद्यार्थीको सिकाइ उपलब्धिको आधारमा उत्कृष्ट शिक्षक, विद्यार्थी र विद्यालय सम्मान तथा पुरस्कृत गरिने छ। (रणनीति ५)
१०. विद्यालयको आवश्यकता, विद्यार्थी सङ्ख्या र दिगोपन सुनिश्चितको आधारमा प्रयोगशाला निर्माण तथा व्यवस्थापनका लागि अनुदान उपलब्ध गराइने छ। (रणनीति ६)
११. इन्चार्जहरुको क्लष्टर बैठकमा नतीजा विश्लेषण गरी असल अभ्यासको आदानप्रदान गरी सुधारात्मक शिक्षण सिकाइको वातावरण सृजना गरिने छ। (रणनीति ७)
१२. विद्यालय विकास प्रस्तावका आधारमा कार्यसम्पादन सूचक निर्माण गरी प्र.अ. छनौट गरी कार्यसम्पादन सम्झौता गरिने छ। (रणनीति ८)
१३. शैक्षिक व्यव्थापनका विभिन्न सवालहरूमा सेमिनार, बहस, अन्तरक्रिया आदिको माध्यमबाट प्रधानाध्यापकको शैक्षिक नेतृत्त्व क्षमता विकास गरिने छ। (रणनीति ८)
१४. सुचकमा आधारित नतिजामूलक र सहभागितामूलक अनुगमन तथा सुपरिवेक्षण गरी विद्यालयको कार्यसम्पादनको अवस्थाको विष्लेषण गरिने छ। (रणनीति ९)
१५. नेपाल सरकारको एक स्थानीय तह एक प्रविधिक विद्यालयको अवधारणा अनुरुप पालिकाले अनुमति प्रदान गरी सञ्चालन गरेको प्राविधिक धारको विद्यालय र CTEVT को TECS अन्तर्गत सञ्चालित कार्यक्रमलाई थप व्यवस्थित गरिने छ। (रणनीति १०)
१६. प्राविधिक धारको माध्यमिक शिक्षा अध्ययन गर्ने छात्र-छात्राहरूलाई छात्रवृत्ति, आवासीय सुविधा,शिक्षाका नविनतम सोच, प्रविधिको प्रबन्ध गरिने छ। (रणनीति १०)

### ३.३.८ उपलब्धि र नतिजा

**उपलब्धि:**

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुने छ।
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने छ।

**नतिजा:**

| क्र.स. | सूचक | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | ४ | २ | २ | २ | २ |
| २ | आवसिय रुपमा सञ्चालन भएको विद्यालय सङ्ख्या | | १ | १ | - | १ |

| क्र.स. | सूचक | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| ३ | कक्षा ९-१० मा खुद भर्ना दर | ७५ | ७७ | ७८ | ७९ | ८० |
| ४ | कक्षा ११-१२मा खुद भर्ना दर | ३१ | ३३ | ३६ | ३८ | ४० |
| ५ | कक्षा ९-१२ मा खुद भर्ना दर | ५३ | ५५ | ५७ | ५९ | ६० |
| ६ | कक्षा ९- १०को कक्षा छाड्ने दर | २ | १.७५ | १.५० | १.२५ | १ |
| ७ | कक्षा ११-१२को कक्षा छाड्ने दर | १.६ | १.५ | १.४ | १.३ | १ |

### ३.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालय नक्साङ्कन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | | १ | | | | १ | |
| ३ | अतिसिमान्तकरत, सिमान्तकृत, दलित र विपन्न बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्था | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | |
| ४ | विद्यालयमा यातायातको व्यवस्था | सङ्ख्या | | १ | | १ | | २ | |
| ५ | माध्यमिक तहसम्म दिवाखाजा विस्तार कार्यक्रम सञ्चालन | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | १२ | |
| ६ | सिकाइ क्षति परिपूरणको लागि learning camp कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | १२ | |
| ७ | अपाङ्ग विद्यार्थी पहिचानको लागि स्वास्थ्य सिविरको व्यवस्था | विद्यालय | | १२ | १२ | १२ | १२ | १२ | |
| ८ | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार | विद्यालय | ८ | १ | २ | १ | | १२ | |
| ९ | योग,ध्यान र प्रणयामको लागि क्षमता विकास कार्यक्रम | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | १२ | |
| १० | बालक्लब, जुरेस, स्काउटको ट्रुप, बालसञ्जाल गठन | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | १२ | |
| ११ | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी,शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| १२ | भौतिक संरचना नियमित मर्मत, सम्भार, निर्माण र विषयगय प्रयोगशाला आदिको व्यवस्थापन | विद्यालय | | ८ | १ | २ | १ | १२ | |
| १३ | तहगत इन्चार्जको क्लष्टर बैठक | सङ्ख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | |
| १४ | प्र.अ र शिक्षकसँग कार्यसम्पादन सम्झौता कार्यक्रम | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | १२ | |
| १५ | नेतृत्व तथा क्षमता विकास कार्यक्रम | सङ्ख्या | १ | | | १ | | २ | |
| १६ | सहभागितामूलक र नतिजामूलक अनुगमन र मूल्याङ्कन | विद्यलय | १२ | १२ | १२ | १२ | १२ | १२ | |
| १७ | कक्षा १२ सम्म विज्ञान विषयको अध्ययन गर्ने अवसरको सृजना | विद्यालय | | १ | | | | १ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १८ | प्राविधिक धारको विद्यालयको लागि अनुदान | विद्यालय | | | २ | | | २ | |
| १९ | शिक्षणमा स्टिमको प्रयोग | विद्यालय | | | १ | | १ | २ | |
| २० | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | विद्यालय | ४ | २ | २ | २ | २ | १२ | |

### ३.३.७. माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | | ५० | ५० | ५० | ५० | २०० | |
| २ | विद्यालय नक्साङ्कन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | | १०० | | | | १०० | |
| ३ | अति सिमान्तकरत, सिमान्तकृत, दलित र विपन्न बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्था | | ३०० | ३०० | ३०० | ३०० | १२०० | |
| ४ | विद्यालयमा यातायातको व्यवस्था | | २०० | | ५०० | | ७०० | |
| ५ | माध्यमिक तहसम्म दिवाखाजा विस्तार कार्यक्रम सञ्चालन | | | | | | | २०५ दिनका लागि प्रति विद्यार्थी २० का दरले हुन आउने रकम |
| ६ | सिकाइ क्षति परिपूरणको लागि learning camp कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | २०० | २०० | २०० | २०० | २०० | १००० | लागत साझेदारीमा |
| ७ | अपाङ्ग विद्यार्थी पहिचानको लागि स्वास्थ्य सिविरको व्यवस्था | | १०० | १०० | १०० | १०० | ४०० | लागत सझेदारीमा |
| ८ | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार | | | | | | | प्रदेश सरकारसँग समन्वय गरेर |
| ९ | योग,ध्यान र प्रणयामको लागि क्षमता विकास कार्यक्रम | | ६० | ९० | १०० | १०० | ३५० | |
| १० | बालक्लब, जुरेस, स्काउटको ट्रुप, बालसञ्जाल गठन | | १०० | १०० | १०० | १०० | ४०० | |
| ११ | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| १२ | भौतिक संरचना नियमित मर्मत, सम्भार, निर्माण र विषयगय प्रयोगशाला आदिको व्यवस्थापन | | २०० | ३०० | ४०० | ५०० | १४०० | |

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ /०८२ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | | |
| १३ | तहगत इन्चार्जको क्लष्टर बैठक | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| १४ | प्र.अ र शिक्षकसँग कार्यसम्पादन सम्झौता कार्यक्रम | | | | | | | विद्यालयसँग समन्वय गरेर |
| १५ | नेतृत्व तथा क्षमता विकास कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| १६ | सहभागितामूलक र नतिजामूलक अनुगमन र मूल्याङ्कन | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| १७ | कक्षा १२ सम्म विज्ञान विषयको अध्ययन गर्ने अवसरको सृजना | | ५०० | ५०० | ५०० | ५०० | २००० | |
| १८ | प्राविधिकधारको विद्यालयको लागि अनुदान | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| १९ | शिक्षणमा स्टिमको प्रयोग | | | १०० | | १०० | २०० | |
| २० | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | |
| | जम्मा | १६०० | ३२१० | ३१४० | ३६५० | ३३५० | १४९५० | |

## ३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.४.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक तथा आजीवन सिकाइ हो। औपचारिक पद्धतिभन्दा बाहिर लचिलो ढङ्गबाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दनी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ। वैकल्पिक शैक्षिक कार्यक्रम, आनौपचारिक तथा खुला शैक्षिक कार्यक्रम, आजीवन सिकाइ स्वरुपमा र साक्षर नेपाल वर्ष कार्यक्रम सञ्चालन, आनौपचारिक तथा खुला सिकाइ कार्यक्रमका साथै अनौपचारिक शिक्षाको राष्ट्रिय योग्यता प्रारुप, २०७७, सामुदायिक सिकाइ केन्द्र सञ्चालन एवम् व्यवस्थापन मापदण्ड २०७८, परम्परागत शैक्षिक संस्था सञ्चालन एवम् व्यवस्थापन मापदण्ड, २०७९ आदिलाई आधार बनाई अनौपचारिक तथा आजीवन शिक्षा व्यवस्थित गर्दै आइरहेको छ। संविधानमा शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त, दिगो विकासका लक्ष्य नं ४, आवधिक योजनामा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ। यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ। वि. सं. २०८५ बैशाख १ गतेदेखि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्ने नपाउने व्यवस्था भएसँगै निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको

भूमिका अझै महत्त्वपूर्ण रहेको देखिन्छ।

### ३.४.२ वर्तमान अवस्था

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित तथ्याङ्क, २०७६ अनुसार हालसम्म राष्ट्रियस्तरमा युवा साक्षरता १५-२४ वर्षको ९२ प्रतिशत र राष्ट्रिय प्रौढ साक्षरता १५+ वर्षको ५८ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको ५ वर्ष माथिको साक्षरता दर ७६.३ रहेको छ भने गाउँपालिकाको साक्षरता दर ६२.२ प्रतिशत रहेको छ। हालै सार्वजनिक गरिएको चौथो राष्ट्रिय जीवनस्तर सर्वेक्षण प्रतिवेदन (२०२२/२३) ले ५ वर्षभन्दामाथिको राष्ट्रिय औषत साक्षरता दर ७७.४ प्रतिशत र १५ वर्षभन्दा माथिको साक्षरता दर ७२.५ प्रतिशत पुगेको तथ्य उजागर गरिएको छ। यो दर राष्ट्रिय जनगणना २०२१ मा भन्दा १.१ प्रतिशत बढी हो। यो स्थितिमा साक्षरतादरमा वृद्धि गर्न आनौपचारिक तथा आजीवन सिकाइको महत्त्वपूर्ण भूमिका रहेको छ। अतिसिमान्तकृत समुदायको बसोबास, दलित, विपन्नको शिक्षामा पहुँच, मौसमी बसाइँसराइ आदि कारणले शतप्रतिशत विद्यार्थीलाई भर्ना गराउन नसकिरहेको र सिकाइ निरन्तरताको वातावरण सृजना गर्न नसकेको वर्तमान अवस्थामा आनौपचारिक तथा आजीवन सिकाइलाई व्यवस्थित गर्नु अति सन्दर्भिक देखिन्छ। गाउँपालिकाकामा हालको वडा नम्बर ३, ५, ६, ७, ८, ९ एक/एक वटा गरी ६ ओटा सामुदायिक सिकाइकेन्द्रहरू सञ्चालनमा रहेका छन्। कम्प्युटर तालिम, सिलाइ-कटाइ तालिम, विद्यार्थीका प्रतिभा पहिचानका कार्यक्रम, स्यानीटरी प्याड निर्माण तालिम, पुस्तकालयको व्यवस्थापन, साक्षरता कार्यक्रम आदिजस्ता कार्यक्रमहरू गाउँपालिकाभित्रका सिकाइकेन्द्रले सञ्चालन गर्ने गरेका छन्।

### ३.४.३ मुद्दा, समस्या, चुनौती र अवसर

**मुद्दाः**

१. औपचारिक र अनौपचारिक शिक्षाबिच पारगम्यता,
२. बैकल्पिकधारबाट उच्चशिक्षासम्म हासिल गर्ने अवसरको विस्तार।

**समस्याः**

१. साक्षरता सिपको दिगोपना हुन नसक्नु,
२. साक्षरता सिपलाई दैनिक व्यावहारिक जीवनसँग आबद्धता कायम गर्न नसक्नु,
३. आधारभूत साक्षरता कक्षा लिएका नवसाक्षरहरूलाई साक्षरोत्तर र निरन्तर शिक्षा एवम् आय आर्जनका कार्यक्रमसहित साक्षरता सिपको दिगोपना एवम् दैनिक जीवन यापनमा आइपर्ने समस्या समाधानका लागि उपयोग गर्नका लागि ठोस कार्यक्रमको कमी,
४. साक्षरता, निरन्तर सिकाइ र आयमुलक कार्यक्रमहरूबिच तालमेल गर्न,
५. अनौपचारिक शिक्षा प्रदायक संस्थाहरूको संस्थागत स्वरूप दिगो नहुनु,
६. अनौपचरिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूबिच संस्थागत र विधागत समन्वयमा कमी,
७. सामुदायिक सिकाइ केन्द्र यसको स्थापनाको मर्म र भावना अनुसार प्रभावकारी ढङ्गले सञ्चालन हुन नसक्नु,
८. अनौपचरिक शिक्षाका कक्षाहरू शिक्षण प्रविधिमैत्री हुन नसक्नु,
९. सामुदायिक सिकाइ केन्द्रको सञ्चालनका लागि न्यूनतम बजेटको व्यवस्था नहुनु,
१०. सामुदायिक सिकाइ केन्द्रका परिचालिका र व्यवस्थापन समितिको क्षमता अभिबृद्धि हुन नसक्नु,
११. युवा तथा प्रौढहरूमा कार्यमूलक साक्षरता पढने बानीको कमी र अनौपचारिक शिक्षा खुला तथा बैकल्पिक

सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रुपमा संस्थागत विकास हुन नसक्नु।

**चुनौती:**

१. साक्षरता सिपको दिगोपना: - खाँडादेवी गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गरिएको भएतापनि अझै ठुलो सङ्ख्यामा निरक्षरता विद्यमान रहेका छन्,
२. अनौपचारिक शिक्षाबाट हासिल गरिएको साक्षरता सिप र औपचारिक शिक्षाबिच समकक्षता कायम गर्ने,
३. अनौपचारिक शिक्षा कार्यक्रममार्फत हासिल भएको साक्षरता सिपलाई दैनिक व्यावहारिक जीवनसँग आबद्धता कायम गर्ने।

**अवसर:**

१. संवैधानिक प्रावधान, नीति र कानुनी प्रावधान,
२. संरचनागत व्यवस्था,
३. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरूको संलग्नता र क्रियाशीलता,
४. शैक्षिक विकासका लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन।

## ३.४.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्य :**

१. शिक्षाको अवसरबाट बञ्चित भएका वर्गसमुदायका नागरिकहरूलाई बैकल्पिक माध्यमबाट निरन्तर एवम् आजीवन शिक्षाको अवसर विस्तार गर्नु,
२. साक्षरता, निरन्तर एवम् आजीवन शिक्षा दैनिक व्यावहारिक जीवनका लागि आवश्यक सिपसँग आबद्ध गर्नु,
३. विभिन्न कारणले विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छाड्ने बालबालिकाहरूलाई औपचारिक शिक्षामा पुनः प्रवेशको अवसर सिर्जना गर्नु।

**रणनीति :**

१. साक्षरतासम्बन्धी तथ्याङ्कीय आधार (database) अद्यावधिक गर्ने, (उद्देश्य १)
२. साक्षरता तथा साक्षरोत्तर शिक्षालाई अभियानको रूपमा सञ्चालन गर्ने, (उद्देश्य १)
३. सरोकारवालासँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, बैकल्पिक, खुला तथा परम्परागत विद्यालयको सुदृढीकरण गर्ने, (उद्देश्य १)
४. सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्र एवम् आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने, (उद्देश्य १, २)
५. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने, (उद्देश्य २)
६. सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न सिप विकास र आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने, (उद्देश्य २)
७. सामुदायिक सिकाइ केन्द्रका सञ्चालक, व्यवस्थापन एवम् परिचालकहरूको निरन्तर क्षमता विकासमा जोड दिने, (उद्देश्य २)
८. दैनिक व्यवहारिक जीवनमा आइपर्ने ज्ञान तथा सिपसँग आबद्ध गराई अनौपचारिक, निरन्तर एवम् जीवनपर्यन्त सिकाइका लागि आवश्यक स्तरीकृत सिकाइसामग्रीहरूको निर्माण र प्रयोगमा जोड दिने, (उद्देश्य २)
९. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरूको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्थाबमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने, (उद्देश्य २)

१०. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सिपविकास तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने, (उद्देश्य २)

११. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको पहिचान गर्ने, (उद्देश्य ३)

१२. विद्यालय बाहिरका बालबालिकाहरूको सिकाइको स्तरअनुसार समूहमा विभाजन गरी द्रुत सिकाइको माध्यमबाट बैकल्पिक सिकाइ प्रणालीअनुसार तहगत पाठ्यक्रमबमोजिम सिक्ने अवसर उपलब्ध गराउने, (उद्देश्य ३)

१३. तहगत पाठ्यक्रमद्वारा निर्दिष्ट अवधिभरिको सिकाइपश्चात औपचारिक शिक्षाअन्तर्गत निर्धारित कक्षामा भर्नाको अवसर प्रदान गर्ने। (उद्देश्य ३)

**कार्यनीतिः**

१. आवधिक रूपमा घरधूरी सर्वेक्षण गरिने छ। (रणनीति १)

२. साक्षरता तथा अनौपचारिक शिक्षासम्बन्धी NFEMIS पद्धतिको निर्माण र अद्यावधीकरण गरी एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई सुचारू गरिने छ। (रणनीति १)

३. सरकारी तथा स्थानीयस्तरमा क्रियाशील गैरसरकारी सङ्घ/संस्था, समुदायमा आधारित सामाजिक संस्थाहरू, निजी क्षेत्रहरूसँग सञ्जालीकरणद्वारा समन्वय र सहकार्य गरिने छ। (रणनीति २, ३)

४. उमेर र अवस्थाले मूल धारमा आउन नसक्ने वर्गका लागि खुला विद्यालय तथा बैकल्पिक विद्यालय जस्ता कार्यक्रमहरू ल्याइने छ। (रणनीति ३)

५. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफएम सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित रूपमा विकास गरिने छ। (रणनीति ४)

६. सामुदायिक सिकाइ केन्द्र सञ्चालन एवम् व्यवस्थापन मापदण्ड २०७८ अनुसार स्थानीय तहको मापदण्ड तय गरिने छ। (रणनीति ४)

७. सामुदायिक सिकाइकेन्द्रमार्फत लक्षित वर्गको सिकाइ आवश्यकता सङ्कलन गरी निरक्षर नागरिकहरूलाई आवश्यकतामा आधारित जीवनोपयोगी सिप एवम् शिक्षा उपलब्ध गराइने छ। (रणनीति ५)

८. पालिकामा ९ ओटा वडा रहेतापनि हाल क्रियाशील ६ ओटा मात्रै सिकाइ केन्द्र रहेको सन्दर्भमा कम्तिमा एक वडा एक सामुदायिक सिकाइ केन्द्र हुने गरी विस्तार गरी प्रवाह गरिने छ। (रणनीति ६)

९. सामुदायिक सिकाइ केन्द्रमार्फत प्रवाह हुने शैक्षिक सेवा, सिप विकास कार्यक्रम लगायत अन्य सेवाहरूलाई विविधीकरण गरिने छ। (रणनीति ६)

१०. स्थानीय परिवेश अनुसारको सिप विकास तालिम सञ्चालन गरी आय आर्जनमा टेवा पुऱ्याइने छ।(रणनीति ६)

११. सामुदायिक सिकाइ केन्द्रका सञ्चालक, व्यवस्थापन एवम् परिचालकहरूका लागि आवश्यकतामा आधारित क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने छ। (रणनीति ७)

१२. अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको पाठ्यक्रममा आधारित स्रोत सामग्रीहरूको निर्माण गरी प्रयोगमा ल्याइने छ। (रणनीति ८)

१३. राष्ट्रिय योग्यता प्रारूपको ढाँचाभित्र अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरूको आवधिक रूपमा परीक्षण गर्न आवश्यक संयन्त्रको निर्माण र परिचालन गरिने छ। (रणनीति ९)

१४. सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाहरू र तालिम प्रदायक संस्थाहरूसँगको समन्वय र साझेदारीमा लक्षित समूहका लागि समुदाय एवम् बजारको मागमा आधारित छोटो अवधिको सिप विकास गराइने छ। (रणनीति १०)

१५. विद्यालय बाहिर रहेका बालबालिकाहरूको तथ्याङ्क अद्यावधिक गरी बैकल्पिक तथा द्रुतसिकाइ माध्यमबाट उनीहरूको शिक्षालाई निरन्तरता दिइने छ। (रणनीति ११, १२)

१६. विद्यालय बाहिर रहेका वा सिकाइ कठिनाइ भएका बालबालिकाहरूको पहिचान गरी बैकल्पिक शिक्षासम्बन्धी कार्यबिधिद्वारा निर्दिष्ट समयावधिसम्म बैकल्पिक माध्यमबाट कक्षाहरू सञ्चालन गरिने छ। (रणनीति १३)

### ३.४.५ उपलब्धि र नतिजा

**उपलब्धि :**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन्।

**नतिजा :**

| क्र.स. | सूचक | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारिक शिक्षा/आजीवन सिकाइ कार्यक्रम सञ्चालन | १ | २ | २ | ३ | ३ |
| २ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ६ | ७ | ८ | ८ | ९ |
| ३ | आधारभूत सुविधासम्पन्न सामूदायिक सिकाइ केन्द्रको सङ्ख्या | ४ | ५ | ६ | ७ | ९ |
| ४ | NFEMIS प्रविष्ट गर्ने सामुदायिक सिकाई केन्द्र | ६ | ६ | ६ | ७ | ९ |
| ५ | सामुदायिक सिकाइ केन्द्रका आजीवन सदस्य सङ्ख्या | ६०० | ७०० | ८०० | १००० | १२००० |

### ३.४.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | घरधुरी सर्वेक्षण साक्षर निरक्षरको तथ्याङ्क सङ्कलन | पटक | १ | | | १ | | २ | |
| २ | सामुदायिक सिकाइ केन्द्रको स्तरउन्नति र परिचालिकाको क्षमता अभिबृद्धि तालिम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ३ | अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी लागत साझेदारीमा कार्यक्रम सञ्चालन | पटक | | १ | | १ | | २ | |
| ४ | खाँडादेवी गाउँपालिकाको सामुदायिक सिकाइ केन्द्र सञ्चालन एवम् व्यवस्थापन मापदण्ड निर्माण | पटक | | १ | | | | १ | |
| ५ | महिला तथा प्रौढहरूलाई साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ६ | सामुदायिक सिकाइकेन्द्रको विस्तार | वडा | | १ | | १ | १ | ३ | |
| ७ | प्रौढहरूलाई सिपविकास तालिम र आयआर्जनका कार्यक्रम प्रदान | सङ्ख्या | | | १ | १ | १ | ३ | |

### ३.४.७ अनौपचारिक तथा आजीवन शिक्षाका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्ने अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | घरधुरी सर्वेक्षण साक्षर निरक्षरको तथ्याङ्क संकलन | १०० | | | १०० | | २०० | |
| २ | सामुदायिक सिकाइ केन्द्रको स्तरउन्नति र परिचालिकाको क्षमता अभिबृद्धि तालिम | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ३ | अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी लागत साझेदारीमा कार्यक्रम सञ्चालन | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| ४ | खाँडादेवी गाउँपालिकाको सामुदायिक सिकाइ केन्द्र सञ्चालन एवम् व्यवस्थापन मापदण्ड निर्माण | | १०० | | | | १०० | |
| ५ | महिला तथा प्रौढहरूलाई साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ६ | सामुदायिक सिकाइकेन्द्रको विस्तार | | १३० | | १३० | १३० | ३९० | |
| ७ | प्रौढहरूलाई सिपविकास तालिम र आयआर्जनका कार्यक्रम प्रदान | | | १०० | १०० | १०० | ३०० | |
| | जम्मा | ४५० | ५८० | ४५० | ६८० | ५८० | २७४० | |

## ३.८ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम

### ३.८.१ परिचय

उच्च दक्षता र सिपयुक्त जनशक्ति उत्पादन गर्नु नै शिक्षाको मूल अभिप्राय रही आएको छ। गरीखाने शिक्षा, आजको आवश्यकता भन्ने उक्तिलाई साकार पार्नका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एक उच्च प्राथमिकता प्राप्त उपक्षेत्र सावित भएको छ। विकासलाई निकासा दिन प्राविधिक शिक्षाबाट मात्र सम्भव छ। प्राविधिक शिक्षा विनाको शिक्षाबाट केवल शिक्षित बेरोजगार मात्र उत्पादन हुन्छन्। हाम्रो शिक्षा प्रणालीलाई संरचनागत रुपमा बदल्न र शिक्षाबाट जीवन यापनमा सहयोग पुऱ्याउन प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्त्व झन् बढेको पाइन्छ। खाँडादेवी गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन गाउँपालिकामा उपलब्ध स्रोत र साधनलाई अधिकतम् उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुन्छ। श्रमलाई सिप, सिपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गरेर सबल सुदृढ तथा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नु आजको अपरिहार्य आवश्यकता हो। राज्यलाई शैक्षिक बेरोजगारको भीड थेग्न स्वदेशमा नै उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गर्दै उद्यमशिलता, व्यवसायिकता र रोजगारीको अवसर वृद्धि गर्दै जानु आवश्यक छ।

नेपालमा सिप र व्यवसायको विकास, हस्तकला, मूर्तिकला र वास्तुकलाका वस्तुहरूको उत्पादन लिच्छवीकालदेखि नै हुँदै आएको पाइन्छ। औपचारिक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ कलेज) बाट भएको हो। सघन रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्न वि.स. २०६८/०६९ देखि भएको हो। हाल नेपाल सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द्र र प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (CTEVT) ले प्राविधिक तथा व्यावसायिक धारका विद्यालयहरू सञ्चालन गरिहेका छन्। नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत रहेको छ।

### ३.८.२ वर्तमान अवस्था

खाँडादेवी गाउँपालिकालाई यसको भौगोलिक बनोट तथा हावापानीअनुसार कृषि तथा पशु पालनका लागि उपयुक्त क्षेत्रमा मानिन्छ। विगतदेखि नै यस क्षेत्रमा कृषि वा भेटेनरी अन्तर्गत प्राविधिक शिक्षालय स्थापना गर्न यहाँका जनताहरूको उच्च आकाङ्क्षाहरू बिचबाट यस क्षेत्रको वडा नं. ६ अन्तर्गत पर्ने श्री विष्णु जनज्योति माध्यमिक विद्यालयमा बालीविज्ञान अन्तर्गत प्राविधिक धारको विद्यालय सञ्चालन गर्ने समुदाय र विद्यालय व्यवस्थापन समितिको निर्णय र खाँडादेवी गाउँपालिकाको अनुमतिमा २०७६ वैशाख २ देखि यस गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालय स्थापना भएको छ। हाल यस विद्यालयबाट पहिलो पटक एसइइ मा विद्यार्थी सहभागी भई कक्षा ११ को पठनपाठनको तयारी भइरहेको छ। यस विद्यालयमा कक्षा १० मा ३५ र कक्षा ९ मा २६ जना गरी ६१ जना विद्यार्थी प्राविधिक तथा व्यावसायिक धारमा अध्ययनरत छन्। यस धारको शिक्षा स्थानीय स्तरमा स्रोत साधनमा आधारित व्यावसायिक सिप र उद्यमशीलतामा आधारित आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वाबलम्वी हुन सिक्नु पर्छ। प्राविधिक तथा व्यावसायिक विद्यालयको विकासका लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारसमेतको अपनत्व विकास हुन जरुरी छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को TECS कार्यक्रमअन्तर्गत श्री प्रयागेश्वर माध्यमिक विद्यालयमा तीन बर्षे डिप्लोमा इन सिभिल इन्जिनियरिङ र प्रिडिप्लोमा इन सिभिल इन्जिनियरिङ विषयमा शैक्षिक कार्यक्रम सञ्चालन हुँदै आएको छ। कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, कार्पेन्ट्री, सङ्गीत, ललितकला जस्ता विषयमा समेत प्राविधिक धारको शिक्षा सञ्चालन गर्ने सम्भाव्यता रहेको छ।

### ३.८.३ मुद्दा, समस्या, चुनौती र अवसर

**मुद्दाः**

१. साधारण विद्यालयमा प्राविधिक तथा व्यावसायिक विषय समायोजन गर्ने वा प्राविधिक धारको छुट्टै विधागत विद्यालय सञ्चालन गर्ने,
२. बजारको मागमा आधारित छोटो अवधिको प्राविधिक तथा व्यावसायिक तालिमको अवसर विस्तार गर्ने वा यस विषयमा प्राज्ञिक कोर्सहरू सञ्चालन गरी उच्च शिक्षासम्म लैजाने।

**समस्याः**

१. प्राविधिक तथा व्यावसायिक धारमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नका लागि आवश्यक भौतिक पूर्वाधार पर्याप्त नहुनु,
२. प्राविधिक धारका विषयहरू अध्यापनका लागि दक्ष जनशक्ति शिक्षक/प्रशिक्षकको न्यून उपलब्धता,
३. आवश्यक वित्तीय स्रोतको कमी,
४. प्राविधिक तथा व्यावसायिक विषयहरूको विविधीकरण हुन नसक्नु,
५. विद्यार्थी सिकाइ उपलब्धि न्यून,
६. शिक्षण प्रविधिमैत्री हुन नसक्नु,
७. प्राविधिक शिक्षामा आर्थिक सामाजिक रुपले पछिपरेका वर्ग समुदायको पँहुच सहज हुन नसक्नु।

**चुनौतीः**

१. व्यावसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्नका लागि व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी वृद्धि,
२. राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारको मागलाई पूर्ति गर्न सक्ने जनशक्तिको उत्पादन,
३. विपद् उत्थानशील एवम् प्रविधिमैत्री भौतिक पूर्वाधारको विकास।

**अवसर:**

१. प्राविधिक तथा व्यावसायिक शिक्षाप्रति आज अभिभावक तथा विद्यार्थीहरूको बढ्दो आकर्षण,
२. प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि स्थानीय सरकारको लगानी बढ्दो क्रममा हुनु,
३. प्राविधिक तथा व्यावसायिक शिक्षा अन्तर्गत कृषि विज्ञान विषय सञ्चालन प्रति सरोकारवालाहरूको चासो बढ्दै जानु,
४. सङ्घ तथा प्रदेश सरकारसमेतको नीति तथा कार्यक्रममा प्राविधिक शिक्षा उच्च प्राथमिकतामा पर्नु,
५. खाँडादेवी गाउँपालिकाभित्र उपलब्ध प्राकृतिक स्रोत साधनहरू उर्वरायुक्त जमिन, जैविक विविधता, पर्यटकीय क्षेत्रहरूका आधारमा यस क्षेत्रको प्राविधिक शिक्षासँग उचित मेल खाने,
६. शैक्षिक विकासका दृष्टिकोणले गुणस्तरीय शिक्षा र प्राविधिक शिक्षाका हिसाबले शैक्षिक हवका रुपमा विकास गर्ने सम्भावना हुनु,
७. कृषि, पशु र फलफूल उत्पादनको हिसाबले रामेछापकै सम्भावना बोकेको ठाँउको रुपमा रहनु,
८. प्राविधिक शिक्षामार्फत विद्यालय तहबाटै सिकाइसँगै कमाई गर्ने कार्यक्रम सिपमूलक र उद्यमशीलतामा आधारित व्यावसायिक र रोजगारमूलक प्रकृतिका बहुप्राविधिक विषय र कार्यक्रमलाई व्यवस्थित बनाउन सकिने आधार हुनु,

## ३.५.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्य:**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पहुँच विस्तार गर्नु,
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको गुणस्तर सुधार गर्नु,
३. स्वरोजगारीको अवसर अभिवृद्धि गर्नु।

**रणनिति:**

१. गाउँपालिका प्राविधिक धारका विद्यालय सञ्चालन गर्न आवश्यक पूर्वाधार विकास गर्ने, (उद्देश्य १)
२. गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कम्तीमा ३ ओटा मुख्य प्राथिमकतामा रहेका बजारको मागमा आधारित प्राविधिक विषय (कृषि, कम्प्युटर इन्जिनियरिङ्, सिभिल) मा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्न उच्च प्राथमिकता दिने, (उद्देश्य १)
३. प्राविधिक धारको विषयमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूलाई प्रोत्साहनको व्यवस्था गर्ने, (उद्देश्य १)
४. प्राविधिकधारको शिक्षामा अध्यापन गर्ने शिक्षक/प्रशिक्षक नियुक्ति गर्ने पद्धतिलाई प्रतिस्पर्धी बनाई योग्य, दक्ष र क्षमतावान व्यक्ति नियुक्ति हुने अवस्थाको सुनिश्चित गर्ने, (उद्देश्य २)
५. प्राविधिकधारको शिक्षामा अध्यापन गर्ने शिक्षक/प्रशिक्षक तथा अन्य प्राविधिक जनशक्तिको निरन्तर पेसागत क्षमता विकासमा विशेष जोड दिने, (उद्देश्य २)
६. प्राविधिक धारको शैक्षिक कार्यक्रम सञ्चालित विद्यालयमा ICT ल्याव, पुस्तकालय एवम् प्रयोगशालाको उचित प्रबन्ध मिलाउने, (उद्देश्य २)
७. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई गाउँपालिकाभित्रै रोजगारीको अवसर प्रदान गर्ने, (उद्देश्य ३)
८. प्राविधिक तथा व्यावसायिक शिक्षाका उत्पादनलाई स्वरोजगार तथा रोजगारको अवसरका लागि सहजीकरण गरी श्रमबजारसँग आबद्ध गराई दिने। (उद्देश्य ३)

**कार्यनीतिः**

१. प्राविधिकधारका विद्यालयहरूको पूर्वाधार विकासका लागि आवश्यक स्रोत व्यवस्थापनका लागि सङ्घ, प्रदेश, गैरसरकारी सङ्घ/संस्था एवम् निजी क्षेत्रहरूसँग समन्वय, सहकार्य तथा लागत साझेदारीको सिद्धान्त अवलम्बन गरिने छ। (रणनीति १)

२. प्राविधिकधार सञ्चालन गर्न चाहने माध्यमिक विद्यालय तथा शिक्षालयहरूलाई प्रोत्साहित गरिने छ। (रणनीति २)

३. बजारको मागमा आधारित उच्च प्राथमिकतामा रहेका प्राविधिक विषय शैक्षिक कार्यक्रम सञ्चालन गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सँग समन्वय र सहकार्य गरिने छ। (रणनीति २)

४. प्राविधिकधारका विषयहरू अध्ययन गर्ने विद्यार्थीहरूलाई आवसीय सुविधा, अति गरिब, विपन्न, दलित, अपाङ्गता भएका र अतिसिमान्तकृत समुदायका बालबालिकाका लागि छात्रवृत्ति लगायतको व्यवस्थाद्वारा प्रोत्साहित गरिने छ। (रणनीति ३)

५. प्राविधिकधार सञ्चालित विद्यालयहरूमा शिक्षक तथा प्राविधिक कर्मचारीको छनोट प्रक्रियालाई प्रतिस्पर्धी बनाइनेछ, (रणनीति ४)

६. शिक्षक एवम् कर्मचारीहरूको निरन्तर पेसागत विकासका अवसर उपलब्ध गराइनेछ, (रणनीति ५)

७. पर्याप्त सन्दर्भ सामग्रीहरूसहितको सुविधासम्पन्न पुस्तकालय, सूचना तथा सञ्चारप्रविधि ल्याब एवम् विषयगत प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन गरिने छ। (रणनीति ६)

८. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई स्व:रोजगार बनाउन सुरुवाती चरणमा आर्थिक सहयोग गरी समय-समयमा माग र आवश्यकताको आधारमा व्यावसायिक तालिम उपलब्ध गराईनेछ। (रणनीति ७)

९. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई गाउँपालिकाभित्रै रोजगारीको अवसर प्रदान गरिने छ। (रणनीति ८)

१०. प्राविधिक तथा व्यावसायिक शिक्षाका उत्पादनलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रमबजारसँग आबद्ध गराइने छ। (रणनीति ८)

### ३.५.५ उपलब्धि र नतिजा

**उपलब्धिः**

१. विपन्न, अतिसीमान्तकृत, अपाङ्गता भएका युवाहरूको प्राविधिकधारको शिक्षामा पहुँच विस्तार भएको हुने छ।

२. गाउँपालिकामा रहेका प्राविधिकधारका विद्यालयहरूमा प्रशासनिक र व्यवस्थापकिय रुपले व्यवस्थित भएका हुने छन्।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउने प्रशिक्षकहरूको क्षमता अभिवृद्धि भएको हुने छ।

**नतिजाः**

| क्र.स. | सूचक | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | TECS अन्तर्गत अध्ययन गर्ने विद्यार्थी सङ्ख्या | ३० | ३२ | ३५ | ४० | ४५ |
| २ | प्राविधिकधारमा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या | ६१ | ७० | ७५ | ८० | १०० |
| ३ | उत्पादित जनशक्तिले गाउँपालिकामानै रोजगारी पाउने सङ्ख्या | | २ | ३ | २ | ३ |

### ३.५.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | प्राविधिकधार सञ्चालित विद्यालयको शिक्षक व्यवस्थापनका लागि शिक्षक अनुदानको व्यवस्था | सङ्ख्या | १ | २ | २ | ३ | ३ | ११ | |
| २ | प्राविधिकधार सञ्चालित विद्यालयको क्षमता विकासको लागि लागत साझेदारीका कार्यक्रम सञ्चालन | विद्यालय | २ | २ | २ | २ | २ | १० | |
| ३ | गरिब तथा जेहेन्दार, दलित विद्यार्थीलाई छात्रवृत्ति वितरण | जना | १० | २० | ३० | ४० | ५० | १५० | |
| ४ | जनशक्तिको क्षमता विकास कार्यक्रम सञ्चालन | गोटा | १ | १ | १ | १ | १ | ५ | |
| ५ | प्रयोगशाला व्यवस्थापन | विद्यालय | | १ | | १ | | २ | |
| ६ | अनुसन्धानकार्यको लागि प्रोत्साहन | विद्यालय | २ | २ | २ | २ | २ | १० | |
| ७ | लागत साझेदारीमा व्यवसायिक तथा सिपमूलक तालिम सञ्चालन | सङ्ख्या | | | १ | | १ | २ | |
| ८ | उत्पादित जनशक्तिलाई गाउँपालिकामा नै रोजगारीको प्रवन्ध | जना | | २ | २ | ३ | २ | ९ | |

### ३.५.७ प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | प्राविधिकधार सञ्चालित विद्यालयको शिक्षक व्यवस्थापनका लागि शिक्षक अनुदानको व्यवस्था | ५०० | १००० | १००० | १५०० | १५०० | ५५०० | |
| २ | प्राविधिकधार सञ्चालित विद्यालयको क्षमता विकासको लागि लागत साझेदारीका कार्यक्रम सञ्चालन | ५० | १०० | १०० | १०० | १०० | ४५० | |
| ३ | गरिब तथा जेहेन्दार, दलित विद्यार्थीलाई छात्रवृत्ति वितरण | | ४० | ६० | ८० | १०० | २८० | |
| ४ | जनशक्तिको क्षमता विकास कार्यक्रम सञ्चालन | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ५ | प्रयोगशाला व्यवस्थापन | | ६५० | | ६५० | | १३०० | |
| ६ | अनुसन्धानकार्यको लागि प्रोत्साहन | | ४० | ४० | ६० | ६० | २०० | |
| ७ | लागत साझेदारीमा व्यवसायिक तथा सिपमूलक तालिम सञ्चालन | | | १०० | | १०० | २०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | उत्पादित जनशक्तिलाई गाउँपालिकामा नै रोजगारीको प्रवन्ध | | ४०० | ६०० | ७०० | ८०० | २५०० | |
| | जम्मा | ६०० | २२८० | १९५० | ३१४० | २७१० | १०६८० | |

## ३.६ उच्च शिक्षा

### ३.६.१ परिचय

नेपालको संविधानले उच्च शिक्षा प्राप्त गरिसकेपछि न्युन, मध्यम, दक्ष र उच्च दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ। स्नातक उत्तीर्णपछि मध्यम जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ भने स्नातकोत्तर र सोभन्दा माथि उत्तीर्णपछि उच्च दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ। खाँडादेवी गाउँपालिकाभित्र प्रयागेश्वर बहुमुखी क्याम्पसमा उच्च शिक्षाअन्तर्गत स्नातक तहसम्मको अध्यापन हुने गर्दछ। उच्च शिक्षाका लागि यस खाँडादेवी गाउँपलिकामा रहेको सो क्याम्पसबाट मध्यम दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको पाइन्छ।

रामेछाप जिल्लाको सदरमुकाम मन्थली बजारदेखि करिब ११ किलोमिटरमा क्याम्पस खाँडादेवी गाउँपालिकाको गहनाको रूपमा रहेको छ। ग्रामीण क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरूको उच्च शिक्षाको आवश्यकता परिपूर्ति गर्ने उद्देश्यका साथ उक्त क्याम्पस स्थापना भएको हो। क्याम्पसले त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी स्नातक तह सञ्चालन गरेको छ। रामेछाप जिल्लामा सञ्चालित ४ वटा क्याम्पसमध्ये खाँडादेवी गाउँपालिकामा एकमात्र उच्च शिक्षा प्रदायक संस्था हुनु खाँडादेवीवासीका निम्ति गौरवको कुरा हो। नेपालका दूरदराजमा यस्ता क्याम्पस खुल्नु र गाउँठाउँ, कुटो कोदालो गर्दै उच्च शिक्षा हासिल गर्न पाउनु यस भेगका युवाका लागि उज्यालो तर्फको यात्रा हुने कुरामा दुईमत रहँदैन। यसबाट व्यक्ति समाज र राष्ट्र सबैलाई सकारात्मक प्रभाव पर्न जान्छ।

वि.सं. २०६४ मा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सञ्चालनमा आएको उक्त क्याम्पसमा शिक्षाशास्त्र सङ्काय सञ्चालित छ। उक्त क्याम्पसले खाँडादेवी गाउँपालिका सेवाक्षेत्रभित्र महत्त्वपूर्ण भूमिका खेलेको छ। आर्थिक रुपमा सबल नभएपनि शैक्षिक रूपमा यसको योगदानलाई कदापि नकार्न सकिन्न। यस क्याम्पसले शैक्षिक जनशक्ति उत्पादन गरेपनि अन्य विधाका जनशक्ति उत्पादन गर्ने गरी क्याम्पस बहुमुखीका रूपमा सञ्चालन गर्न गाउँपालिकालाई आम गाउँबासीको अपेक्षा रहेको छ।

### ३.६.२ वर्तमान अवस्था

खाँडादेवी गाउँपालिकामा बसोबास गर्ने क्याम्पस पढ्ने उमेरका धेरै जसो बालबालिकाहरू गाउँपालिकाभन्दा बाहिर अध्ययन गर्न गएको पाइन्छ। गुणस्तरीय शिक्षा, सुविधा, आदि कारण देखाई राजधानी जाने विद्यार्थीहरूको ठूलो समूह रहेको छ। तथापि गाउँ ठाउँमा पढ्ने इच्छा राख्ने, आफ्नो घरको आटोपि ठो खाएर पढ्छु भन्ने उद्देश्य राख्नेर न्यून आम्दानी हुने बालबालिकाका लागि प्रयागेश्वर बहुमुखी क्याम्पस वरदान सावित भएको छ। खाँडादेवी गाउँपालिकामा रहेको एकमात्र उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाले शिक्षा शास्त्र सङ्कायमा दक्ष जनशक्तिक उत्पादनमा दिएको योगदान अतुलनीय छ।

क्याम्पसको सुरु गर्ने समयमा श्रीमद्भागवत पुराण लगाई सोबाट जम्मा भएको आर्थिकबाट जोहो गरेर उक्त क्याम्पस सञ्चालन गरेका मनकारी व्यक्तिहरूको सहयोग, चन्दा तथा विद्यार्थीको शुल्कबाट क्याम्पस सञ्चालन हुँदै आइरहेको छ। खाँडादेवी गाउँपालिकाको कुल विद्यार्थी मध्ये प्रयागेश्वर बहुमुखी क्याम्पसले ०.६८% र खाँडादेवी गाउँपालिकामा बसोबास गर्ने १५ वर्ष माथिका जम्मा जनसंख्या मध्ये १.०८% उच्च शिक्षा प्रदान गरेको छ।

### ३.६.३ मुद्दा, समस्या, चुनौती र अवसर

**मुद्दा :**

१. स्थानीय तहमा सञ्चालित उच्च शिक्षाका लागि आवश्यक लगानी।

**समस्या:**

१. उच्च शिक्षामा सीमित विषयगत छनोटको अवस्था हुनु,
२. उच्च शिक्षामा शैक्षिक विकासका लागि आवश्यक लगानीको स्रोत सुनिश्चित हुन नसक्नु,
३. दक्ष शिक्षकको कमी हुनु,
४. अपेक्षित शैक्षिक गुणस्तर सुधार गर्न नसक्नु,
५. उच्च शिक्षामा विद्यार्थी सहभागिता अति न्यून हुनु,
६. शिक्षकको पेसागत क्षमताको विकासका अवसरहरूको कमी।

**चुनौती:**

१. खाँडादेवी गाउँपालिकामा रहेको १ मात्र यस क्याम्पस मा विद्यार्थी भर्नादरमा वृद्धि गराउनु,
२. भौतिक पूर्वाधारको व्यवस्थापन,
३. विषयगत तथा पूर्णकालिन शिक्षक व्यवस्थापन,
४. क्याम्पसका नियमित आय श्रोतको अभाव हुनु,
५. गुणस्तरीय र जीवनोपयागी शिक्षा प्रदान गर्न ,
६. सूचना तथा संचार प्रविधिको पहुँच,
७. राजधानी केन्द्रित विद्यार्थीलाइ रोक्न,
८. अभिभावकको कमजोर आर्थिक अवस्था,
९. माध्यमिक विद्यालयहरूसँग सुमधुर सम्बन्ध कार्य गर्न,
१०. विद्यालय शिक्षा सम्पन्न गरेका विद्यार्थीहरूलाई गाउँपालिकामै गुणस्तरीय शिक्षा उपलब्ध गराउने,
११. भौगोलिक विकटता,
१२. शैक्षिक योजना कार्यान्वयनमा आर्थिक अभाव,
१३. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका विपद्प्रति उत्थानशील बनाउन,
१४. गरिब तथा सुविधाविहीन बालबालिकाहरूलाई छात्रवृत्ति लगायत अन्य सहायतासहित सिकाइमा सहभागी बनाउनु।

**अवसर:**

१. संवैधानिक, नीतिरगत र कानूनि प्रावधान,
२. शैक्षिक विकासका लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन,
३. शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु।

## ३.६.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्य:**

१. माध्यमिक तह पूरा गरेका विद्यार्थीहरूको उच्चशिक्षामा प्रवेश दरमा वृद्धि गर्नु,
२. उच्च शिक्षामा विद्यार्थीहरूको शैक्षिक उपलब्धिस्तर अभिवृद्धि हुनु,
३. उच्च शिक्षामा सुशासन र व्यवस्थापन प्रणालीमा सुधार हुनु।

**रणनिति:**

१. माध्यमिक तह पूरा गरेका विद्यार्थीहरूलाई आफ्नै गाउँठाउँमा उच्च शिक्षा अध्ययन गर्ने प्रोत्साहन गर्ने, (उद्देश्य १)
२. पालिकाभित्र र छिमेकी पालिकाहरूमा सञ्चालित माध्यमिक विद्यालयहरू र उच्च शिक्षा प्रदायक संस्थाहरूसँग

शैक्षिक सम्बन्ध कायम गर्ने। (उद्देश्य १)
३. शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरणको निर्माण गर्ने, (उद्देश्य २)
४. अद्यावधिक स्रोत तथा सन्दर्भ सामग्रीहरूसहितको पुस्तकालयको प्रबन्ध गर्ने, (उद्देश्य २)
५.शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्नु, (उद्देश्य २)
६. सक्षम र सबल नेतृत्त्व चयनको प्रबन्ध गर्ने, (उद्देश्य ३)
७. उच्च शिक्षा प्रदायक संस्थालाई आवश्यक अनुदान उपलब्ध गराउने। (उद्देश्य 3)

**कार्यनीतिः**

१. गाउँपालिकाभित्रका माध्यमिक विद्यालयबाट विद्यालय शिक्षा पूरा गरेका सीमान्तकृत, विपन्न, अपाङ्गता भएका युवालाई उच्च शिक्षामा अध्ययन गर्न आवास सुविधासहितको छात्रवृत्ति लगायतका प्रोत्साहन उपलब्ध गराइने छ। (रणनीति १)
२. गाउँपालिकाभित्र एवम् अन्य छिमेकी गाउँपालिकाहरूमा सञ्चालित माध्यमिक विद्यालयहरुसँग बैठक तथा अन्तर्क्रिया सञ्चालन गरी उच्च शिक्षाका शैक्षिक कार्यक्रमको बारेमा जानकारी गराइने छ, (रणनीति २)
३. सम्भावित अभिभावकहरूको भेला बैठकको आयोजना गरी उच्च शिक्षा सम्बन्धी कार्यक्रमहरूको बारेमा जानकारी गराइने छ। (रणनीति २)
४. क्याम्पसका कक्षाहरूलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा उपयोग गरिने छ। (रणनीति ३)
५. ई-पुस्तकालयको अवधारणाअनुरूप विद्यार्थीहरूलाई अनलाईन अध्ययन सामग्रीहरू उपलब्ध गराइने छ। (रणनीति ४)
६. प्रयाप्त स्रोत तथा सन्दर्भ सामग्रीहरूको व्यवस्थापन सहितको पुस्तकालयको व्यवस्थापन गरिने छ। (रणनीति ४)
७. त्रि.वि.वि.सँगको सहकार्यमा उच्च शिक्षामा अध्यापनरत शिक्षकहरूलाई गोष्ठी, सेमिनार, तालिम, अध्ययन भ्रमण लगायतका उपाहरूको अवलम्बन गरी पेसागत क्षमता अभिवृद्धिमा टेवा पुऱ्याइने छ। (रणनीति ५)
८. उच्च शिक्षामा अध्यापनरत अध्यापकहरूलाई विभिन्न विद्यालयहरूमा नमुना कक्षाका लागि आग्रह गरी उचित प्रोत्साहन प्रदान गरिने छ। (रणनीति ५)
९. सम्बन्धित निकायहरुसँगको सहकार्यमा नेतृत्त्व क्षमताका आधारमा क्याम्पसको नेतृत्त्व चयन गरिने छ। (रणनीति ६)
१०. उच्च शिक्षाका लागि गाउँपालिकाबाट उपलब्ध गराइने अनुदान रकमलाई क्याम्पसको कार्यसम्पादनसँग आबद्ध गराइ प्रोत्साहनको रुपमा उपलब्ध गराइने छ। (रणनीति ७)

### ३.६.५ उपलब्धि र नतिजा

**उपलब्धिः**

१. गाउँपालिकाभित्र सञ्चालित उच्च शिक्षा कार्यक्रममा विद्यार्थी भर्नादरमा बृद्धि भएको हुने छ।
२. विद्यार्थीहरूको शैक्षिक उपलब्धिस्तरमा सुधार भएको हुने छ।
३. उच्च शिक्षामा सुशासन र व्यवस्थापन पद्धति सुदृढ भएको हुने छ।

**नतिजाः**

| क्र.स. | सूचक | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | कुल विद्यार्थी मध्ये उच्च शिक्षा लिने विद्यार्थी प्रतिशत | ०.६८ | ०.७० | ०.८० | ०.९० | १ |
| २ | १५ वर्ष माथिका जम्मा जनसङ्ख्या मध्ये उच्च शिक्षा प्राप्त गर्ने जनसङ्ख्या प्रतिशत | १.०८ | २ | २.५ | ३ | ३.५ |

### ३.६.६ प्रमुख क्रियाकलापहरू र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | माध्यमिक तह पुरा गरेका बालबालिकालाई गाउँपालिकामा नै अध्ययन गराउन छात्रवृत्तिको व्यवस्था | सङ्ख्या | २० | ३० | ४० | ५० | ६० | २०० | |
| २ | छिमेकी गाउँपालिकाका उच्च शिक्षा प्रादयकहरुसँग असल अभ्यास आदानप्रदान कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | उच्च शिक्षा सम्बन्धी सचेतनामूलक तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | | १ | | १ | १ | ५ | |
| ४ | सूचना प्रविधियुक्त कक्षाकोठा व्यवस्थापन | विद्यालय | २ | २ | २ | २ | २ | २ | |
| ५ | प्रयोगशाला व्यवस्थापन | विद्यालय | | २ | | | २ | २ | |
| ६ | क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | प्राविधिक जनशक्ति व्यवस्थापनका लागि अनुदानको व्यवस्था | | ५ | ५ | ६ | ७ | ८ | ३१ | |
| ८ | अभिभावकको आयआर्जन अभिवृद्धिका लागि सिपमूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | | | २ | | २ | ४ | |

### ३.६.७ उच्च शिक्षाका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | माध्यमिक तह पुरा गरेका बालबालिकालाई गाउँपालिकामा नै अध्ययन गराउन छात्रवृत्तिको व्यवस्था | ६० | ६० | ८० | १०० | १०० | ४०० | |
| २ | छिमेकी गाउँपालिकाका उच्च शिक्षा प्रादयकहरुसँग असल अभ्यास आदानप्रदान कार्यक्रम सञ्चालन | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ३ | उच्च शिक्षा सम्बन्धी सचेतनामूलक तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | | ५० | | १०० | १०० | २५० | |
| ४ | सूचना प्रविधियुक्त कक्षाकोठा व्यवस्थापन | | २०० | २०० | २०० | २०० | ८०० | |
| ५ | प्रयोगशाला व्यवस्थापन | | २०० | | | २०० | ४०० | |
| ६ | क्षमता विकास कार्यक्रम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ७ | प्राविधिक जनशक्ति व्यवस्थापनका लागि अनुदानको व्यवस्था | ५०० | ५०० | ६०० | ७०० | ८०० | ३१०० | |
| ८ | अभिभावकको आयआर्जन अभिवृद्धिका लागि सिपमूलक कार्यक्रम सञ्चालन | | | १०० | | १०० | २०० | |
| | जम्मा | ७१० | ११६० | ११३० | १२५० | १६५० | ५९०० | |

# परिच्छेद ४

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार पाठ्यक्रम हो। पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सिप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकुल सयोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा,व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा संलग्न हुन सहयोग पुग्दछ। पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारुकेन्द्रित र तथ्यपरक हुनुपर्दछ। वास्तवमा मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य-मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सिप तथा परिवेश अनुकूल पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो। व्यावसायिक शिक्षा, स्वास्थ्य, शारीरिक र वातावरण शिक्षा, सिर्जनशील तथा अभिव्यक्तशील कला जस्ता परम्परागत विषयलाई निरन्तरता दिँदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य,संगीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरू संलग्न गरी पाठ्यक्रमलाई सान्दर्भिक र व्यावहारिक बनाउनु न्यायोचित देखिन्छ। विद्यालय तहको पाठ्यक्रमलाई प्रभावकारी बनाउन आवश्यकताअनुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवन उपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्नुपर्छ।

### ४.१.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले कक्षा १-३ सम्म अन्तरसम्बन्धित विषयहरूलाई एकीकृत गरेको छ। विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी पाठ्यक्रम विकास केन्द्रलाई प्रदान गरिएता पनि कक्षा (१-३) सम्म ५ पाठ्यघण्टा, १६० कार्यघण्टा र कक्षा (४-८) सम्म ४ पाठ्यघण्टा, १२८ कार्यघण्टा रहेको मातृभाषा/स्थानीय पाठ्यक्रम स्थानीय तहले निर्माण गर्ने व्यवस्था गरिएको छ। यस गाउँपालिकामा कक्षा (१-८)को स्थानीय पाठ्यक्रम निर्माण भईसकेको छ। मूल्याङ्कनसम्बन्धी नीतिगत व्यवस्थालाई हेर्दा कक्षा (१-३) सम्म सबै निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहेको छ। कक्षा (४-८) मा ५०% निरन्तर र ५०% आवधिक परीक्षाबाट हुने व्यवस्था रहेको छ।

### ४.१.३ मुद्दा, समस्या,चुनौती र अवसर

**मुद्दाः**

१. स्थानीय पाठ्यक्रम र राष्ट्रिय पाठ्यक्रमबिच तालमेल,
२. पाठ्यक्रमको अपनत्व र स्वामित्व,
३. पाठ्यक्रमको तत्वले समेट्ने क्षेत्रहरू,
४. शैक्षिक केन्द्रीकरण, विकेन्द्रीकरण र यसको स्थानीयकरणको प्रभावकारिता,
५. मूल्याङ्कन प्रणाली आवधिक कि निरन्तर।

**समस्याः**

१. राष्ट्रिय र स्थानीय पाठ्यक्रमको मर्मअनुरुप शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन कठिनाई,
२. शिक्षकद्वारा लिइएको पेसागत सिप विकास तालिमको प्रभाव न्यून हुनु,
३. पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाइमा मात्र जोड दिइनु,
४. पाठ्यक्रम कार्यान्वयनमा सरोकारवालाको प्राथमिकता न्यून हुनु,

५. निरन्तर मूल्याङ्कनको प्रभावकारी कार्यन्वयन हुन नसक्नु,
६. पाठ्यक्रम कार्यान्वयनमा स्रोत र साधनहरू अपर्याप्त हुनु।

**चुनौतीः**

१. पाठ्यक्रम कार्यान्वयन अवस्था पत्ता लगाउन सूचकको आधारमा सहभागितामूलक र नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्ने,
२. पाठ्यक्रमका ज्ञान, सिप र प्रविधिलाई आधुनिक प्रविधि (ICT) सँग सामञ्जस्य गर्ने,
३. पाठ्यक्रमलाई सैद्धान्तिक मात्र नभई व्यावहारिक जीवनोपयोगी बनाउन,
४. पाठ्यक्रम विकास एवम् कार्यान्वयनका लागि संस्थागत संयन्त्रको विकास गर्ने र भएका संयन्त्रको संस्थागत क्षमता सबलीकरण गर्ने,
५. स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री अपेक्षित रुपमा विकास तथा परिमार्जन गर्ने,
६. निन्तर मूल्याङ्कन पद्धतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,
७. स्थानीय स्रोत, साधन, स्थापित मूल्य मान्यता तथा मौलिक परम्परामा आधारित पाठ्यसामग्री निर्माण गर्ने।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरूको संलग्नता र क्रियाशीलता रहनु,
३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्ने नसक्नु,
४. स्थानीय तहको क्रियाशीलतामा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन हुनु
५. गाउँपालिकाको सबै विद्यालयमा इन्टरनेटको पहुँच हुनु।

## ४.१.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्यः**

१. पाठ्यक्रमको उद्देश्य अनुरुप सिकारुमा ज्ञान,सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
२. स्थानीय पाठ्यक्रम र सम्बन्धित पाठ्यसामग्रीको परिमार्जन गरी कार्यान्वयन गर्नु ,
३. आवधिक र निरन्तर मूल्याङ्कनको प्रभाकारी कार्यान्वयन गर्नु ,
४. सूचकमा आधारित सहभागीतामूलक र नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्नु।

**रणनीतिः**

१. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन गर्ने , (उद्देश्य १)
२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधीकरण गर्ने , (उद्देश्य १)
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गर्ने, (उद्देश्य १)
४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, (उद्देश्य १)
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोतसामग्री तथा विद्यार्थीका लागि सिकाइसामग्री, स्व:अध्ययन तथा सन्दर्भसामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने, (उद्देश्य १)
६. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीयभाषा, बहुभाषा प्रयोग गर्ने, (उद्देश्य १)
७. समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुहरुलाई

प्राथमिकता दिई स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको परिमार्जन र अभिमुखीकरण गर्ने, (उद्देश्य २)

८. मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने, (उद्देश्य २)

९. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादनसँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने, (उद्देश्य ३)

१०. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने, (उद्देश्य ३)

११. पाठ्यक्रम र मूल्याङ्कनको कार्यन्वयनको स्थिति पहिचान र आवश्यक प्राविधिक सहायता उपलब्ध गराउन सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन गर्ने। (उद्देश्य ४)

**कार्यनीतिः**

१. शिक्षकहरूलाई परिमार्जित पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गरिने छ। (रणनीति १,२)

२. शिक्षकको क्षमता विकासको लागि आवश्यकता र मागमा आधारित तालिम सञ्चालन गरिने छ।( रणनीति ३)

३. आवश्यकता पहिचान गरी विभिन्न सङ्घ/संस्थाहरुसँग लागत साझेदारीमा विद्यार्थीको सिकाइ क्षति परिपूरणको कार्यक्रम सञ्चालन गरिने छ। ( रणनीति ४)

४. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोतसामग्री तथा विद्यार्थीका लागि सिकाइसामग्री, स्वःअध्ययन तथा सन्दर्भ सामग्रीहरू निःशुल्क उपलब्ध गराईने छ। ( रणनीति ५)

५. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीयभाषा, बहुभाषा प्रयोग गर्ने वातावरण सृजना गरिने छ। ( रणनीति ६)

६. कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री परिमार्जन गरी कार्यान्वयन गरिने छ। साथै आवश्यकताको आधारमा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास गरिने छ। ( रणनीति ७,८)

७. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरिने छ। ( रणनीति ९)

८. स्तरिकृत परिक्षा सञ्चालन तथा मूल्याङ्कनसँग सम्बन्धित कार्यशाला, गोष्टि, सेमिनार, तालिम सञ्चालन गरिने छ। (रणनीति १०)

९. विद्यालय र शिक्षकको मूल्याङ्कनको लागि सूचकको निर्माण गरिने छ। (रणनीति ११ )

## ४.१.८ उपलब्धि र नतिजा

**उपलब्धिः**

१. पाठ्यक्रमको उद्देश्य अनुरुप सिकारुमा ज्ञान,सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ।

२. स्थानीय पाठ्यक्रम र सम्बन्धित पाठ्यसामग्रीको परिमार्जन गरी कार्यान्वयन भएको हुने छ।

३. आवधिक, निरन्तर मूल्याङ्कनको प्रभाकारी कार्यान्वयन र सूचकमा आधारित सहभागितामूलक र नतिजामूलक अनुगमन तथा मूल्याङ्कन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

**नतिजाः**

| क्र.स. | सूचक | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| २ | स्थानीय पाठ्यक्रमको परिमार्जन | | | | १ | |
| ३ | स्थानीय पाठ्यक्रमसँगसम्बन्धित पाठ्य सामग्रीको परिमार्जन | | | | | १ |
| ४ | स्तरीकृत प्रश्नको प्रयोग गर्ने विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ५ | परिमार्जित स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय | ४ | | | ४७ | ४७ |

| क्र.स. | सूचक | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| ६ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ७ | सिकाइ क्षति परिपूरण कार्यक्रम सञ्चालन भएका विद्यालय | | ४७ | ४७ | ४७ | ४७ |

### ४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | पाठ्यक्रम र शैक्षणिक योजना सम्बन्धी क्षमता विकास कार्यक्रम | सङ्ख्या | | १ | १ | १ | १ | ४ |
| २ | पाठ्यक्रम,पाठ्यसामग्री सम्बन्धी प्रबोधीकरण | पटक | | | | १ | | १ |
| ३ | शैक्षिकसामग्री निर्माण कार्यशाला | पटक | | १ | | १ | | २ |
| ४ | निर्माण भएको स्थानीय पाठ्यक्रम र सम्बन्धित स्रोतसामग्रीको परिमार्जन | पटक | | | | | १ | १ |
| ५ | स्तरिकृत परिक्षा तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | | १ | | | २ |
| ६ | अनुगमन र मूल्याङ्कन सम्बन्धी सूचक निर्धारण कार्यक्रम | पटक | | १ | | | १ | २ |

### ४.१.७ पाठ्यक्रम र मूल्याङ्कनसँग सम्बन्धित क्रियाकलाप कार्यान्वयनको लागि अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | पाठ्यक्रम र शैक्षणिक योजना सम्बन्धी क्षमता विकास कार्यक्रम | | १०० | १०० | १०० | १०० | ४०० |
| २ | पाठ्यक्रम,पाठ्यसामग्री सम्बन्धी प्रबोधीकरण | | | | १०० | | १०० |
| ३ | शैक्षिकसामग्री निर्माण कार्यशाला | | १०० | | १०० | | २०० |
| ४ | निर्माण भएको स्थानीय पाठ्यक्रम र सम्बन्धित स्रोतसामग्रीको परिमार्जन | | | | १०० | १०० | २०० |
| ५ | स्तरिकृत परिक्षा तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम | १०० | | १०० | | | २०० |
| ६ | अनुगमन र मूल्याङ्कन सम्बन्धी सूचक निर्धारण कार्यक्रम | | १०० | | | १०० | २०० |
| | **जम्मा** | १०० | ३०० | २०० | ४०० | ३०० | १३०० |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षकको व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना, रिक्त स्थानको पहिचान, पदपूर्ति,माग प्रतिशत निर्धारण, दरखास्त आव्हान तथा संकलन, जाँच तथा स्वीकृति लिने, परीक्षा सञ्चालन (लिखित,मौखिक,प्रयोगात्मक) ,उम्मेदवारहरूको

मूल्याङ्कन तथा छनोट, नतिजा प्रकाशन, सूचना प्रकाशन, नियुक्तिका लागि सिफारिस, नियुक्ति पदस्थापन, कार्य विवरण तयार गर्ने सम्मका कार्यहरू पर्दछन् ।यसका अतिरिक्त कार्यसम्पादन मूल्याङ्कन, जिम्मेवारी, वृत्तिविकास, सरुवा, बढुवा आदि गरिने गर्दछ। शिक्षकहरूको तालिम, अवलोकन भ्रमण, अनुसन्धान, जिम्मेवारी, बढुवा, तह वृद्धि, सेवा, सुविधा, सामाजिक सुरक्षा जस्ता कार्यहरू पनि पर्दछन्।

### ४.२.२ वर्तमान अवस्था

गाउँपालिकामा आधारभूत तह कक्षा (१-३) र कक्षा (१-५) सञ्चालित विद्यालयहरूमा शिक्षकको दरबन्दी पर्याप्तता रहेको तर विषयगत शिक्षकको प्रावधान नरहेकाले गणित, अङ्ग्रेजी अध्यापन गराउन केही कठिन देखिएको छ। आधारभूत तह कक्षा (६-८) मा विषयगत शिक्षकको दरबन्दी न्यून रहेकाले गाउँपालिकाले गाउँ अनुदान शिक्षकको व्यवस्था गरेको छ। माध्यमिक तहमा पनि सोहीअनुसारको समस्या जिवित रहेको छ। शिक्षकको वृत्ति विकासका लागि गाउँपालिकाले विभिन्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरेको छ। प्रदेश र सङ्घसँग समन्वय सहकार्य गरी तालिम सञ्चालन गरेको छ। तालिममा सिकेका विषयवस्तु व्यावहारिक रुपमा कक्षाकोठामा प्रयोगको स्थिति केही सुधार्नु पर्ने देखिन्छ। पुनर्ताजगी तालिम सञ्चालन गर्न सहज भए पनि शिक्षक पेसागत विकास (TPD) तालिमा शिक्षकहरूको माग बढी भएपनि स्थानीय तहले सञ्चालन गर्नसक्ने प्रावधान नरहेकाले शिक्षकहरूलाई तालिम प्रदान गर्न सकिएको छैन।

### ४.२.३ मुद्दा, समस्या, चुनौती र अवसर

**मुद्दाः**

१. संवैधानिक प्रावधानअनुरुप कक्षा १२ सम्मको विद्यालय व्यवस्थापन स्थानीय तहको जिम्मेवारीमा रहनु तर शिक्षक व्यवस्थापनको जिम्मेवारी सङ्घ, प्रदेश वा स्थानीय तहमध्ये कसले गर्ने भन्ने कुरामा अझै अस्पष्टता कायम हुनु,
२. शिक्षक पेसागत विकास तालिम विद्यालय/कक्षामा आधारित वा तालिम केन्द्रमा आधारित,
३. नतिजा र कार्य सम्पादन मूल्याङ्कनको समन्वय,
४. शिक्षक पेसातग विकास तालिम र पेसागत सहयोगको तालमेल।

**समस्याः**

१. विद्यालयमा आवश्यक कक्षागत/विषयगत शिक्षक दरबन्दी कमि हुनु,
२. वस्तुनिष्ठ मापदण्डका आधारमा शिक्षक दरबन्दी मिलान गर्न कठिनाई,
३. शिक्षकको पेसागत उन्नयनका लागि आवश्यकतामा आधारित तालिमको कमि,
४. शिक्षकको निरन्तर पेसागत विकासका लागि पेसागत सहयोग जस्तैः कोचिङ, मेन्टोरिङ्, उपलब्ध गराउन नसकिनु,
५. उत्तरदायित्व र जवाफदेहितामा कमी हुनु।

**चुनौतीः**

१. विद्यालयमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्न,
२. शिक्षण पेसालाई मर्यादित र रोजाइको पेसाका रुपमा विकास गर्न,
३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धि हासिल गर्न/ गराउन,
४. विद्यार्थी सिकाइउपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्न।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,

२. स्थानीय शिक्षा ऐन र नियमावली बनिसक्नु,
३. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरूको सक्रिय संलग्नता रहनु,
४. शैक्षिक विकासका लागि स्थानीय तहले आफ्नै आन्तरिक स्रोत परिचालन गर्नु।

### ४.२.४. उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्यः**

१. विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्नु,
२. शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु,
३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु।

**रणनीतिः**

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने, (उद्देश्य १)
२. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने , (उद्देश्य १)
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सीप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने, (उद्देश्य २)
४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने, (उद्देश्य २)
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने, (उद्देश्य ३)
६. शिक्षक तथा प्रधानाध्यापकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने। (उद्देश्य ३)

**कार्यनीतिः**

१. भौगोलिक विकटता,विद्यार्थी सङ्ख्या, सिकाइ उपलब्धि र विषयग शिक्षकको उपलब्धताका आधारमा विद्यालय समायोजन, दरबन्दी मिलान गरिने छ। (रणनीति १,२)
२. शिक्षकको स्थायी पदपूर्तिको लागि सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिने छ। (रणनीति २)
३. आवश्यकता पहिचान भएका तालिमको प्राथमिकीकरण गरी शिक्षकको पेसागत विकासका कार्यक्रम सञ्चालान गरिने छ। (रणनीति ३)
४. स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने छ। (उद्देश्य ४)
५. शिक्षकको नियमितता, कक्षा कोठमा विताउने समयको अभिलेखीकरणबाट प्राप्त नतिजाको आधारमा पुरस्कृत गराउने व्यवस्था प्रारम्भ गरिने छ। (रणनीति ५)
६. स्थानीय तहसँग प्र.अ. र प्र.अ.सँग शिक्षकको कार्यसम्पादन सम्झौता गरी विद्यालयको शैक्षिक, प्रशासनिक र व्यवस्थापकीय पक्षको सुधार गरिने छ। (रणनीति ६)
७. शिक्षकहरु लामो विदामा बस्दा पर्ने प्रभावलाई मध्यनजर गरेर सो समयको सिकाइ क्षतिपूर्तिको लागि बैकल्पिक व्यवस्था गरिने छ। (रणनीति ६)

### ४.२.५ उपलब्धि र नतिजा

**उपलब्धिः**

१. दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुने छ।
२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुने छ।

## नतिजा

| क्र.स. | सूचक | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ४० | ५ | ५ | १० | ५ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | ६० | १० | १० | १० | १० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | | ४७ | ४७ | ४७ | ४७ |

## ४.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | शिक्षक पेसागत सहयोगको लागि विज्ञहरूको छनौट | जना | ३० | ३० | ३० | ३० | ३० | १५० |
| ३ | शिक्षकहरुको लागि क्षमता विकास कार्यक्रम | जना | ४७ | ४७ | ४७ | ४७ | ४७ | २३५ |
| ४ | असल अभ्यास गरेका विद्यालयहरूको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | उत्कृष्ट विषयगत शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम | शिक्षक | ५४ | ५४ | ५४ | ५४ | ५४ | २७० |
| ६ | शिक्षकहरूको सामाजिक सञ्जालमा समूह निर्माण गरी अनुभव आदानप्रदान | समूह | १ | | | | | १ |
| ७ | शिक्षकले कक्षाकोठामा बिताउने समयको अभिलेखीकरण | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ८ | प्रधानाध्यापक र स्थानीय सरकारबिच कार्यसम्पादन करार | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | २७ |
| ९ | शिक्षक लामो बिदामा बस्दा हुने सिकाइका लागि बैकल्पिक व्यवस्था | निरन्तर | ४७ | ४७ | ४७ | ४७ | ४७ | २३५ |

## ४.२.७ शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यक्रम | | | | | | विद्यालयसँग समन्वय |
| २ | शिक्षक पेसागत सहयोगको लागि विज्ञहरूको छनौट | ५० | ५० | ५० | ५० | ५० | २५० |
| ३ | शिक्षकहरुको लागि क्षमता विकास कार्यक्रम | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| ४ | असल अभ्यास गरेका विद्यालयहरूको अवलोकन भ्रमण | | २०० | | | २०० | ४०० |
| ५ | उत्कृष्ट विषयगत शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० | १००० |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| ६ | शिक्षकहरूको सामाजिक सञ्जालमा समूह निर्माण गरी अनुभव आदानप्रदान | | | | | | विद्यालयसँग समन्वय |
| ७ | शिक्षकले कक्षाकोठामा बिताउने समयको अभिलेखीकरण | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ८ | प्रधानाध्यापक र स्थानीय सरकारबिच कार्यसम्पादन करार | ५० | ५० | ५० | ५० | ५० | २५० |
| ९ | शिक्षक लामो बिदामा बस्दा हुने सिकाइका लागि बैकल्पिक व्यवस्था | २०० | २०० | २०० | २०० | २०० | १००० |
| | **जम्मा** | ९०० | ११०० | ९०० | ९०० | ११०० | ४९०० |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

व्यक्तिले आर्थिक र सामाजिक रूपमा कमजोर भएकै कारण शिक्षा प्राप्त गर्ने अवसरबाट बञ्चित हुनुपरेको अवस्था हुन सक्छ। केहि विद्यार्थीहरुले बिचैमा पढाइ समेत छोडेको पाइन्छ। सबैको शिक्षामा पहुँच पुऱ्याउन नेपालको संविधान, शिक्षा ऐन तथा नियमावलीमा समेत व्यवस्था गरिएको छ। विगतमा कार्यान्वयन भएका सबैका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सहश्राब्दि विकास लक्ष्य, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्य लगायतका विभिन्न शैक्षिक योजना तथा कार्यक्रमहरुले समेत समावेशी शिक्षालाई समावेश गरेका छन। विभिन्न समयमा यस सम्बन्धि नीतिगत एवं संस्थागत प्रयास भएका छन। यस गाउँपालिका अन्तर्गत आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच पुऱ्याउन को लागि यो गाउँ शिक्षा योजनाले केहि नीतिगत प्रावधानहरु राखेको छ।

### ४.३.२ वर्तमान अवस्था

खाँडादेवी गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो। यसमा ब्राह्मण, क्षेत्री, जनजाति, दलित, अति सिमान्तकृत समुदाय, अपाङ्ता भएका बालबालिकाहरूको बसोबास छ। विभिन्न शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका/पारिएका दलित, महिला, अपाङ्गता भएका व्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ। समग्रमा महिलाहरूको जनसङ्ख्या यस गाउँपालिकामा बढी छ। विविधतालाई पहिचान दिनु, सम्मान गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित गरिनु जरुरी छ। बालबालिकामा भएका भिन्नताहरूले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ। EMIS प्रतिवेदन २०८० बमोजिम बालविकास केन्द्र र विद्यालयहरूमा गरी २० जना अपाङ्ता भएका बालबालिकाको विद्यालयमा भर्ना भएको देखिन्छ।

### ४.३.३ मुद्दा, समस्या,चुनौती र अवसर

**मुद्दाः**

१. अपाङ्ता भएका बालबालिकाहरूका लागि विशेष व्यवस्थापन वा समावेशी कक्षामा अध्ययन गर्ने अवसर उपलब्ध गराउने,

२. विविध पृष्ठभूमिबाट आएका बालकालिकाहरूका लागि उपलब्ध गराइने प्रोत्साहनलाई विशेषीकरण गर्ने वा सामान्यीकरण गर्ने,

३. शिक्षण सिकाइ विधि तथा पद्धतिलाई विशिष्ट परिस्थितिका विद्यार्थीकेन्द्रित गर्ने तौरतरिकाहरू,
४. समता कि समानता।

**समस्याः**

१. अपाङ्गतामैत्री पूर्वाधारको अभाव: यसमा पहुँचयोग्य कक्षाकोठा, र्‍याम्प, अपाङ्गतामैत्री शौचालय, आदि समावेश छन्।
२. अपाङ्ता भएका एवम् सिमान्तकृत बालबालिकाका लागि सिकाइ अनुकुल वातावरण निर्माण गर्न कठिनाई,
३. अपाङ्ता भएका बालबालिकाहरूको शिक्षामा पहुँच, सहभागिता न्यून हुनु,
४. एउटै सिकाइ वातावरण, मूल्याङ्कन र सहभागीताले विद्यार्थीमा समता कायम गर्न कठिन हुनु,
५. समता र समावेशी पक्षमा दक्ष शिक्षकको अभाव: समावेशी शिक्षा विधि र प्रविधिहरूमा तालिम प्राप्त शिक्षकहरूको ठूलो अभाव छ।
६. सीमित साधन र स्रोतहरू: जस्तै शिक्षण सामग्री, सहायक उपकरणहरू, र समावेशी शिक्षाका लागि आवश्यक पर्ने सिकाइ सामग्रीहरूको अभाव हुनु,
७. गरिव तथा विपन्न अभिभावकको क्षमता अभिवृद्धि र अभिभावकको आयआर्जन उकास्ने कार्यक्रम सञ्चालन कमि,
८. स्रोतकक्षाको पहुँच नहुनु।

**चनौतीः**

१. बिद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्न,
२. अपाङ्ता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन बिश्लेषण र अभिलेखीकरण गर्न,
३. समाजमा अझै पनि विभेद, दुर्व्यवहार, हेपाइ प्रवृत्ति कम गर्न,
४. अपाङ्गमैत्री पाठ्यक्रम, सन्दर्भ स्रोतसामग्री, पाठ्यपुस्तकको व्यवस्थापन गर्न,
५. मनोवृत्तिगत बाधाहरू: अपाङ्गता भएका व्यक्तप्रति सामाजिक मनोवृत्ति अझै सकारात्मक बनाउन सकिएको छैन।
६. नीति कार्यान्वयनमा कमीः नेपालमा समावेशी शिक्षालाई समर्थन गर्ने नीति र कानुन भए पनि स्थानीय तहमा कार्यान्वयनमा कमी छ।
७. अभिभावक/आमाबाबुको चेतनाको स्तर सुधार गर्न।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ संस्थाहरूको संलग्नता र क्रियाशिलता सक्रिय रहनु,
३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न नसक्नु,
४. विभेदको वातावरण क्रमशः घट्दै जानु।

## ४.३.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्यः**

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु,
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु,

**रणनीतिः**

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पुरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने, (उद्देश्य १)
२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने,(उद्देश्य १)
३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका, अतिसिमान्तकृत बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने, (उद्देश्य १)
४. परिमार्जित पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने, (उद्देश्य ३)
५. आाधारभूत तहमा मातृभाषा, स्थानीयभाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने, ( उद्देश्य ३)
६. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, वहिष्करण र हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने। (उद्देश्य ३)

**कार्यनीतिः**

१. बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पुरा गरिने छ। (रणनीति १)
२. नेपाल सरकारले कक्षा ८ सम्म प्रदान गर्दै आएको दिवाखाजालाई माध्यमिक तहसम्म विस्तर गरिने छ। माध्यमिक तह र टुहुरा बालबालिकाको लागि छुट्टै छुट्टै आवासीय विद्यालयको व्यवस्था गरिने छ। (रणनीति १)
३. विद्यालय उमेरका सबैलाई विद्यालयमा भर्ना गराउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १,२)
४. आर्थिक रुपमा विपन्न, दलित, अतिसीमान्तकृत समुदायका बालबालिकाको लागि छात्रवृत्ति प्रदान गरिने छ। (रणनीति ३,४)
५. स्थानीय पाठ्यक्रमको परिमार्जन हुँदा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरिने छ। (रणनीति ५)
६. आाधारभूत तहमा मातृभाषा, स्थानीयभाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न गाउँपालिका आफैबाट र लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति ६)
७. विभेदरहित वातावरण निर्माण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति ६)
८. सबै बालबालिकाहरुमा विविधता, समता, समावेशिता र पहुँचको वातारण निर्माण गरिनेछ। (रणनीति ६)

## ४.३.८ उपलब्धि र नतिजा

**उपलब्धीः**

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

नतिजाः

| क्र.स. | सूचक | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता सूचाङ्क | ८७.७ | ८८ | ८९ | ९० | ९१ |
| २ | आधारभूत तह कक्षा(१-८) मा लैङ्गिक समता सूचाङ्क | ०.९८ | ०.९७ | ०.९६ | ०.९५ | ०.९४ |
| ३ | कक्षा ९-१० मा खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १ | ०.९९ | ०.९८ | ०.९६ | ०.९५ |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक(%) | ६० | १० | ८० | ९० | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | | ४७ | ४७ | ४७ | ४७ |

### ४.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | | | | | | |
| २ | मा.वि. तह सम्म दिवाखाजाको विस्तार | विद्यालय | २० | २० | २० | २० | २० | २० |
| ३ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | | | | | | |
| ४ | टुहुरा र मा.वि. का बालबालिकाको लागि आवासीय विद्यालय सञ्चालन | सङ्ख्या | १ | | | १ | | २ |
| ५ | विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ६ | लक्षित वर्गको लागि छात्रवृत्ति वितरण | सङ्ख्या | २० | २० | २० | २० | २० | १०० |
| ७ | सबै प्रकारका विभेदको अन्तका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ४५ |
| ८ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी सङ्घ/संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | निरन्तर | | | | | | |

### ४.३.७ शैक्षिक समता र समावेशीकरण शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्ने अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| २ | मा.वि. तह सम्म दिवाखाजाको विस्तार | | | | | | | दिवाखाजामा उल्लेख |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| ३ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | | | | | | | सङ्घीय सरकारसँग समन्वय |
| ४ | टुहुरा र मा.वि. का बालबालिकाको लागि आवासीय विद्यालय सञ्चालन | | | | | | | आधारभूत शिक्षामा विनियोजन गरेको |
| ५ | विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ६ | लक्षित वर्गको लागि छात्रवृत्ति वितरण | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ७ | सबै प्रकारका विभेदको अन्तका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ८ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी सङ्घ/संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | | | | | | | आपसि समन्वयमा कार्य गर्ने |
| | **जम्मा** | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | |

## ४.४ दिवाखाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको विकास तथा उमेरगत सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइमा सक्रिय सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। बालबालिकाहरूको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू प्राप्ति र यस्ता आधारभूत स्वास्थ्य सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रुपमा सहज, प्रभावकारीता, मितव्ययिता बनाउन सहयोग पुग्दछ।

नेपालको संविधानको मुलभूत सिद्धान्तमा खाद्यसम्प्रभुतालाई मौलिक हकको रुपमा स्वीकारिएको सन्दर्भमा नेपालको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ एवम् बालबालिकासम्बन्धी अन्य कानूनले बालबालिकाको स्वास्थ्य पोषण तथा खाद्यसम्प्रभुतासम्बन्धी अधिकार स्थापित गरेको छ।

### ४.४.२ वर्तमान अवस्था

सबैका लागि शिक्षाको डकार सम्मेलन सन् २००० ले सिफारिस गरेको ढाँचालाई मुख्यगरी चारओटा अङ्गहरू समाबेश गरेको छ।

१. विद्यालय स्वास्थ्यसम्बन्धी नीतिहरू तय गर्नु,
२. सुरक्षित पानी तथा सरसफाइसहित सुरक्षित विद्यालय वातावरण सिर्जना गर्नु,
३. सिपमा आधारित स्वास्थ्य शिक्षकको प्रबन्ध गर्नु,
४. विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्नु जसमाः
   क. अर्धवार्षिक रुपामा जुकाको औषधी वितरण (मंसिर र जेठमा)
   ख. किशोरीहरूलाई रक्त अल्पताबाट जोगाउन २६ हप्ता आइरन चक्कि वितरण (श्रावणदेखि १३ हप्ता र

माघदेखि १३ हप्ता

ग. जेठको पहिलो हप्तामा स्वास्थ्य तथा पोषण सप्ताह (स्वास्थ्य शिक्षा प्रदान, वातावरणीय सरसफाइ र स्वास्थ्य परिक्षण)

सङ्घीय सरकारबाट प्राप्त १५ रुपैयाले थोरै विद्यार्थी रहेका विद्यालयहरुमा खाजा व्यवस्थान गर्न केहि जटिल रहने र कम्तिमा ४० जना विद्यार्थी रहेका विद्यालयमा खाजा निर्माण गरी उपलब्ध गराउन तुलनात्मक रुपमा सहज भएको छ । गाउँपालिकाद्वारा कक्षा (६-१०)का विद्यार्थीहरुको लागि प्रति विद्यार्थी दैनिक रु. २० का दरले दिवाखाजाको व्यवस्था गरिएको छ ।

## ४.४.३ मुद्दा, समस्या, चुनौती र अवसर

**मुद्दाः**

१. दिवाखाजा कार्यक्रम आधारभूत तहको तल्लो कक्षामा मात्रै सीमित राख्ने वा माध्यमिक तहसम्म विस्तार गर्ने,
२. दिवाखाजाका लागि स्थानीय खाद्य उत्पादनलाई प्रोत्साहित गर्ने वा तयारी खाजालाई निरन्तरता दिने,
३. दिवाखाजाका लागि प्राप्त हुने रकम अभिभावकलाई उपलब्ध गराउने वा विद्यालयले नै परिचालन गर्ने,
४. हरेक विद्यालयमा स्वास्थ्य स्वयम् सेवक/स्वाथ्यकर्मीको व्यवस्था गर्ने वा नजिकको स्वास्थ्य कार्यालयबाट स्वास्थ्यसम्बन्धी सेवा लिने ।

**समस्याः**

१. विद्यालय दिवा खाजाका लागि उपलब्ध हुने रकम अति न्यून हुनु,
२. विद्यालयस्तरमा दिवाखाजा व्यवस्थापन प्रभावकारी रुपमा सञ्चालन हुन नसक्नु,
३. दिवाखाजा व्यवस्थापनमा स्थानीय अभिभावक एवम् जनसहभागिता र चासोमा कमी,
४. दिवाखाजामा स्थानीय उत्पादित खाजाको प्रयोग कमहुनु,
५. हात धुन सावुन पानी लगायतको सामग्रीको व्यवस्था नहुनु,
६. स्वास्थ्य परिक्षण र शिक्षाको प्रयाप्तता नहुनु ।

**चुनौतीः**

१. दिवा औखाजाको गुणस्तर सुनिश्चित गर्न,
२. दिवाखाजा स्वास्थ्य तथा पोषण सरसफाइ स्वच्छताका लागि मितव्ययी, प्रभावकारी, दिगोपना, पर्याप्त संरचनागत व्यवस्थापनका लागि गाउँपालिकाले कार्यविधि निर्माण गरी कार्यान्वय गर्न,
३. विद्यालय खाजा र सफाइ स्वच्छताका लागि पर्याप्त वित्तिय प्रबन्ध सुनिश्चित गर्न,
४. उपयुक्त स्वरुप तथा स्थानीय पौष्टिक तत्वयुक्त खाजा सुनिश्चित गर्न,
५. विद्यालय खाजा, विद्यालय स्वास्थ्य पोषण तथा सफाइ स्वच्छतासम्बन्धी नीतिगत तथा कार्यक्रमका बिच सन्वयात्मक कार्यलाई व्यवस्थित बनाउनु ।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरूको संलग्नता र क्रियाशीलता,
३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न सक्ने ।

## ४.४.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्यः**

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

**रणनीतिः**

१. दिवाखाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै माध्यमिक तहसम्मका सम्पूर्ण बालाबालिकालाई दिवा खाजा उपलब्ध गराउने, (उद्देश्य १)
२. दिवाखाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने , (उद्देश्य १)
३. दिवाखाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तुहरुलाई प्राथमिकता दिने , (उद्देश्य २)
४. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने , (उद्देश्य २)
५. विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने, (उद्देश्य २)
६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने, (उद्देश्य २)
७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने। (उद्देश्य २)

**कार्यनीतिः**

१. विद्यालय दिवाखाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ अनुसार दिवाखाजा कार्यक्रमलाई क्रमशःमाध्यमिक तह सम्मका सम्म बिस्तार गर्दै लगिने छ। प्रोत्साहन रकम उपलब्ध गराई कार्यालय सहोयगीलाई दिवाखाजा व्यवस्थापनमा सहजीकरण गर्न लगाईने छ। (रणनीति १,२)
२. विद्यालयमा एक विद्यालय एक उद्यम, पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गर्दै उत्पादित सामग्री र स्थानीय कृषि उत्पादनलाई  दिवा खाजामा प्रयोग गर्ने वातावरण निर्माण गरिने छ। (रणनीति ३)
३. बालबालिकाका लागि विद्यालयमै सफा तथा ताजा पोषिलो खाजा तयारीको लागि चाहिने भान्सा, भण्डारण कोठा, खाने कोठा, समूहमा हात धुने बानीको विकास लगायतका सुविधा विस्तारको लागि दोहोरो नपर्ने गरी आवश्यक स्रोतको व्यवस्था  गरिने छ। (रणनीति ४)
४. विद्यालयमा खाद्य सुरक्षा सरसफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गरी स्वास्थ्य तथा कृषि शाखासँगको समन्वय र विभिन्न सङ्घ/संस्थासँगको लागतसाझेदारीमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ५,६)
५. विद्यालयमा रहेको दिवा खाजा व्यवस्थापन समिति,सूचना अधिकारी ,जेन्डर फोकल पर्सन,तहगत इन्चार्जलाई दिवाखाजामा जंकफुडको प्रयोग हुन नदिन थप जिम्मेवार बनाईने छ। (रणनीति ७)
६. समस्त कार्यको अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय शिक्षा, कृषि, स्वास्थ्य शाखाहरु, सम्बन्धित जनप्रतिनिधि र सरोकारपक्षहरूको प्रत्यक्ष संलग्नतामा सहकार्य गरिने छ। (रणनीति ७)

### ४.४.५ उपलब्धि र नतिजा

**उपलब्धि**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ।

**नतिजा**

| क्र.स. | सूचक | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० |
| २ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ३ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ३० | ५ | ५ | ५ | २ |
| ४ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ८ | १० | १२ | १० | ७ |

### ४.४.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | माध्यमिक तहसम्म स्वस्थकर तथा पौष्टिक दिवाखाजाको प्रबन्ध | विद्यालय | २० | २० | २० | २० | २० | २० |
| २ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ३ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान | पटक | २ | २ | २ | २ | २ | १० |
| ४ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) प्रदान | पटक | २ | २ | २ | २ | २ | १० |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ६ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | सङ्ख्या | ३० | ५ | ५ | ५ | २ | ४७ |
| ७ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | | ८ | १० | १२ | १० | ७ | ४७ |

### ४.४.७ दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट(रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | माध्यमिक तहसम्म स्वस्थकर तथा पौष्टिक दिवाखाजाको प्रबन्ध | | | | | | | स्थानीय तहको समन्वयमा |
| २ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने | | | | | | | |
| ३ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान | | | | | | | स्वास्थ्य शाखासँग समन्वय गरेर |
| ४ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) प्रदान | | | | | | | |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | | | | | | | निःशुल्क |
| ६ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | | ५०० | ५०० | ५०० | २०० | १७०० | |
| ७ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| | **जम्मा** | ५०० | १००० | १००० | १००० | ७०० | ४२०० | |

## ४.५ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा

### ४.५.१ परिचयः

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षामा कुनै बेला के हुन्छ भन्ने कुरा कसैलाई थाहा हुँदैन। विगतमा विभिन्न समयमा हाम्रो देशले विभिन्न आपतकालीन समस्याहरू भोग्दै आइरहेको छ। खाँडादेवी गाउँपालिका एक पहाडी भूभाग र खोलानालाहरू विद्यमान रहेको सन्दर्भमा मौसमअनुरूपमा जोखिमको अवस्थाहरू विद्यमान रहेको हुन्छ । जस्तैः वर्षायाममा अधिक वर्षा, बाढी पहिरोका कारण बाटोघाटो अवरूद्ध भई विद्यार्थीहरू विद्यालयमा सहजरूपमा आवतजावत गर्न सक्दैनन्। फलस्वरूप विद्यार्थीहरू विद्यालय नियमित रूपमा उपस्थित हुन सक्दैनन्। यसको प्रभाव तथा असर प्रत्यक्ष रुपमा शिक्षाक्षेत्रमा परिरहेको छ। विशेष गरी वि.सं. १९९० को महाभूकम्प त्यस्तै २०७२ सालको महाभूकम्प र २०७६ सालमा देखापरेको कोभिड-१९ ले विशेष गरी शिक्षा क्षेत्रमा ठूलो असर पारेको छ। यी विभिन्न आपतकालीन अवस्थालाई मध्यनजर गर्दै सुरक्षित शिक्षण सिकाइ गर्नका लागि खाँडादेवी गाउँपालिकाले पाँच वर्षे नयाँ गाउँ शिक्षा योजनामा आपतकालीन तथा सङ्कटपूर्ण अवस्थाबाट जोगिन र शिक्षालाई निरन्तरता दिने र वैकल्पिक विधि र माध्यमबाट शिक्षाको विकास गर्ने गरी यो योजना तर्जुमा गरिएको छ।

### ४.५.२ वर्तमान अवस्था

२०७२ सालको महाभूकम्प र २०७६ सालमा देखापरेको कोभिड-१९ ले विशेष गरी शिक्षा क्षेत्रमा ठूलो असर पुऱ्याएको छ। भूकम्प पछि निर्माण भएका भवनहरू भूकम्प उत्थानशील हुने गरी निर्माण भएको भएता पनि पहिला बनिसकेका भवनहरू सुरक्षित बालमैत्री छन् भन्न सकिन्न। कोभिड- १९ ले पारेको सिकाइ आपूरणका लागि पालिकाले कक्षा

१-५ सम्म बहुकक्षा बहुस्तर, कक्षा ६-८ मा डे बोडर्स र माध्यमिक तहमा दिवाखाजा विस्तार तथा आवासीय विद्यालय निर्माण गर्ने नीति अनुरुप बजेट विनियोजन गरी कार्य प्रारम्भ गरेको छ। सिकाइ क्षति आपूरणका लागि विभिन्न सङ्घ/संस्थाहरूसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिएको छ। स्थानीय तहमा रहेको विपद् व्यवस्थापन समितले विपद्को समयमा आवश्यक सहयोग गर्ने कार्य गरिरहेको छ।

### ४.८.३ मुद्दा, समस्या,चुनौती र अवसर

**मुद्दाः**

१. आपतकालीन अवस्थामा विद्यार्थीहरूको सिकाइ निरन्तरताका लागि अपनाइने शिक्षण सिकाइ पद्धति,
२. आपतकालीन अवस्थामा अध्ययन अध्यापनका लागि उपयोग गरिने पाठ्यक्रमको निर्धारण: पूर्ण पाठ्यक्रम वा संश्लेषित पाठ्यक्रम,
३. छोटो समयमा अधिक सिकाइको सुनिश्चित गर्नका लागि अवलम्बन गरिने विधि वा पद्धति।

**समस्याः**

१. कमजोर भौतिक पूर्वाधार,
२. विपद उत्थानशील पद्धतिको विकास र सोको अवलम्बन गर्नका लागि योग्य र दक्ष जनशक्तिको अभाव,
३. आपत्कालीन अवस्थामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षक दक्षताको कमी,
४. आवश्यक स्रोत र साधनको कमी,
५. आपतकालीन तथ संकटकालीन अवस्थाको सम्बोधन र प्रतिकार्य गर्ने संयन्त्रको अभाव,
६. अन्तर निकाय आपसी समन्वय र सहकार्यका लागि बलियो संयन्त्रकमी,
७. शैक्षिक संस्थाहरूमा विपद जोखिम न्यूनीकरणका लागि पूर्व तयारी हुन नसक्नु।

**चुनौतीः**

१. विपद जोखिमको अवस्थाको पूर्वानुमान,
२. विपद्उत्थानशील भौतिक संरचनाको निर्माण गर्नु,
३. विपद्को समयमा सिकाइ निरन्तरता प्रदान गर्नु,
४. खतरा र जोखिम क्षेत्रको पहिचान गर्नु।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरुको संलग्नता र क्रियाशीलता,
३. शैक्षिक विकासका लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न सक्ने,
४. भौतिक पूर्वाधार विकास समिति र विपद् व्यवस्थापन समितिको व्यवस्था हुनु,
५. विपद् व्यवस्थापनमा प्रयोग हुने एम्बुलेन्स,जे. सि. वि. जस्ता साधनको गाउँपालिकामा उपलब्ध हुनु।

### ४.८.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्यः**

१. शिक्षा क्षेत्रको सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको गर्नु,
२. आपतकालीन र सङ्कटकालीन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी सिकाइ निरन्तरताको सुनिश्चित गर्नु।

**रणनीतिः**

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक

नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने, (उद्देश्य १)

२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको क्षमता विकास गराउने, (उद्देश्य १)

३. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण सहित विद्यालयस्तरीय विपद्प्रतिकार्य योजना तयार गर्ने, (उद्देश्य १)

४. आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षण सिकाइ क्रियाकलापको निरन्तरताको लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, (उद्देश्य २)

**कार्यनीतिः**

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुन:स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन,कार्यविधिहरू निर्माण र संसोधन गरिनेछ।(रणनीति १)

२. विद्यालय र समुदायमा विपद् व्यवस्थापनसम्बन्धी तालिम, गोष्टि सञ्चालन गरिने छ। (रणनीति २)

३. विद्यालयस्तरीय विपद्प्रतिकार्य योजना निर्माणसँगै हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिने छ। (रणनीति २)

४. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र संयन्त्र निर्माण तथा लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति ३)

५. गाउँपालिकको जोखिम क्षेत्र पहिचान गरिने छ। (रणनीति ३)

६. लागत साझेदारीमा सिकाइ क्षति परिपूरणको लागि Learning Camp सञ्चालन गरिने छ। (रणनीति ४)

## ४.५.५ उपलब्धि र नतिजा

**उपलब्धिः**

१. शिक्षा क्षेत्रको सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकास भएको हुने छ।

२. आपतकालीन र सङ्कटकालीन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी सिकाइ निरन्तरता हुने छ।

**नतिजाः**

| क्र.स. | सूचक | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ४ | ३ | २ | २ | १ |
| २ | हरित विद्यालय सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ४ | सिकाइ क्षति परिपूरण कार्यक्रम सञ्चालन भएका विद्यालय | १० | १० | १० | १० | ७ |

## ४.५.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्डको स्थनीयीकरण गर्ने | पटक | | १ | | | १ | २ |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| २ | विपद् व्यवस्थापनसम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | विपद् कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | पटक | | १ | | | | १ |
| ४ | हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ५ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुन:स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | ९ | ९ | ९ | ९ | ९ | ४५ |
| ७ | जोखिम क्षेत्र पहिचान गर्ने | पटक | | | १ | | | १ |
| ८ | सिकाइ क्षति परिपूरण कार्यक्रम सञ्चालन | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |

### ४.५.७ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्ने अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्डको स्थानीयीकरण गर्ने | | २०० | | | २०० | ४०० | |
| २ | विपद् व्यवस्थापनसम्बन्धी क्षमता विकास कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ३ | विपद् कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | | १०० | | | | १०० | |
| ४ | हरित विद्यालय जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | | | | | | | विद्यालयसँग समन्वय |
| ५ | विपद् पूर्वतयारी प्रतिकार्य पुन:स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | ९० | ९० | ९० | ९० | ९० | ४५० | |
| ७ | जोखिम नक्साङ्कन गर्ने | | | २०० | | | २०० | |
| ८ | सिकाइ क्षति परिपूरण कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| | **जम्मा** | ३९० | ६९० | ५९० | ३९० | ५९० | २६५० | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, सफाइ र पिउनका लागि खानेपानी, शौचका लागि शौचालय, बस्नका लागि उपयुक्त फर्निचर जस्ता भौतिक पूर्वाधार विद्यालयका अपरिहार्य अनि आधारभूत संरचना हुन्। शिक्षा नियमावली, २०५९ अनुसार सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफल तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी,

पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने नीतिगत व्यवस्थापन गरीएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति, यस गाउँपालिकाको शिक्षासम्बन्धी नारा तथा हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजना प्रस्ताव गरीएको छ।

### ४.६.२ वर्तमान अवस्थाः

गाउँपालिकामा हाल कुल विद्यालय ४८ मध्ये ४७ सामुदायिक र १ संस्थागत विद्यालय रहेका छन्। सामुदायिक विद्यालय तर्फ २१ ओटा विद्यालयको पक्कि भवन रहेको छ। पक्की भवन भए पनि केही विद्यालयमा पर्याप्तता छैन भने अन्य विद्यालयहरूमा भवनको आवश्यकता सँगसँगै घेराबार, शौचालय, खानेपानी, खेलमैदान आदिको आवश्यकता रहेको छ। बनेका हालको भवनहरू संरक्षण गर्न गाह्रो हुने स्थिति मात्र नभई विद्यार्थीको उपलब्धता चुनौतीपूर्ण छ। यस गाउँपालिकाभित्र सञ्चालित धैरैजसो विद्यालयको आफ्नै स्वामित्वमा जग्गा छैन। समुदायमा आधारित बालविकास केन्द्रहरूको पनि आफ्नै स्वामित्वमा जग्गा उपलब्ध छैन भने अधिकांश केन्द्रहरूको भवनको स्थिति अत्यन्त कमजोर अवस्थामा रहेको छ। विद्यालय समायोजन भएका विद्यालयहरूको भवनको उपयोगिता र संरक्षणले आगामी दिनमा समायोजन माथि प्रश्न उठाउनु स्वभाविक बनेको छ। सबै विद्यालयमा इन्टरनेटको व्यवस्था गरिएको छ। यस गाउँपालिकाका अधिकांश भूभाग सुख्वा ग्रस्त क्षेत्रभित्र पर्ने भएकाले विद्यालयमा शुद्ध खानेपानीको सहज उपलब्ध गराउन सकिएको छैन। उल्लिखित समस्याको व्यवस्थित रुपमा समाधान गर्नका लागि गाँउ शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नु आवश्यक रहेको छ।

### ४.६.३ मुद्दा, समस्या, चुनौती र अवसर

**मुद्दाः**

१. भवनको प्रकृति,
२. विद्यालय समायोजनपश्चात कायम रहेका विद्यालय भौतिक पूर्वाधारको व्यवस्थापन,
३. आवासीय विद्यालय।

**समस्याः**

१. सरकारद्वारा घोषित प्राथमिकता प्राप्त न्यूनतम पूर्वाधारको व्यवस्था सुनिश्चित हुन नसक्नु,
२. भौतिक संरचनाको संरक्षण, मर्मत सम्भारको कमी हुनु,
३. विद्यालयका लागि अत्यावश्यक पूर्वाधारहरू, जस्तैः ICT लगायत विषयगत प्रयोगशाला, पुस्तकालय, क्यान्टिन, खानेपानी, शौचालय, घेरावारा, पक्कि भवन आदिका लागि आवश्यक वित्तीय स्रोतको अपर्याप्तता,
४. सबै विद्यालयहरूको भौतिक पूर्वाधारलाई विपद्उत्थानशील बनाउन नसकिनु,
५. भुकम्प प्रभावित क्षेत्र भएकाले राज्यले पहिल्यै भवन निर्माण गरेको भनि पछिल्लो चरणमा बजेटको प्रबन्ध नगर्नु।

**चुनौतीः**

१. पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी एवम् जवाफदेही बनाउन,
२. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरुयोजना विकास गर्न,
३. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका बढाउन,
४. आवश्यक स्रोतको पहिचान र व्यवस्थापन गर्न,
५. विद्यमान विद्यालय भौतिक संरचना बालमैत्री र अपाङ्गमैत्री बनाउनु।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानूनि प्रावधान,

२. शैक्षिक सुधारमा सामाजिक सङ्घ संस्थाहरूको संलग्नता र क्रियाशीलता,
३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न सक्ने,
४. २०७२ सालको भूकम्पपश्चात २१ ओटा विद्यालयहरूको भुकम्प प्रतिरोधी पक्की भवन निर्माण भएको।

### ४.६.४ उद्देश्य,रणनीति र कार्यनीति

**उद्देश्यः**

१. शिक्षा क्षेत्रमा मापदण्ड अनुसार भौतिक पूर्वाधार विकास गर्नु,
२. विद्यालयको मर्मत सम्भार तथा सबलीकरण गर्नु।

**रणनीतिः**

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने, (उद्देश्य १)
२. विद्यालय पूर्वाधार विकास र सबलीकरणको लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने। (उद्देश्य १,२)
३. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुन:निर्माण एवम् मर्मत सम्भार गर्ने, (उद्देश्य २)
४. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने। (उद्देश्य २)

**कार्यनीतिः**

१. मातृविद्यालय कायम गरी समायोजन भएका विद्यालयको सम्पति रेखदेख,उपयोग र संरक्षण गरिने छ। (रणनीति १)
२. नक्साङ्कन,वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची भरी निर्माण गरिएको मापदण्डको आधारमा विद्यालयको समायोजन र निर्माण गरिने छ। रणनीति १)
३. बजेट विनियोन गर्दा दोहोरो नपर्ने गरी आवश्यकता पहिचान तथा प्राथमिकीकरणको आधारमा विद्यालयको भौतिक निर्माण गरिने छ। (रणनीति ३)
४. विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भारसँगै भौतिक संरचना अपाङ्गमैत्री,बालमैत्री बनाईने छ। (रणनीति ३)
५. प्रकोप प्रभावित भएका विद्यालय भवनलाई तुरुन्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नति गरिने छ। पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरिने छ। (रणनीति ४)
६. पूर्वाधार विकास समितिलाई थप जिम्मेवार बनाई विद्यालयको भौतिक सूचक तयार गरिने छ। (रणनीति ४)

### ४.६.५ उपलब्धि र नतिजा

**उपलब्धिः**

१. विद्यालयहरूमा मापदण्ड अनुसार भौतिक संरचना निर्माण भएका हुने छन्।
२. विद्यालयको मर्मत सम्भार तथा सबलीकरण हुने छ।

**नतिजाः**

| क्र.स. | सूचक | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सङ्ख्या | ८ | ४ | ४ | ४ | ४ |

| क्र.स. | सूचक | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| २ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सङ्ख्या | १० | १० | १० | १० | ७ |
| ३ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सङ्ख्या | ३ | ५ | ५ | ५ | ७ |
| ४ | नयाँ निर्माण गर्नु पर्ने विद्यालयको घेरावार सङ्ख्या | ५ | १० | १५ | १० | ७ |
| ५ | प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सङ्ख्या | ५ | ८ | ७ | १० | ७ |

### ४.६.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | समायोजन भएका विद्यालयहरुको भौतिक व्यवस्थापन | विद्यालय | ५ | ४ | ३ | ३ | २ | १७ |
| २ | पूर्वाधार विकासको लागि मापदण्ड/गुरुयोजना स्थानीयीकरण | पटक | | १ | | | | १ |
| ३ | विद्यालयको नक्साङ्कन | पटक | | | १ | | | १ |
| ४ | विद्यालयको विकासको लागि भौतिक सूचकको निर्माण | पटक | | १ | | | | १ |
| ५ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार र घेरावारा | विद्यालय | १० | १० | १० | १० | ७ | ४७ |
| ६ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय | ३ | ५ | ५ | ५ | ७ | २५ |

### ४.६.७ विद्यालयको भौतिक पूर्वाधारको विकासका क्रियाकलाप कार्यान्वयनको लागि अनुमानित बजेट( रु. हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | समायोजन भएका विद्यालयहरुको भौतिक व्यवस्थापन | | | | | | | विद्यालयसँग समन्वय गर्ने |
| २ | पूर्वाधार विकासको लागि मापदण्ड/ गुरुयोजना स्थानीयीकरण | | २०० | | | | २०० | |
| ३ | विद्यालयको नक्साङ्कन | | | १०० | | | १०० | |
| ४ | विद्यालयको विकासको लागि भौतिक सूचकको निर्माण | | १०० | | | | १०० | |
| ५ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार र घेरावारा | ४०० | ५०० | ८०० | १००० | १५०० | ४२०० | |
| ६ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | ३०० | ५०० | ५०० | ५०० | ७०० | २५०० | |
| | **जम्मा** | ७०० | १३०० | १४०० | १५०० | २२०० | ७१०० | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सूचना प्रविधिले शिक्षाको क्षेत्रमा विद्यमान रुढीवादी संस्कार र पद्धतिलाई चुनौती दिदै शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रूपमा अघि बढाएको छ। कक्षा कोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई परिस्कृत गरी नयाँ अवधारणाको शुरुवात भएको पाइन्छ। शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई समुचित प्रयोग गर्न सके कृषि, वाणिज्य, उद्योग, पर्यटन लगायतका क्षेत्रमा पनि ठुलो परिवर्तन ल्याउन सकिन्छ। आजको मूल कार्यभार युगसापेक्ष सूचना प्रविधिको उपयोग गरी शिक्षा प्राप्त गर्नु र शिक्षा दिनु हो। शिक्षकले हिँड्ने बाटो विद्यार्थीले ग्रहण गर्ने प्रविधि फरक नभएर समान ,साझा साधन र माध्यमको रूपमा सूचना प्रविधिलाई उपयोग गर्नु समयको माग हो।

### ४.७.२ वर्तमान अवस्था

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय गणतन्त्रात्मक राज्य संरचना अनुरूप राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक जनशक्ति उत्पादन गर्न संविधानको धारा ५१ को ज१ मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिकवान एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने उल्लेख गरिएको छ।

शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि खाँडादेवी गाउँपालिकाले सबै विद्यालहरूमा इन्टरनेटको व्यवस्था गरेको छ। २ वर्षदेखि निःशुल्क इन्टरनेटको व्यवस्था गरी सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिकको पहुँच स्थापित गरेको छ। माध्यमिक विद्यालय, केही आधारभूत विद्यालयमा र अतिसिमान्तकृत समुदायका विद्यार्थी अध्ययनरत विद्यालयमा ICT प्रयोगशालाको प्रवन्ध गरिएको छ।

### ४.७.३ मुद्दा, समस्या,चुनौती र अवसर

**मुद्दाः**

१. सूचाना तथा सञ्चार प्रविधिलाई विषयको रूपमा समावेश गर्ने वा शिक्षण सिकाइ क्रियाकलापको माध्यमको रूपमा,
२. सूचाना तथा सञ्चार प्रविधिको उपयोगिता र प्रभावकारिता।

**समस्याः**

१. हरेक विद्यालयमा सूचाना तथा सञ्चार प्रविधिका लागि अत्यावश्यक पूर्वाधारको विकास गर्न सकिएको छैन,
२. हरेक विद्यालयमा पर्याप्त व्याण्डविथसहितको इन्टरनेट सुविधा उपलब्ध नहुनु,
३. विद्युतीय आपूर्तिको निरन्तरतामा कमी,
४. सूचाना तथा सञ्चार प्रविधिमा सिप एवम् दक्षतायुक्त शिक्षक एवम् प्राविधिक जनशक्तिको अभाव,
५. सूचना प्रविधिको उपयोगका लागि शिक्षकहरूमा जागरुकता, लगनशीलता र आफुलाई अद्यावधिक बनाउन नसक्नु,
६. सबै विषयमा शिक्षण एवम् सिकाइका लागि सफ्टवेयरमा आधारित डिजिटल सिकाइ सामग्रीहरूको कमी,
७. विद्युतीय पुस्तकालय (E-Library) को अभाव,
८. विद्यार्थीहरूले अधिकतम सूचना तथा सञ्चार प्रविधिको शिक्षण सिकाइका लागि उपयोग नगर्नु,
९. सबै विद्यालयमा प्रविधिमैत्री विद्यालयको भौतिक पूर्वधारको विकास हुन कठिन,
१०. सूचना प्रविधिको क्षेत्रमा आवश्यकतानुसार लगानी नहुनु।

**चुनौतीः**

१. सूचना तथा सञ्चार प्रविधिमैत्री भौतिक पूर्वाधारको विकास र व्यवस्थापन,

२. सूचना प्रविधिको प्रयोग गर्न सक्ने दक्ष जनशक्तिको विकास र परिचालन,
३. सूचना तथा सञ्चार प्रविधिमैत्री डिजिटल सिकाइ सामग्रीको उत्पादन र प्रयोग,
४. आवश्यक वित्तीय स्रोतको प्रबन्ध,
५. सूचना तथा सञ्चार प्रविधिमा आधारित स्वचालित विद्यालय व्यवस्थापन प्रणाली (Automated School Management System) को विकास र उपयोग।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरूको संलग्नता र क्रियाशीलता,
३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न सक्ने,
४. सबै विद्यालयमा इन्टरनेट जडान भएको,
५. गाउँ/वडास्तरमा विद्युत आपूर्ति भएको।

### ४.७.४ उद्देश्य,रणनीति र कार्यनीति

**उद्देश्यः**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु,
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु।

**रणनीतिः**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने, (उद्देश्य १)
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्वन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने, (उद्देश्य १)
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने, (उद्देश्य २)
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, (उद्देश्य २)
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने। (उद्देश्य २)

**कार्यनीतिः**

१. सबै विद्यालयमा कक्षाकोठाहरू प्रविधिमैत्री बनाइने छ। (रणनीति १)
२. कम्प्युटर लाइब्रेरी तथा डिजीटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीहरूको उचित प्रवन्ध गरिने छ। (रणनीति १)
३. विद्यालयमा IT फोकल पर्सन तोकि फोकल पर्सनमार्फत क्षमता विकासको कार्यक्रम विस्तार गरिने छ। (रणनीति १,२)
४. शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग गर्ने वातावरण सृजना गरिने छ। (रणनीति ३)
५. सामाजिक सञ्जालमा सिकाइ समूह गठन गरी विज्ञ समूहद्वारा शिक्षक सहायताको व्यवस्था गरिने छ। विद्यालयमा व्यवस्थापकीय कार्यमा सूचना प्रविधिको प्रयोगको वातावरण सृजना गरिने छ। (रणनीति ४)
६. इन्टरनेट सेवा प्रदायक सङ्घ/ सस्थाहरुसँग समन्वय गरी विद्यालयमा निरन्तर इन्टरनेटको पहुँचको पुऱ्याईने छ। (रणनीति ५)

### ४.७.८ उपलब्धि र नतिजा

**उपलब्धीः**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने छ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

**नतिजाः**

| क्र.स. | सूचक | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | २५ | ५ | ५ | १० | २ |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १२ | ५ | १० | १० | १० |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | २५ | ५ | १० | ५ | २ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |

### ४.६.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | प्रविधिमैत्री कक्षाकोठा र प्रयोगशालाको व्यवस्थापन | विद्यालय | ४ | ८ | १० | १० | १५ | ४७ |
| २ | सूचाना तथा सञ्चार प्रविधिसम्बन्धी क्षमता विकास तालिम | शिक्षक | ४७ | ४७ | ४७ | ४७ | ४७ | २३५ |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने | विद्यालय | १२ | ५ | १० | १० | १० | ४७ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने | विद्यालय | २५ | ५ | १० | ५ | २ | ४७ |
| ५ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको प्रयोग गर्ने | विद्यालय | २५ | ५ | ५ | १० | २ | ४७ |
| ६ | EMIS व्यवस्थापन गर्ने | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |

### ४.६.७ शिक्षामा सूचना प्रविधिका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्ने अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | प्रविधिमैत्री कक्षाकोठा र प्रयोगशालाको व्यवस्थापन | १३०० | १३०० | १३०० | १३०० | १३०० | ६५०० |
| २ | सूचाना तथा सञ्चार प्रविधि सम्बन्धी क्षमता विकास तालिम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ३ | EMIS व्यवस्थापन गर्ने | २०० | २०० | २०० | २०० | २०० | १००० |
| | **जम्मा** | २००० | २००० | २००० | २००० | २००० | १०००० |

# परिच्छेद ५
# सुशासन तथा व्यवस्थापन

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ परिचयः

वर्तमान शिक्षा क्षेत्रको संरचना हेर्दा संघ अन्तरगत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ त्यसै गरी प्रदेश अन्तरगत, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र तथा सामाजिक विकास कार्यालय र स्थानीय तहमा सामाजिक विकास समिति अन्तरगत शिक्षा युवा तथा खेलकुद शाखा रहेको छ। बदलिदो परिवेश अनुसार शासकिय संरचना, प्रक्रिया र क्षमता सुधार गरेमा मात्र शैक्षिक गुणस्तर सुधार गर्न सकिन्छ। वर्तमान समयमा ज्ञान, विज्ञान र प्रविधिमा आएको परिवर्तन, सामाजिक चेतना, स्थानीय तहको शिक्षा क्षेत्रप्रतिको उत्तरदायित्व समेतलाई ख्याल गरी संस्थागत संरचना र क्षमता विकाससम्बन्धी क्रियाकलापहरु गर्नु आवश्यक छ।

### ५.१.२ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले माध्यमिक तहसम्मको अधिकार स्थानीय तहलाई दिएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत शिक्षा सम्बन्धी २३ वटा अधिकारहरु स्थानीय तहलाई प्रदान गरिएको छ। बाल विकास केन्द्र र विद्यालयहरूमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था गरिएको छ। हाल सङ्घीय शिक्षा ऐन जारी नभएको अवस्थामा स्थानीय तहमा कार्य गर्दा केही द्विविधा उत्पन्न भएको छ।यस परीस्थितिमा स्थानीय तहले संघ र प्रदेशसँग सहकार्य र समन्वय गरी वर्तमान शिक्षा क्षेत्रको संस्थागत संरचना र क्षमता विकास गर्दा यस योजनाको सफल कार्यान्वयनमा सहयोग पुग्नेछ।

### ५.१.३ मुद्दा, समस्या, चुनौती र अवसर

**मुद्दाः**

१. क्षेत्राधिकार,
२. जनशक्ति व्यवस्थापन,
३. उत्तरदायित्व र जिम्मेवारी।

**समस्याः**

१. जनशक्ति व्यवस्थापन गर्न कठिनाइ,
२. सूचकमा आधारित अनुगमन र मूल्याङ्कन गर्न कठिनाइ,
३. क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न कठिनाइ,
४. वित्तीय व्यवस्थापन गर्न कठिनाइ।

**चुनौतीः**

१. सबै विद्यालयमा विद्यालय नर्सको व्यवस्थापन गर्न,
२. उत्तरदायित्वका औजारको कार्यन्वयन गर्न,
३. विषयगत शिक्षकको व्यवस्थापन,
४. विद्यालय छाड्ने र दोहोऱ्याउने दर शून्य बनाउन,
५. कर्तव्यबोध गर्ने जनशक्तिको उत्पादन र परिचालन।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरुको संलग्नता र क्रियाशीलता,
३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न सक्नु।

## ५.१.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्यः**

१. गाउँपालिकामा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
२. जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु,
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु।

**रणनीतिः**

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने, (उद्देश्य १)
२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने, (उद्देश्य १)
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने, (उद्देश्य २)
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने, (उद्देश्य २)
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र पदाधिकारीहरुलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने, (उद्देश्य २)
६. कार्यक्रमको प्रभावकारी ढङ्बाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने। (उद्देश्य ३)

**कार्यनीतिः**

१. गाउँपालिकास्तरीय योजना, मापदण्ड र निर्देशिकाको निर्माण गरिने छ। (रणनीति १)
२. दरबन्दी तेरिज अनुसार आवश्यक जनशक्ति व्यवस्थापन गरिने छ। (रणनीति २)
३. आवश्यकता पहिचार र प्राथमिकीकरणका आधारमा क्षमता विकासको कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति ३)
४. रोष्टर प्रशिक्षकको व्यवस्था,सिकाइ समूहको गठन,तहगत इन्चार्जको व्यवस्था आदिको आधारमा शिक्षक सहयताको व्यवस्थापन गरिने छ। (रणनीति ४)
५. कार्ययोजना अनुसार कार्यसञ्चालन गर्नको लागि विद्यालयका प्र.अ.,तहगत इन्चार्ज र पदाधिकारीहरुको लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति ५)
६. कार्यक्रम कार्यान्वयनको लागि स्रोत व्यवस्थापन गरिने छ। (रणनीति ६)

## ५.१.५ उपलब्धि र नतिजा

**उपलब्धीः**

१. गाउँपालिकामा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुने छ।

**नतिजाः**

| क्र.स. | सूचक | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ५ | ३ | २ | १ | १ |

| क्र.स. | सूचक | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ३ | १ | २ | १ | १ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक रहेको विद्यालय सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |

### ५.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | | ३ | १ | | १ | ५ |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ४ | प्र.अ.लाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्व:मूल्याङ्कन गर्ने/गराउने | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ६ | बालक्लब र जुरेस गठन | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |

### ५.१.७ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासका क्रियाकलाप सञ्चालनको लागि अनुमानित बजेट( हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | | ३०० | १०० | | १०० | ५०० |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | २०० | २०० | २०० | २०० | २०० | १००० |
| ४ | प्र.अ.लाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | | | | | | विद्यालयसगँ समन्वय गर्ने |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्व:मूल्याङ्कन गर्ने/गराउने | | | | | | |
| ६ | बालक्लब र जुरेस गठन | | | | | | |
| | **जम्मा** | ७०० | १००० | ८०० | ७०० | ८०० | ४००० |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन्। नेपालमा संघीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना

तयार भई तीनै तहका सरकार क्रियाशील छन् ।कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ।

### ८.२.२ वर्तमान अवस्था

खाँडादेवी गाउँपालिकाले पाँच वर्षे गाउँ शिक्षा योजना तयार पारेको छ। गाउँपालिकाले शिक्षा ऐन,नियमावली निर्माण गरी कार्यान्वयन गरिसकेको छ । योजना निर्माणसँगै निर्दिष्ट उद्देश्य हासिल गर्न पालिकामा रहेका जनशक्ति परिचालन गरिनेछ । आवश्यक प्रयाप्त जनशक्ति व्यवस्थापनमा चुनौती रहेको छ । विगतमा तय गरिएका कार्यक्रम कार्यन्वयनमा प्राप्त सफलताले समन्वय र सहकार्यको आधारमा योजना कार्यन्वयन गरिने छ । सङ्घीय र प्रदेशको सशर्त अनदान तोकिएकै शिर्षकमा खर्च हुने भएकाले यस योजनामा पालिकाबाट विनियोजन हुने बजेटलाई प्राथमिकता प्रदान गरी कार्यक्रम तय गरिएको छ। योजाना कार्यन्वयको क्रममा आवश्यक कार्यविधि तथा मापदण्ड निर्माण गरिने छ। जनशक्तिको क्षमता विकासलाई प्राथमिकता दिई निर्माण गरेको योजनाको प्रबोधीकरण गरी कार्यन्वयनलाई गति प्रदान गरिनेछ।

### ८.२.३ मुद्दा, समस्या, चुनौती र अवसर

**मुद्दाः**

१. योजनाको प्रभावकारीता र दिगोपन,
२. शैक्षिक गुणस्तर सुधारमा पार्ने प्रभाव,
३. कार्यान्वयनको आधार।

**समस्याः**

१. योजनालाई आवधिक योजनासँग आवद्ध गर्न नसक्नु,
२. दक्ष जनशक्ति व्यवस्थापन गर्न नसक्नु,
३. कार्यन्वयनमा आउने प्राविधिक जटिलता,
४. वित्तिय प्रवन्धको कठिनाइ।

**चुनौतीः**

१. प्रयाप्त आर्थिक व्यवस्थापन,
२. भौगोलिक विकटता,
३. घट्दो विद्यार्थी सङ्ख्या,
४. मौसमि बसाँइसराइ,
५. छरिएर रहेका बस्ती,
६. स्रोतको दिगोपन,
७. दक्ष जनशक्तिको व्यवस्थापन,
८. समन्वय, सहकार्य र अपनत्व।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरूको संलग्नता र क्रियाशीलता,
३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न सक्ने।

### ५.२.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्यः**

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।

**रणनीति :**

१. बजेट तथा कार्यक्रम निर्धारण गर्दा दोहोरोपन नहुने सुनिश्चित गर्ने,
२. कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक विधि प्रक्रिया पुरा गर्ने वातावरण सृजना गर्ने,
३. निर्धारित कार्यक्रम कार्यन्वयनको स्थिति पहिचान गरी देखिएका समस्या समाधान गर्ने,
४. EMIS को प्रयोगलाई व्यवस्थित बनाउने,
५. विद्यालयका प्रशासनिक र व्यवस्थापकीय कार्यको उचित व्यवस्थापन गर्ने,
६. उत्तरदायित्वका औजारहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने,
७. अनौपचारिक तथा आजीवन सिकाइलाई व्यवस्थित बनाउने।

**कार्यनीतिः**

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरिने छ। (रणनीति १)
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गरिने छ। (रणनीति २)
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिने छ। (रणनीति ३)
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गरिने छ। (रणनीति ४)
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गरिने छ। (रणनीति ५)
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गराईने छ। (रणनीति ५)
७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाईने छ। (रणनीति ५)
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गरिने छ। (रणनीति ५)
९. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाईने छ। (रणनीति ६)
१०. सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत विकास गरिने छ। (रणनीति ७)

### ५.२.५ उपलब्धि र नतिजा

**उपलब्धि :**

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ।

**नतिजा:**

| क्र.स. | सूचक | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | EMIS अध्यवधिक गर्ने विद्यालय सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| २ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ३ | वि.व्य.स. र सि.अ.संघ गठन भएका विद्यालय सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ४ | विद्यालय सुधार योजना निर्माण भएका विद्यालय सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ५ | त्रैमासिक नतिजा विष्लेषण र समिक्षा गर्ने विद्यालय सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |

## ५.२.६ मुख्य क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | वार्षिक वजेट, कार्यक्रम र शैक्षिक क्यालेन्डर निर्माण सहजीकरण | पटक | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सृद्दढीकरणका लागि प्रविधिक सहायता | पटक | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ४ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्न समन्वय | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ५ | त्रैमासिक नतिजा विष्लेषण र समिक्षा गर्न प्राविधिक सहायता गर्ने | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |

## ५.२.७ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध गर्न आवश्यक अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | वार्षिक वजेट, कार्यक्रम र शैक्षिक क्यालेन्डर निर्माण सहजीकरण | २०० | २०० | २०० | २०० | २०० | १००० |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सृद्दढीकरणका लागि प्रविधिक सहायता | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ४ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्न समन्वय | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ५ | त्रैमासिक नतिजा विश्लेषण र समिक्षा गर्न प्राविधिक सहायता गर्ने | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| | **जम्मा** | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनःनिरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ।

शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्।

### ५.३.२ वर्तमान अवस्था

विद्यालयमा सञ्चालित योजना/कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनका लागि मात्र नभई विद्यालयमा विद्यार्थी सत्यापन, शिक्षण सिकाई क्रियाकलापको अवलोकन,सामाजिक परिक्षण, लेखा परिक्षण, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन, EMIS प्रविष्ट, दिवसीय कार्यक्रम सञ्चालन, क्षमता विकास कार्यक्रम आदिमा प्रशासनिक र व्यवस्थापकीय प्राविधिक सहायता उपलब्ध गराउन समेत अनुगमन तथा मूल्याङ्कन गरिन्छ।

### ५.३.३ मुद्दा, समस्या, चुनौति र अवसर

**मुद्दाः**

१. अनुगमन तथा मूल्याङ्कन कि नतिजामूलक र सहभागीतामूलक अनुगमन तथा मूल्याङ्कन,
२. अनुगमन तथा मूल्याङ्कनले पार्ने प्रभाव।

**समस्याः**

१. अनुगमन तथा मूल्याङ्कनमा प्राविधिक सहायता उपलब्ध गराउन कठिनाई,
२. देखिएका समस्या समाधान गर्न वित्तिय प्रवन्धमा कमि,
३. औपचारिकता मात्रै जस्तो हुनु,
४. समस्या समाधान गर्ने भन्दा पनि समस्या संकलन गर्ने जस्तो हुनु।

**चुनौतीः**

१. सूचकमा आधारित नतिजामूलक र सहभागीतामूलक अनुगमन तथा मूल्याङ्कन गर्न,
२. देखिएका समस्या दिर्घकालीन समाधान गर्न,
३. प्राविधिक सहायता सहितको अनुगमन तथा मूल्याङ्कन गर्न,
४. विद्यालयको संस्थागत क्षमता स्वःमूल्याङ्कनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरुको संलग्नता र क्रियाशीलता,
३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न नसक्नु,

४. पालिकास्तरीय र वडास्तरीय अनुगमन समिति रहनु,

### ५.३.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्यः**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु,
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

**रणनीतिः**

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने, (उद्देश्य १)
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने, (उद्देश्य २)
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने, (उद्देश्य २)
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने, (उद्देश्य २)
५. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने। (उद्देश्य २)

**कार्यनीतिः**

१. EMIS लाई व्यवस्थित बनाई तथ्याङ्क संकलन र विश्लेषणको लागि प्रयोग गरिने छ। (रणनीति १)
२. नतिजामूलक र सहभागीतामूलक अनुगमन र मूल्याङ्कनका लागि प्रविधिक सहायता सहितको सूचक निर्धारण गरिने छ। (रणनीत २)
३. प्रत्येक विद्यालयले मासिक रूपमा विद्यालय प्रगति प्रतिवेदन तयार गरी शिक्षा युवा तथा खेलकुद शाखामा पठाउने व्यवस्था मिलाईने छ। (रणनीत ३)
४. विद्यालयमा कार्यक्रम कार्यान्वयन गर्दा देखापरेका समस्या, चुनौती र मुद्दा हेर्न गाउँपालिकामा शिक्षा शाखा प्रमुखको संयोजकत्वमा विशेष समिति रहने छ जुन समितिले विद्यालयको अनुगमन निरीक्षण गरी विद्यालयका समस्या तथा चुनौती मूल्याङ्कन गरी गाउँ शिक्षा समितिमा पेश गर्ने व्यवस्था मिलाईने छ। ( रणनीत ४)
५. प्रधानाध्यापक विद्यालयको प्राज्ञिक र प्रशासनिक व्यक्ति भएकाले विद्यालयमा कार्यक्रम कार्यान्वयन, शिक्षक परिचालन, विद्यालयका गतिविधिको मूल्याङ्कनमा प्रमुख जिम्मेवार बनाइने छ।( रणनीत ४)
६. गाउँ शिक्षा योजनामा राखिएका अपेक्षित उपलब्धिहरुको अवस्था तथा कार्यक्रमको सूचकगत विश्लेषण र मूल्याङ्कन गर्ने परिपाटिको विकास गरिने छ। (रणनीत ५)
७. समग्र शैक्षिक कार्यक्रमको अध्ययन विशलेषण गर्न शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा एक अनुसन्धान समिति गठन गरी अनुसन्धान प्रतिवेदनका आधारमा थप कार्यक्रम सञ्चालन गरिने छ। (रणनीत ५)
८. सुशासन र पारदर्शीता कायम राख्न सामाजिक र आर्थिक लेखा परीक्षणका कार्यक्रम प्रभावकारी ढङ्गले परिचालन गरिने छ। (रणनीत ५)

### ५.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुने छ।

२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ।

**नतिजा**

| क्र.स. | सूचक | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण संख्या | १ | १ | १ | १ | १ |
| २ | सुचकको आधारमा अनुगमन तथा मूल्याङ्कन गरेको विद्यालयको सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ३ | त्रैमासिक र वार्षिक समिक्षा र प्रतिवेदन तयार गर्ने विद्यालयको सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयार गर्ने विद्यालयको सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ५ | EMIS अध्यवधिक गर्ने विद्यालयको सङ्ख्या | ४७ | ४७ | ४७ | ४७ | ४७ |

## ५.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | अनुगमन तथा मुल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | | | | | १ |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अध्यावधिक गर्ने | पटक | १ | | | १ | | २ |
| ३ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | निरन्तर | | | | | | |
| ४ | कार्यक्रम कार्यान्वयनको त्रैमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | EMIS अध्यावधिक गरी तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन | पटक | २ | २ | २ | २ | २ | १० |

## ५.३.७ अनुगमन तथा मूल्याङ्कनको क्रियाकलाप सञ्चालनको लागि आवश्यक बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | अनुगमन तथा मुल्याङ्कन संयन्त्र निर्माण | १०० | | | | | १०० |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अध्यावधिक गर्ने | १०० | | | १०० | | २०० |
| ३ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | | | | | | |
| ४ | कार्यक्रम कार्यान्वयनको त्रैमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ६ | EMIS अध्यावधिक गरी तथ्याङकको विश्लेषण र मूल्याङ्कन | २०० | २०० | २०० | २०० | २०० | १००० |
| | **जम्मा** | ८०० | ६०० | ६०० | ७०० | ६०० | ३३०० |

## ५.४ समन्वय र सहजीकरण

योजना निर्माण पश्चात् कार्यान्वयन चरणमा प्रवेश गर्छ। योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न सम्बद्ध सबै संयन्त्रहरुको उचित समन्वय, सहयोग र सहकार्यको आवश्यकता पर्दछ। योजना कार्यान्वयनमा कतिपय कार्यक्रमहरू सहजै कार्यान्वयन गर्न सकिने प्रकृतिका हुन्छन भने कतिपय कार्यक्रमहरू कार्यन्वयनमा चुनौती समना गर्नुपर्ने खालका हुन्छन। योजनाको कार्यान्वयन गर्दा देखापरेका समस्या, चुनौती र अवसरहरूको उचित निकास निकाल्न सम्बद्ध सरोकारवाला तथा विज्ञ पक्षहरुसँग आवश्यकतानुसार समन्वय र सहजीकरण गर्नु सान्दर्भिक हुन्छ।

हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको अधिकार क्षेत्रमा आधारभूत र माध्यमिक तहको शिक्षाको अधिकारको व्यवस्था गरेको छ। यसै अन्तर्गत औपचारिक तथा आजीवन सिकाइ, विशेष शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा लगायतका शैक्षिक अधिकारसमेत समावेश गरिएका छन्। यी सबै अधिकारको पूर्ण रुपमा कार्यन्वयन गर्न गाउँपालिका आत्मनिर्भर भइ नसकेको अवस्थामा यस्तो महत्वपूर्ण गाउँ शिक्षा योजना कार्यान्वयनमा प्रदेश र सङ्घीय सरकारको समन्वय र सहजीकरण आवश्यक हुन्छ। यस योजनाको कार्यान्वयनमा तपसील बमोजिमका तह र निकायहरुसँग समन्वय र सहजीकरण गरिने छः

१. सङ्घीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरु
२. प्रदेश सामाजिक विकास मन्त्रालय र अन्तर्गतका निकायहरु
३. शिक्षा सम्बद्ध विभिन्न सरकारी र गैह्र सरकारी सङ्घ/संस्थाहरु
४. अन्य सरोकार पक्षहरु तथा तहहरु

# खण्डः ६
# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

कुनै पनि योजना सफल रुपमा कार्यान्वयन गर्नको लागि आर्थिक स्रोतको सही पहिचान र परिचालन गर्नुपर्ने आवश्यकता रहन्छ । त्यसै गरी आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गर्न तथा बढ्दो जनआकांक्षा र आवश्यकताहरुलाई कुनै पनि योजनाले सम्बोधन गर्नै पर्दछ र त्यसरी सम्बोधन गर्दा विगतका उपलब्धि र अनुभव एवं वर्तमानको आवश्यकता र भविष्यको दृष्टिकोण र लक्ष्यको आधारमा केही पूरानो कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्ने तथा कतिपय नविन कार्यक्रमहरु थप गर्नुपर्ने हुन्छ । यस योजनामा निरन्तर तथा नयाँ कार्यक्रमहरुलाई समावेश गर्ने गरी वित्तीय योजना निर्माण गरिएको छ। विशेष गरी आधारभूत तथा माध्यमिक शिक्षामा गाउँपालिकाले जोड दिनुपर्ने देखिन्छ। शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन हितको लागि हुन्छ। नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने व्यवस्था गरेको छ। त्यसलाई कार्यान्वयन गर्नको लागि समेत यस योजनाले विशेष वित्तीय व्यवस्थापन गर्नुपर्ने देखिन्छ। शिक्षामा पर्याप्त लगानी गर्दा बालबालिकाको शिक्षामा सहज पहुँच स्थापित भई समतामूलक र न्यायमूलक समाज निर्माणमा विशेष सहयोग पुग्ने देखिन्छ। आन्तरिक आम्दानीमा स्थानीय तह सबल हुन नसक्दा सङ्घ तथा प्रदेशसँग समन्वय गरी वर्तमान समयको आवश्यकता बमोजिम शिक्षामा बजेट व्यवस्थापन गर्नु आवश्यक छ। शिक्षामा आवश्यक पर्ने आर्थिक स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा विनियोजन गर्ने, विनियोजन गरेपश्चात कसरी खर्च गर्ने र खर्च गरिएको क्षेत्रको उपलब्धि के कस्तो रहने जस्ता विषयहरुसमेत योजनामा समावेश गर्न खोजिएको छ।

## ६.२ वर्तमान अवस्था

शिक्षामा लगानी बढाउने आशयका साथ गाउँपालिकाका विभिन्न नीति तथा योजनाहरु निर्माण भएका छन्। नेपालको सङ्घीय तहबाट शिक्षामा जम्मा लगभग कुल बजेटको ११ प्रतिशत लगानी गरिएको अवस्था छ भने गाउँपालिकाले शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिई आ.व. २०८०/८१ मा कुल बजेटको ३८.४८ प्रतिशत लगानी शिक्षामा गरेको छ। यसरी हेर्दा गाउँपालिकाले शिक्षा क्षेत्रलाई विकासको प्रमुख पूर्वाधारको रुपमा अङ्गीकार गरेको पाइन्छ।

## ६.३ मुद्दा, समस्या, चुनौति र अवसर

**मुद्दाः**

१. सङ्घ, प्रदेश र स्थानीय तहबिच शिक्षामा लगानीको क्षेत्राधिकार,
२. अनुदानको प्रकृति र प्रभावकारिता,
३. बजेट विनियोजनका क्षेत्र र आधार।

**समस्याः**

१. शिक्षाका प्राथमिकताका क्षेत्रमा लगानीको दिगो स्रोत व्यवस्थापन हुन नसक्नु,
२. शिक्षा क्षेत्रमा गरिने लगानीको ठुलो हिस्सा तलब भत्तामा नै खर्च हुनु,
३. शिक्षामा लगानीको लागि सकारात्मक धारणाको विकासमा कठिनाई,
४. विनियोजनको कुशलता र कार्यान्वयनको दक्षताको अभाव,
५. शिक्षाको क्षेत्रमा गरिएको लगानीको लागत-लाभ विश्लेषण (Cost-benefit analysis) हुन सकेको छैन,
६. कार्यक्रमको दोहोरोपन हटाउन कठिनाई,
७. कार्यक्रमको निरन्तरता र दिगोपन।

**चुनौतीः**

१. राजश्वको दयरा विस्तार र अपेक्षित राजश्व संकलन गर्न,
२. विद्यालय शिक्षामा लगानी वृद्धि र दिगो स्रोतको व्यवस्थापन गर्न,
३. नीजि क्षेत्रबाट शिक्षामा गरिने लगानीलाई सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक बनाउन,
४. विद्यार्थीको सिकाइ तथा कुशलतामा वृद्धि गर्ने गरी आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्न,
५. वित्तीय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्न,
६. समानीकरण र विशेष अनुदान अनुमान गरे अनुसार प्राप्त हुने सुनिश्चित गर्न।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानूनि प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ संस्थाहरूको संलग्नता र क्रियाशीलता,
३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न सक्ने।

## ६. ४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्यः**

१. शिक्षा क्षेत्रमा आवश्यक बजेटको प्रक्षेपण गर्नु,
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु।

**रणनीतिः**

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने, (उद्देश्य १)
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने, (उद्देश्य २)
३. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शीता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने, (उद्देश्य ३)
४. लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने। (उद्देश्य ३)

**कार्यनीतिः**

१. सामाजिक विकास समिति, कार्यपालिका र गाउँसभालाई शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखि बजेट छुट्याउने गरी कार्यक्रमहरुको प्रस्ताव गरिने छ। (उद्देश्य १)
२. सामुदायिक विद्यालयमा कार्यरत गाउँअनुदान शिक्षक,बाल शिक्षक, का.स. र स.काको न्यूनतम तलब भत्ता र प्रोत्साहन बाफतको रकम गाउँपालिकाले आफ्नो स्रोतबाट व्यवस्था मिलाइने छ। (उद्देश्य १ र २)
३. प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षाको विकास गर्न गाउँपालिकाले आफ्नो लगानीमा विस्तार गर्ने छ। (उद्देश्य १ र २)
४. विद्यालयहरुलाई अनुदान प्रदान गर्नु पूर्व जुन शिर्षकमा अनुदान प्रदान गरिएको छ त्यसको खर्चको आधार तथा कार्यविधि निर्माण गरिने छ। (उद्देश्य ३)
५. मापदण्डका आधार्मा खर्च र प्रतिवेदन पद्धति अनलम्वन गरिने छ। (उद्देश्य ३)
६. विद्यालयका सम्पूर्ण आर्थिक क्रियाकलापहरु सफ्टवेयरमा आधारित बनाईने छ। (उद्देश्य ३)
७. भौतिक पूर्वाधार विकासका लागि संघीय सरकारको ६०%, प्रदेश सरकारको २०%र गाउँपालिकाको २०% लगानी गर्ने प्रबन्ध मिलाईने छ। (उद्देश्य ४)
८. शिक्षा क्षेत्रको शैक्षिक, भौतिक तथा प्रशासनिक विकास तथा गुणस्तरको लागि गाउँपालिकाले आफ्नो

समानीकरण अनुदानको कम्तिमा १५ प्रतिशत लगानी गरिनेछ। साथै सङ्घ/सस्थाहरुसँग लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्थापन गरिने छ। (उद्देश्य ४)

## ६.४ प्रमुख उपलब्धि

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने छ।

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ।

## ६.५ स्रोतको अनुमान र विश्लेषण

आवश्यकता र सामर्थ्य, नागरीकका अपेक्षा,नीति तथा कार्यक्रम आदिको आधारमा स्रोतको अनुमान तथा विश्लेषण गरिन्छ। नेपालको संविधान,२०७२, राष्ट्रिय शिक्षा नीति,२०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ,आवधिक योजना आदिलाई समेत ख्याल गरेर बजेट तथा कार्यक्रमहरुको तयारी गरिएको छ। यसबाहेक अनौपचारिक तथा आजीवन शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, पाठ्यपुस्तक तथा पाठ्यसामग्री, दिवाखाजा जस्ता कुराहरुलाई समावेश गरिएको छ। गाउँपालिकाको आन्तरिक आय र गाउँपालिकालाई सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान जस्ता स्रोतहरुलाई नीति, कार्यक्रम तथा बजेट बनाउँदा ख्याल गर्नुपर्ने कुरालाई यस योजनाले जोड दिएको छ।

## ६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

जनसङ्ख्या दिनानुदिन घट्दो क्रममा छ। आनुपातिक रुपमा विद्यार्थीको अवस्था पनि त्यस्तै छ। जनताको अपेक्षा स्थानीय सरकारसँग धेरै छन। विशेष गरी शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षा, अभिभावक शिक्षा, प्रारम्भिक कक्षाहरुमा पठन क्षमतामा वृद्धि, शिक्षकको पेसागत क्षमताको विकास जस्ता कुराहरुमा बजेट तथा कार्यक्रमहरु सञ्चालनको लागि माग बढी आउने गर्दछ।। हाल शिक्षामा सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, विभिन्न सङ्घ/संस्थाहरु लगायत, विभिन्न सामुदायिक क्षेत्रहरुले ठुलो लगानी गरेका छन्। स्थानीय तहले पनि शिक्षाको लगानीलाई उच्च प्राथमिकतामा राखेको छ। आगामी ५ वर्षको लागि खाँडादेवी गाउँपालिकाले शिक्षासँग सम्बन्धी प्रमुख क्षेत्रहरुमा सङ्घीय, प्रदेश सरकारबाट प्राप्त बजेट, समानीकरण अनुदान र आन्तरीक आम्दानी अन्तर्गत रहने गरी बजेट तथा कार्यक्रमहरुको आधारमा प्रस्तावित माथिका कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरिएको छ। सङ्घ र प्रदेशबाट प्राप्त बजेट तथा कार्यक्रममा दोहोरो नपर्ने गरी गाउँपालिकाबाट नीति, कार्यक्रम तथा बजेट निर्धारण गरिने छ। स्थानीय तहबाट विनियोजन हुने गरी तपसिलमा तय गरिएको बजेट सङ्घ र प्रदेशबाट विनियोजन हुने बजेटबाट पनि खर्च गर्ने गरी कार्यक्रम निर्धारण गरिएकाले कार्यक्रम दोहोरो नपर्ने गरी सो बजेटका लागि सङ्घ र प्रदेशबाट विनियोजन हुने बजेट प्रयोग गरिने छ।

### क. सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु हजारमा) (अनुदानका कार्यक्रम/क्रियाकलापको शिर्षक परिवर्तन हुन सक्ने छन्।)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | १३५९०० | १४९४९० | १६४४३९ | १८०८८३ | १९८९७१ | २१८८६८ |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | २६१०० | २८७१० | ३१५८१ | ३४७३९ | ३८२१३ | ४२०३४ |

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| ३ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ५९७८ | ६५७५.८ | ७२३३ | ७९५७ | ८७५२ | ९६२७ |
| ४ | CTEVT को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | ७०० | ७७० | ८४७ | ९३२ | १०२५ | ११२८ |
| ५ | केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पुर्वाधार व्यवस्थापन अनुदान | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ | १६१०५ |
| ६ | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | ४०० | ४४० | ४८४ | ५३२ | ५८६ | ६४५ |
| ७ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | १०९८ | १२०७.८ | १३२९ | १४६१ | १६०८ | १७६९ |
| ८ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | १६७६१ | १८४३७.१ | २०२८१ | २२३०९ | २४५४० | २६९९४ |
| ९ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ११३६ | १२४९.६ | १३७५ | १५१२ | १६६३ | १८२९ |
| १० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३१७२ | ३४८९ | ३८३८ | ४२२२ | ४६४४ | ५१०८ |
| ११ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ७४५० | ८१९५ | ९०१५ | ९९१६ | १०९०८ | ११९९९ |
| १२ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | १२५० | १३७५ | १५१३ | १६६४ | १८३० | २०१३ |
| १३ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | १०७३ | ११८० | १२९८ | १४२८ | १५७१ | १७२८ |
| १४ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | १२१४ | १३३५ | १४६९ | १६१६ | १७७७ | १९५५ |
| १५ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | २५७० | २८२७ | ३११० | ३४२१ | ३७६३ | ४१३९ |
| १६ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | ७९८ | ८७८ | ९६६ | १०६२ | ११६८ | १२८५ |

### ख. प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु. हजारमा)

| क्र. सं. | अनुदान प्राप्त क्रियाकलाप | बजेट | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| सशर्त अनुदान | | | | | | | |
| १ | एक विद्यालय एक नर्स कार्यक्रम संचालन | १९८४ | २१८२ | २४०१ | २६४१ | २९०५ | ३१९६ |
| २ | माध्यमिक तहमा शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयहरुमा अंगेजी/गणित/विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान | ५६८ | ६२४.८ | ६८७.३ | ७५६ | ८३१.६ | ९१५ |
| विशेष/ समपुरक अनुदान(अनुदानका कार्यक्रम/क्रियाकलापको शिर्षक परिवर्तन हुन सक्ने छन्।) | | | | | | | |
| १ | अति सिमान्तकृत समुदाय थामी र माझी अध्ययनरत बिद्यालयमा आवाशिय विद्यालय | ८००० | ८८०० | ९६८० | १०६४८ | ११७१३ | १२८८४ |
| २ | अति सिमान्कृत थामी र माझी समुदाय अध्ययनरत विद्यालयमा आवासीय विद्यालय संचालन | ९९०० | १०८९० | ११९७९ | १३१७७ | १४४९५ | १५९४५ |
| जम्मा | | २०४५२ | २२४९७ | २४७४७ | २७२२२ | २९९४४ | ३२९३८ |

### ग. स्थानीय सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु. हजारमा)

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | बजेट | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | १०१६७ | ११०९६ | १११५५ | ११५२४ | ११२९४ | ५५२३६ |
| २ | आधारभूत शिक्षा | ५९९२ | ६७३२ | ६६४२ | ६८३२ | ६८४२ | ३३०४० |
| ३ | माध्यमिक शिक्षा | १६०० | ३२१० | ३१४० | ३६५० | ३३५० | १४९५० |
| ४ | अनौपचारिक तथा आजीवन सिकाइ | ४५० | ५८० | ४५० | ६८० | ५८० | २७४० |
| ५ | प्राविधिक तथा व्यवसायिक शिक्षा | ६०० | २२८० | १९५० | ३१४० | २७१० | १०६८० |
| ६ | उच्च शिक्षा | ७१० | ११६० | ११३० | १२५० | १६५० | ५९०० |
| ७ | पाठ्यक्रम र मूल्याङ्कन | १०० | ३०० | २०० | ४०० | ३०० | १३०० |
| ८ | शिक्षक व्यवस्थापन र विकास | ९०० | ११०० | ९०० | ९०० | ११०० | ४९०० |
| ९ | शैक्षिक समता र समावेशीकरण | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| १० | दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ५०० | १००० | १००० | १००० | ७०० | ४२०० |
| ११ | आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा | ३९० | ६९० | ५९० | ३९० | ५९० | २६५० |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | ७०० | १३०० | १४०० | १५०० | २२०० | ७१०० |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ७०० | १००० | ८०० | ७०० | ८०० | ४००० |
| १५ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ८०० | ६०० | ६०० | ७०० | ६०० | ३३०० |
| | जम्मा | २६६०९ | ३४०४८ | ३२९५७ | ३५६६६ | ३५७१६ | १६४९९६ |

## खाँडादेवी गाउँपालिकाको ५ वर्षे गाउँ शिक्षा योजना निर्माण उपसमितिको नामवली

| समूह क | समूह ख | समूह ग | समूह घ | समूह ङ |
|---|---|---|---|---|
| संयोजकः | संयोजकः | संयोजकः | संयोजकः | संयोजकः |
| मखमली श्रेष्ठ | केशव प्रधान | मनोज पौडेल | सिरे तामाङ | प्रारम्भ: नारायण लामिछाने |
| सदस्यः | सदस्यः | सदस्यः | सदस्यः | अन्तिम: गौरवराज के सी |
| कष्ण बोहोरा | कृष्ण प्रसाद घिमिरे | चक्रलाल श्रेष्ठ | असिम श्रेष्ठ | सदस्यः कृष्ण प्रसाद पौडेल |
| सदस्यः | सदस्यः | सदस्यः | सदस्यः | सदस्यः |
| तेज बहादुर बोहोरा | देवराज तामाङ | रिप बहादुर खत्री | कुल बहादुर कार्की | राम बहादुर श्रेष्ठ |
| सदस्यः | सदस्यः | सदस्यः | सदस्यः | सदस्यः |
| गोपाल नेपाली | केशर श्रेष्ठ | रामकृष्ण श्रेष्ठ | जंगलाल तामाङ | डम्बर कार्की |
| सदस्य सचिवः | सदस्य सचिवः | सचिवः | सदस्य सचिवः | सदस्य सचिवः |
| भिम बहादुर मानन्धर | गणेश के सी | हरिनारयण श्रेष्ठ | प्रेमलाल रिजाल | पंकज सुनुवार |

## सन्दर्भ सामग्रीहरू


१. नेपालको संविधान,२०७२
२. स्थानीय सरकार सञ्चालन ऐन,२०७४
३. शिक्षा ऐन,२०२८(परिमार्जन सहित)
४. शिक्षा नियमावली २०५९(परिमार्जन सहित)
५. समावेशी आयोग नीति,२०७४
६. राष्ट्रिय शिक्षा नीति, २०७६
७. समावेशी शिक्षा नीति,२०७३
८. राष्ट्रिय गाउँ शिक्षा योजना प्रारूप,२०७६
९. राष्ट्रिय समावेशी आयोग ऐन,२०७४
१०. दशवर्षे विद्यालय शिक्षा क्षेत्र योजना (२०७८-२०८७)
११. बैकल्पिक सिकाइ सहजीकरण निर्देशिका,२०७७
१२. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रतिवेदन,२०७५
१३. प्राविधिक शिक्षा कार्यविधि
१४. पन्ध्रौं योजना आ.व.(२०७६/०७७-२०८०/०८१)
१५. अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन,२०७५
१६. दिगो विकासको लक्ष्यहरू, वर्तमान अवस्था र मार्गचित्र (२०१६-२०३०)
१७. राष्ट्रिय जनगणना, २०७८
१८. IEMIS Report २०८०
१९. अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन,२०७५
२०. अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी नियमावली,२०७७
२१. नेपाल सरकारको आ.व. २०८०/८१ को बजेट वक्तव्य
२२. खाँडादेवी गाउँपालिकाको २०८०/०८१ को बजेट बक्तव्य
२३. परशुराम नगर शिक्षा योजना (२०७८-०८७)
२४. मंगला गाउँपालिकाको १० वर्षे योजना खाका
२५. आलिताल गाउँपालिका शिक्षा योजना
२६. अजयमेरू गाउँपालिकाको नयाँ गाउँ शिक्षा योजना
२७. साँगुरीगढी गाँउपालिका शिक्षाा क्षेत्रको योजना
२८. पाख्रीबास नगरपालिका शिक्षा क्षेत्रको योजना
२९. स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन,२०७९(पहिलो संस्करण २०८१)